# बुद्ध र संस्कृति



लेखकः

भिक्षु अश्वघोष महास्थविर

Downloaded from http://dhamma.digital



लेखकः श्रद्धेय भिक्षु अश्वघोष महास्थविर

सुस्वास्थ्य तथा दीर्घायुको कामना ।

Downloaded from http://dhamma.digital

# बुद्ध र संस्कृति




लेखक:

भिक्षु अश्वघोष महास्थविर

**प्रकाशक**

बुद्धमाया मानन्धर तथा परिवार

बनेपा - ७, काभ्रे

Downloaded from http://dhamma.digital

**प्रकाशक**
बुद्धमाया मानन्धर तथा परिवार
बनेपा - ७, काभ्रे

**पुस्तकको नाम**
बुद्ध र संस्कृति

**प्रकाशन साल**
बु.सं. २५५२ वि.सं. २०६५
ने.सं. ११२८ ई.सं. २००८

**लेखक**
भिक्षु अश्वघोष महास्थविर

**संस्करण**
प्रथम संस्करण - १००० प्रति

## धर्म दान

**(दिवंगत पिता स्व. शंखलाल कर्मी मानन्धर तथा माता स्व. मायावेती मानन्धरलाई 'निर्वाण-कामना' सहित)**

**आवरण पृष्ठः** लुम्बिनीस्थित एउटा बिहार भित्र निर्मित 'गलत नहेर', 'गलत नसुन', 'गलत नबोल' भन्ने सन्देशमूलक तीन बाँदरको मूर्तिकला

**कम्प्युटर सेटिङ्गः** आदर्श कम्प्युटर, बनेपा, ☎०११-६६३८९३
**मुद्रकः** सर्वश्री क्वालिटी प्रिन्टर्स्, बनेपा, ☎०११-६६०५८५

Downloaded from http://dhamma.digital

# मेरो आफ्नै कुरा

पुस्तकको नाम "बुद्ध र संस्कृति" राखि दिएँ । सबैले बुझ्ने भाषामा त बौद्ध संस्कृति राख्नुपर्ने । बुद्ध संस्कृति र बौद्ध संस्कृतिमा धेरै फरक छ । प्रस्तुत पुस्तक पढिसकेपछि पाठक वर्गमा बुद्ध संस्कृति र बौद्ध संस्कृतिमा के फरक छ भन्ने कुराको जानकारी हुनेछ भन्ने विश्वास लिएको छु ।

बुद्ध संस्कृतिअनुसार मानिसले असल बन्नु पर्ने । मतलब मानिस इमान्दार, आध्यात्मिक र आर्थिक सम्पन्न हुनु जरुरी छ । अनि मात्र संस्कृतिको रक्षा र संरक्षण हुनसक्छ ।

बौद्ध संस्कृतिभन्दा जन्मदेखि मृत्युपर्यन्त संस्कार कर्मको व्याख्या हुन्छ । अर्थात् बौद्ध संस्कृतिका कर्मकाण्ड र अनेक पूजा विधिको चर्चा हुन्छ ।

यसमा मैले बुझेअनुसार बुद्ध संस्कृतिको व्याख्या र बुद्धले दिनु भएको सांस्कृतिक जीवनको झलक उल्लेख गर्ने प्रयत्न गरेको छु ।

म काठमाडौंको व्यस्त जीवन छोडी लुम्बिनीमा आएर अध्ययन र लेखनका साथै आराम पनि लिइरहेको छु ।

एक दिन काभ्रे, बनेपा-७ निवासी बुद्धमाया मानन्धर स-परिवार लुम्बिनी दर्शनार्थ आउँदा म बसेको शाक्यमुनि बिहार मै

Downloaded from http://dhamma.digital

बास बस्नुभयो । कुराकानीको सिलसिलामा 'लुम्बिनीमा बस्नु भई कुनै किताब लेख्नु भएको भए प्रकाशित गर्न हुन्थ्यो' भन्ने उहाँहरुको अनुरोध सुनेर औधी खुसी भएँ । मैले भने "बुद्ध र संस्कृति" नामक पुस्तक लेख्दैछु ।

उहाँहरुबाट प्रस्तुत पुस्तकको प्रकाशन खर्च र भाषा शुद्धि गर्ने काम समेत जिम्मा लिनु भएकामा उहाँहरुलाई हार्दिक धन्यवाद दिदैं सबैको सु-स्वास्थ्यको कामना पनि गर्दछु ।

२०६५ वैशाख २३ — भिक्षु अश्वघोष
माता तीर्थ औसी — शाक्यमुनि विहार लुम्बिनी

Downloaded from http://dhamma.digital

# प्रकाशकको तर्फबाट

वि.सं. २०३० सालमा बनेपामा ध्यानकुटी बौद्ध विहारको स्थापना भएपछि श्रद्धेय भिक्षु अश्वघोषबाट बनेपामानै बस्नुभई सशक्त बौद्ध जागरण शुरु गर्नुभयो । निरन्तर बनेपाको सम्पर्कमा रहनु भएका उहाँ काठमाडौं-बनेपाको व्यस्तता छाडेर अध्ययन, लेखन र आरामका लागि २०६४ माघमा बुद्ध जन्मभूमी लुम्बिनी जानुभयो । दुई महिनापछि हामी श्रद्धेय भिक्षु र लुम्बिनी दर्शनार्थ उहाँको लुम्बिनीस्थित निवास शाक्य मुनि विहारमा पुग्यौं र प्रस्तुत पुस्तक 'बुद्ध र संस्कृति' को प्रकाशनको अनुमति प्राप्त भयो ।

हामीलाई लागेको छ, सयौं पुस्तक लेखिसक्नुभएका विद्वान, बौद्ध भिक्षु महास्थविरबाट ८० वर्ष उमेर पार गरिसकेको अवस्थामा लेख्नु भएको यो पुस्तक बौद्ध धर्मावलम्बीहरुका लागि मात्र नभई सम्पूर्ण मानव जातिकै हित र कल्याणका लागि उपयोगी 'अमूल्य रत्न' सावित हुनेछ ।

पुस्तक लेखन अत्यन्त कठीन र गहन कार्य हो । हामी जोकोहीसँग त्यो क्षमता हुँदैन । लेखकबाट तयार भएको पुस्तक प्रकाशन मात्र गर्ने कार्य अत्यन्त सरल, सहज र सामान्य कार्य हो । हाम्रा पूज्य पिता स्व. शखलाल मानन्धर तथा माता स्व.

Downloaded from http://dhamma.digital

मायाबेती मानन्धरको निर्वाण-कामना तथा सम्पूर्ण मानव जगतको माङ्गलिक कामनासहित धर्मदान स्वरुप यो पुस्तक प्रकाशन गर्ने अवसर प्राप्त भएकोमा श्रद्धेय भिक्षुप्रति हामी सम्पूर्ण परिवार कृतज्ञ भएका छौं ।

पटक पटक गरी लुम्बिनीबाट बनेपासम्म यस पुस्तकको पाण्डुलिपी ल्याईपुऱ्याउने कार्यमा ध्यानकुटी विहार बनेपा निवासी श्रद्धेय भन्ते राहुलबाट प्राप्त सहयोगप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

प्रायजसो नेपाल भाषामा लेखी रहनुहुने श्रद्धेय भिक्षु अश्वघोषको यो नेपाली भाषामा लिखित पुस्तकमा शुद्धाशुद्धि र कम्प्युटर प्रुफ सच्याउने कार्यमा समेत चैतन्य वहुमुखी क्याम्पस, बनेपाका विद्वान प्राध्यापक द्वय श्री सेमन्तमणि भण्डारी तथा श्री श्यामप्रसाद भट्टराईको सहयोगको हार्दिक प्रशंसा सहित धन्यवाद ज्ञापन गर्दछौं ।

पुस्तकाकार रुप दिन आवश्यक कम्प्युटर सम्बन्धी सम्पूर्ण कार्यमा बनेपास्थित आदर्श कम्प्युटरका श्री उमेश मानन्धरको सहयोगको लागि पनि हार्दिक धन्यवाद व्यक्त गर्दै लेखक श्रद्धेय भिक्षु अश्वघोषको दीर्घायू तथा सु-स्वास्थ्यको लागि समेत कामना गर्दछौं ।

२०६५।६।१७

*बुद्धमाया मानन्धर तथा परिवार*
*बनेपा-७, काभ्रे*

# विषय सूची


१. बुद्ध र संस्कृति ........................................ १

२. बुद्धकालीन संस्कृति ........................................ ५

३. बुद्ध संस्कृतिको महत्व ........................................ ११

४. मंगल सूत्र ........................................ २४

५. पराभवसूत्र ........................................ २७

६. वसल सूत्र ........................................ ३१

७. बुद्धकालीन साँस्कृतिक परिस्थिति ........................................ ३४

८. आर्य संस्कृति ........................................ ३८

९. शान्तिको लागि मैत्री भावना ........................................ ६२

१०. बुद्धलाई किन सम्मान गर्छन ? ........................................ ७२

११. बुद्ध संस्कृतिको मूल शिक्षा नै प्रज्ञा हो ........................................ ८४

१२. निर्वाण र संस्कार ........................................ ९०


Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# बुद्ध र संस्कृति

संस्कृति विषय लेख्नु सजिलो काम होइन । विभिन्न थरीका विद्वानहरुका यस विषयमा विभिन्न थरीका विचार र परिभाषा छन् । तैपनि म आफ्नो विचार व्यक्त गर्ने प्रयास गर्दछु । सर्वप्रथम "संस्कृति" के चीजलाई भन्दछन् । त्यसको जानकारी पछि मात्र बुद्ध र संस्कृतिका बारेमा चर्चा गर्नु उपयुक्त होला । संस्कृति भन्नाले साधारण रुपमा जातीय चाल चलन, भेषभूषा, रीतिस्थिति भाषा, धर्म, साहित्य र विचार धारालाई लिइन्छ । कहिल्यै पनि परिवर्तन नहुने सधैं एउटै रुप लिइ स्थायी रहने धर्म समूहलाई संस्कृति भनिदैन । परिवर्तन र संस्करण हुने वस्तुलाई नै संस्कृति भन्छन् । साधारणतः संस्कृतिभित्र शिष्टाचार, सभ्यता नृत्य, संगीत, चित्रकला, शिल्पकला, मूर्तिकला आदि हुन्छन् । तर यी सबै पक्षहरु जीवन सम्बन्धी हुनुपर्छ । जनजीवनसँगै परिवर्तन हुनु संस्कृतिको लक्षण हो । बुद्धकालमा नाचगान आदिले जनजीवनलाई कुनै हित गरेन । त्यसैले बौद्ध अष्टशील संस्कृतिमा नाचगानलाई त्यति महत्व दिइएको देखिंदैन ।

प्रत्येक मानिसले आ-आफ्नो संस्कृति रक्षा गर्नको साथसाथै परिवर्तन र संस्करण गर्न पनि कर्तव्य सम्फनुपर्छ । संस्कृति रक्षा गर्नेहरुले यो विचार गर्नुपर्छ कि हाम्रो "संस्कृति" अरु देशको अगाडि राख्न सकिन्छ की सकिदैन । यो संस्कृति हाम्रो जीवन अनुकूल छ



Downloaded from http://dhamma.digital

कि छैन ! पहिलेदेखि उही स्वरुपमा आइरहेको छ कि परिवर्तन हुँदै आइरहेको छ भन्ने कुराहरुतर्फ ध्यान नदिई केवल हाम्रो संस्कृति मात्र भनेर समय र परिस्थितिको कदर गरिएन भने त्यो व्यक्ति र संस्कृति सभ्यलोकको लागि हास्यास्पद हुन जान्छ । किनकि 'संस्कृति' शब्दले नै स्पष्ट रुपमा स्वभावलाई व्यक्त गरेको छ । यसको एउटा विचित्र शक्ति के छ भने धेरै वर्षदेखि परिवर्तन हुँदै आए ता पनि यो 'त्यही हो' भनेर चिनिनु नै संस्कृतिको खास विशेषता मानिन्छ ।

आदिकालीन मानिसहरुतर्फ एकपटक दृष्टि दिने हो भने उनीहरुको संस्कृति त जंगलमा बस्ने, काँचो मासु खाने, नाङ्गै ठाँउ ठाँउमा घुम्ने थियो । त्यो बेलाको मानवहरु मिलिजुली काम गर्ने, साटेर खाने र तेरो मेरो भन्ने भावना नभएको अवस्थामा थिए । क्रमशः उनीहरुको विचारमा परिवर्तन आयो र पहिले गरी आएको काम र माम छोड्दै आए । मेरो तेरोको भावनाको वृद्धि हुँदै गयो । मस्तिष्कलाई चुपचाप राखेनन् । फलस्वरुप लुगा लगाउन थाले । जंगली जीवजन्तु र घाम पानीबाट वच्न छाना र पर्खाल बनाई घर बनाउन थाले । क्रमशः मानव विचार विकसित हुँदै आयो । 'तेरो र मेरो अनि म ठूलो छु' भन्ने भावना पनि बढ्दै आयो फलस्वरुप उसको मन साँगुरो र संकुचित हुँदै आयो ।

हाम्रो नेपाली संस्कृतिमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा धेरै परिवर्तन आएको देखिन्छ । तर नेपाली संस्कृति भन्नु पहिले र अहिले त्यही नै हो अर्थात् नेपाली नै हो ।

१९९० सालको भूईंचालोले नेपाली संस्कृतिमा धेरै परिवर्तन ल्याइदियो । यसले धेरै रीतिथिति बदलिदियो । २००७ साल पहिलेको



Downloaded from http://dhamma.digital

नेपालको अवस्था र वर्तमान नेपालको ढाँचा धेरै भिन्न भएपनि नेपाली संस्कृति नेपाली संस्कृति नै बनिरह्यो । किनकि नेपालीहरुको हृदय नेपाली नै रहँदै आएको छ ।

बुद्धको जन्म(भूमि) नेपालमा भएतापनि बुद्धले बुद्धत्व भारतमा पाए । तर बुद्ध शिक्षाको बुद्ध संस्कृति भारतमा छैन । त्यहाँ बुद्ध संस्कृतिको बीउ पनि रहेन भन्नुमा अत्युक्ति नहोला । किनकि बुद्ध संस्कृतिमा जातिभेद र अन्धविश्वासलाई स्थान छैन । त्यो अवगुण, दुर्गुण सबै भारतमा मौजुद छ । त्यही हावा नेपालमा पनि लागेको छ भन्नुपर्‍यो ।

गौतम बुद्धको परिनिर्वाण (मृत्यु) भएको एकसय वर्षमा भिक्षुहरुका बीचमा भेद देखिन थाल्यो । दुईसय वर्षपछि त्यो भेद १८ प्रकारका शाखा प्रशाखामा विभाजित भयो । त्यो बेला बौद्ध संस्कृतिको रुपरेखा विभिन्न ठाँउमा फैलिसकेको थियो । फलस्वरुप आ-आफ्नो विशेषता देखाउनको साथै बुद्धको अस्तित्व बिर्सी अरु वादको सम्मिश्रण भई (विकृतियुक्त) देखिन थाल्यो । यतिसम्म सम्मिश्रण हुन थाल्यो कि बुद्धद्वारा खण्डित वैदिक यज्ञहोम, मन्त्रादि पुरोहित विचार मनोवृत्तिले पुनः स्थान लिन शुरु गर्‍यो ।

जसको फलस्वरुप बुद्ध संस्कृतिको विशेषता नै लोप हुँदै गयो । आज हामीकहाँ त्यही रुप देखापर्न थालेको छ । यता यस्तो दशा छ, उता योनकहरुको आक्रमणले गर्दा बुद्ध संस्कृतिको केन्द्र ध्वस्त भई पुरातत्वको रुपमा परिणत भइ सकेको छ ।

गौतम बुद्धको परिनिर्वाण (मृत्यु) को दुईसय अठार (२१८) वर्षपछि फेरि एक चोटि धर्म र संस्कृतिको प्रभाव र प्रचार फैलेको थियो । सम्राट अशोक बुद्धको धर्ममा (संस्कृतिमा) दीक्षित भएकाले



Downloaded from http://dhamma.digital

उहाँले प्रत्येक बुद्ध साँस्कृतिक तीर्थस्थल भ्रमण गर्नुभयो । जहाँ जहाँ आफू जानुभयो । त्यहाँ त्यहाँ सम्राट अशोकको चिन्हको रुपमा शिलास्तम्भ स्थापना गर्नुभयो । जसले गर्दा पुरानो बुद्ध संस्कृति फेला पार्न वर्तमानमा पनि सहयोग पुगेको देखिन्छ ।

बुद्ध संस्कृतिमा सम्राट अशोकको ठूलो देन रहेको छ । वहाँले बुद्धका शिक्षालाई व्यवहारमा ल्याउनु भयो । अर्थात 'राजा नै प्रजाका रक्षक हुन्' भनी जनहितका काम गर्नु नै बुद्ध संस्कृति हो भन्ने तथ्य स्वीकार गर्नु भई बाटोको निर्माण, बाटोको दुईतिर रुख लगाउनु, अस्पताल निर्माण र सिचाईका लागि कुवाको व्यवस्था तथा जनताको पीर मार्का पोख्नको निमित्त दरवारको ढोका खुल्ला गरिदिनु भयो ।

सम्राट अशोक वास्तवमा व्यावहारिक बुद्धका अनुयायी हुनुहुन्थ्यो । उहाँले श्रीलंका, म्यानमार (वर्मा), थाइल्याण्ड आदि देशहरुमा आफ्नो राम्रो व्यवहार र आचरणका माध्यमबाट बुद्ध संस्कृतिको प्रचार गर्नुभयो । अन्तर्राष्ट्रिय जगतमा बुद्ध संस्कृतिको प्रचारको श्रेय सम्राट अशोकलाई नै छ ।

चीन, जापान र मंगोलिया आदि देशहरुमा पनि हामीकहाँ जस्तै मिश्रित बौद्ध संस्कृति उत्पन्न भएको अर्थात् कनिष्ट राजाको पालामा जन्मेको महासांघिक नामले प्रख्यात भएको (महायान) सम्प्रदाय (धर्म) को प्रचार छ । चीनमा सर्वास्ति वाद व्याप्त छ । मंगोलिया र (तिब्बत) जापानको महायान चीनको महायान भन्दा भिन्नै छ । चीन जापान आदि बौद्ध देशमा र हाम्रो नेपालको महायान, वज्रयान बौद्ध संस्कृति (सम्प्रदाय) मा धेरै फरक देखिन्छ । एउटै रुखको हाँगा भएर पनि हामीकहाँ धेरै फरक देखिएको छ । वैदिक संस्कृतिको सम्मिश्रणले गर्दा यस्तो भएको हो ।

# बुद्धकालीन संस्कृति

बुद्धकालीन संस्कृति मुख्य रुपमा दुई थरिका उल्लेख भएका देखिन्छन् । वैदिक संस्कृति र श्रमण संस्कृति अर्थात् बुद्धले प्रतिपादन गर्नु भएको संस्कृति । पालि दिघ निकाय ब्रह्मजाल सूत्र अनुसार ६२ प्रकारका दृष्टि भएका संस्कृतिहरु छन् । यहाँ विशेष रुपमा गौतम बुद्धले प्रतिपादन गर्नु भएको श्रमण संस्कृति वारे चर्चा गर्ने विचार भएपनि बुद्धकालीन संस्कृतिको पनि जानकारी दिनु उपयुक्त भएकोले उल्लेख गरेको छु । वैदिक संस्कृति ब्रह्मामा आश्रित र ब्रह्माको आधारमा स्थापित भएको जस्तो लाग्छ । यसमा ईश्वरको भरोसा गरी ब्रह्मालाई श्रृष्टिकर्ता मान्नु पर्नेरहेछ ।

ईश्वरको भरोसामा विश्वास गर्नु त पराधीन र परतन्त्रताको आधारमा पर्नु हो । ईश्वरको चाकडी गरी वरदान पाउनु र प्रसाद लिनु पनि संस्कृति हुँदो रहेछ । आचरण शुद्धि गर्ने होइन ।

बुद्धको संस्कृतिमा "अत्ताहि अत्तनो नाथो" अर्थात् आफ्नो मालिक आफै हो । बुद्ध त "अक्खा तारो तथागता" (बुद्ध) त मार्ग प्रदर्शक मात्र हो । वहाँले देखाएको बाटोमा गई आचरण राम्रो पार्न सके मात्र दुःखबाट मुक्त हुन सक्छ । श्रमण संस्कृति -श्रमण शब्द



Downloaded from http://dhamma.digital

पालि भाषामा "सम" र संस्कृतिमा 'श्रम' शब्दबाट उत्पन्न भएको हो जसको अर्थ परिश्रम गर्नु भन्ने हुन्छ । आफ्नै प्रयत्नबाट माथिसम्म पुग्नु आध्यात्मिक उन्नति गर्न समाजलाई सु-संस्कृत गर्न मार्ग प्रदर्शनको लागि त्यागी जीवन बिताई गाउँ-गाउँमा र नगर-नगरमा हिँडेर बाँच्नु यसको अर्थ हो । ईश्वरको भरोसामा न बसी ईश्वरलाई नै श्रृष्टिकर्ता न ठान्नु तथा ईश्वरको वरदानमा आशा न राखी आफ्नै सदाचरण र नैतिकताको बलद्धारा ईश्वर र ब्रह्मा वन्न सकिने छ भन्ने संस्कृति हो ।

बुद्धको कथन अनुसार जुन व्यक्तिमा शुद्ध मैत्री, करुणा, मुदिता (प्रसन्नता) र उपेक्षा (तटस्थताको) गुण हुन्छ ऊ ब्रह्मा बन्न सक्छ ।

भगवत् गीताका अनुसार भगवान् कृष्ण भन्नु हुन्थ्यो । "मामेव शरणम ब्रज" अर्थात् मेरा शरणमा आऊ अनि मुक्त हुन्छौ । बाइबल अनुसार क्राइष्ट पनि भन्नु हुन्छ- मेरो शरणमा आऊ, ममा विश्वास गर अनि सबै दुःख हरण हुन्छ । गौतम बुद्ध भन्नुहुन्छ - मानिसको उत्थान वा पतन आफ्नै कर्मको खेल हो । राम्रो र नराम्रो कामको जिम्मेवारी आफै हो अरु कोही हुन सक्दैन । जसले आफ्नो मनलाई राम्रोसँग वशमा राख्न सक्नेछ, त्यसैले ब्रह्मत्व र ईश्वरत्व प्राप्त गर्न सक्नेछ ।

*अत्ताहि अत्तनो नाथो कोहि नाथो परोसिया,*

*अत्तनाव सुदन्तेन नाथं लभति दुल्लभं । - (धम्मपद)*

अर्थात् आफ्नो भरोसा आफै हो । अरु कोही मालिक हुन सक्दैन । आफूले आफूलाई राम्रोसँग दमन गर्न सके आफ्नो मनलाई वशमा लिन सके हामीले सर्वोच्च तत्व प्राप्त गर्न सक्ने छौं । दुःखबाट

मुक्त हुन सक्छौं । कोही पनि व्यक्ति जात, गोत्र र धनले श्रेष्ठ, उच्च वा नीच हुन सक्दैन । चाहे ब्राहमण होस्, चाहे क्षेत्री, वैश्य या शूद्र होस् सबैलाई दुःखबाट मुक्ति प्राप्त गर्ने अधिकार छ तर सदाचार र नैतिकता सम्पन्न हुनु अनिवार्य छ । धर्माचरण र सदाचार हुनु मुख्य कुरा हो । बुद्धको शिक्षा अनुसार संस्कृति र मानवताका मूल आधार शुद्ध मन र चरित्रको पवित्रता हुनुमा छ । बुद्ध यही संस्कृतिका प्रतिपादक हुनुहुन्थ्यो । समानता र मानवता नै बुद्धको संस्कृतिको लक्षण हो ।

वैदिक संस्कृति चार वर्णाश्रममा आधारित छ । ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र । ब्राह्मण वर्ग धर्मशास्त्र अध्ययन र पठन पाठन तथा पुरोहित काम गर्नमा सीमित थिए । (अहिले त राजनीतिमा सीमित छ भन्नु पर्दा अत्युक्ति हुँदैन) क्षेत्री राज्य संचालनमा, वैश्य व्यापार र खेतीको काममा र शूद्र फोहोर सफागर्नमा संलग्न हुन्थे । वास्तवमा फोहर गर्नेहरु नीच हुनुपर्ने र फोहर सफा गर्नेहरु ऊँच (श्रेष्ठ) हुनुपर्ने थियो । जमाना बदलियो । आज भोलि त बाहुनहरुले राज्य संचालनमा अग्रस्थान लिइसके । यो कस्तो संस्कृति ? शुरुमा वैदिक संस्कृति अनुसार काम गर्न सजिलो होस् भन्ने मनसाय राखी कार्य र वर्ग विभाजन गरिएको थियो । जाति भेद वर्णभेद थिएन । पछि गएर बाह्मण वर्गले आफूचाहि ब्रह्माको मुखबाट, क्षेत्री पाखुराबाट, वैश्यहरु जाँघबाट र शूद्र ब्रहमाको पाउबाट जन्मेको हो भनी वर्णभेद र जातिभेदको परम्परा बसाली असमान र अमानवीय सिद्धान्तको प्रतिपादन गरिएको देखियो । शूद्रलाई ब्राह्मणको दास तुल्याइयो । अर्को अध्ययन गर्न योग्य कुरा के भने आध्यात्मिक उन्नति र



Downloaded from http://dhamma.digital

आचरण शुद्धि नगरी, चित्त शुद्ध नगरिकन नै शान्ति र ईश्वरत्व प्राप्त गर्न यज्ञ होम आदि कर्म काण्ड गरे हुन्छ भन्ने मान्यता बसालियो । यति मात्र कहाँ हो र, धर्म ग्रन्थमा उल्लेख भए अनुसार देवी देवता खुशी पार्न बली, नरबली समेत दिनुपर्ने चलन बसाली हिंसा र अनुचित कर्म गर्न अग्रसर गराइयो । अद्यापि नरबली दिइने कुरा यदा कदा सुन्न पाइन्छ । पशुवली त हामीकहाँ आज पनि चलिरहेकै छ । बाटो बाटैमा गणेश स्थान र नाशः देउताको स्थानहरुमा ठूलठूला राँगा काटेर रगत बगाउने चलन छ । यो कस्तो संस्कृति ? आज भोलि त खुशीको खबर सुन्न पाइन थालेको छ । बृद्धाश्रम क्याम्पस, स्वास्थ्य केन्द्र आदिको निर्माण गर्न महायज्ञ आयोजना गर्ने नयाँ संस्कृति शुरु भएको छ यो राम्रो कार्य हो । बुद्धको संस्कृति अनुसार आ-आफ्नो कर्म सुधार, शरीर वचन र मन शुद्ध पारी राम्रो काम गर्नु र शुद्धितिर ध्यान दिनुपर्ने देखिन्छ ।

तत्कालीन वैदिक संस्कृतिका विरोधीहरु अर्थात् यज्ञ होम पशुवली र कर्मकाण्ड विरोधीहरु श्रमण सांस्कृतिक सम्प्रदायहरु देखिन्छन् । पालि साहित्य मा उल्लेख भएका निम्न लिखित आचार्य धर्म प्रवर्तकहरु हुन् : पूर्णकाश्यप, मक्खलि गोसाल, अजित केश कम्बल, पंकुध कात्यायन, संजय बेलट्ठी पुत्र तथा निगन्थनाथ पुत्र ।

पालि त्रिपिटकमा उल्लेख भए अनुसार उपर्युक्त सबै आचार्यहरु ठूला र प्रसिद्ध थिए भने उनीहरु ठूलो संख्यामा अनुयायीहरु भएका थिए अहिलेका साईबाबा र रजनीश जस्तै । हाल निगन्थ नाथ पुत्र (जैन सम्प्रदाय) मात्र जीवित अवस्थामा रहेका छन् । अरु सबै लोप भइसके । किनभने उनीहरु कट्टर

ब्राह्मणबादका विरोधी र भौतिकवादी थिए । ब्राह्मण संस्कार र ब्राह्मणबाद निक्कै बलियो छ । त्यसैले बौद्ध समाजमा नब्बे प्रतिशत ब्राह्मणबाद र संस्कारले आफ्नो स्थान जमाई सक्यो ।

पूर्वोक्त तत्कालीन संस्कृतिका आचार्यहरुको संक्षिप्त परिचय

१. **पूर्णकाश्यप**- १० पुत्र पूर्ण भएकोले पूर्ण नाउँ भएको उच्छेदवादी अर्थात् नास्तिकवादी । पुण्य-पापको फल केही नमान्ने, वैदिक आत्मवाद र जैनको अति अहिंसावादको विरोधी ।

२. **मक्खली गोसाल**- धेरै गाई भएको गोठ मालिकको पुत्र र गोठमै जन्मेको हुँदा गोसाल नाम भएको । मालिकले मारवली मक्खली अर्थात नन्दसाल भन्दा भन्दै लडेर घिउको ध्याम्पो फुटाएको हुनाले मक्खली गोसाल नाम भएको । प्राणीको जन्म मरण, मानिसको शुद्ध र अशुद्ध हुनुलाई कुनै हेतु विना हुन्छ भन्ने अहेतुवाद, नियतिवाद र स्वभाव धर्मवाद ।

३. **अजित केश कम्बल**- (पिताद्वारा राखिदिएको नाम अजित हो) मानिसहरुका रौंको लुगा लगाउने भएकोले अजित केश कम्बल नाम भएको हो । उसको सिद्धान्त चार्वाक मिथ्यादृष्टि हो । मृत्यु पछि आफूले गरेको पाम कर्म भोग्नु नपर्ने । मृत्युपछि पृथ्वी, जल, तेज, वायु आकाश आदि आफैमा विलीन हुन्छन् भन्ने कुरामा विश्वास गर्ने व्यक्ति थियो । वैदिक संस्कृति परम्पराको विरोधी थियो ।

४. **पकुध कात्यायन**- यिनी कात्यायन गोत्री थिए भने पैतृक नाम पकुध थियो । शास्वतवादी आत्म नित्य सद्यकालीक भन्ने वादी । उहाँका सिद्धान्त अनुसार संसारका प्राणीहरु पृथ्वी,



Downloaded from http://dhamma.digital

जल, तातो, वायु, सुख, दुःख, जीव आदि कारणले संसारमा रहेका छन् । यी सात चीज रहेनन् भने संसार विनाश हुन्छ ।

५. **सञ्जय बेलट्ठीपुत्र**– आमा बुबाले राखिदिएको नाम सञ्जय, बुबाको नाँउ बेल भएकोले सञ्जय बेलठ्टी पुत्रका रुपमा यिनी परिचित थिए । जसले जे प्रश्न गरेपनि उत्तर दिन सक्ने विशेषता यिनमा थियो । न चाहिने कुरा गर्ने बानी यिनको थियो र परलोक छ छैन कुनै निश्चित सिद्धान्त यिनको थिएन ।

६. **निगन्थ नाथ पुत्र (जैन प्रवर्तक)**– यिनी समृद्ध परिवारको क्षेत्रीय राजकुमार थिए । यिनको यशोधरा नामको राजकुमारीसँग विवाह भएको थियो । पहिलो सन्तान छोरी जन्माई भनी विरक्तिएर गृहत्याग गरी निगन्थ निर्वस्त्र सम्प्रदायमा गएका थिए । अहिंसा परमो धर्म भन्ने सिद्धान्तका अनुयायी यिनको सिद्धान्त र संस्कृतिअनुसार मनको धर्म भन्दा शरीरले गर्ने कर्मको फल ठूलो हुन्छ भन्ने थियो । यिनी बुद्धको विचार जस्तो मनलाई प्रधानता दिंदैनथे । उहाँको सिद्धान्त र शिक्षा हो चतुर्याम । बुद्धको पञ्चशील जस्तै यिनले चारवटाशीलको शिक्षा दिएका छन् । जस्तै :

१. प्राणी हिंसाबाट बिल्कुल टाढा रहनु
२. असत्य कुरा गर्नुबाट टाढा रहनु
३. चोरी कामबाट बिल्कुल टाढा रहनु
४. वस्तु संग्रह (जम्मा गर्नु) बाट धेरै टाढा रहनु

श्रमण सिद्धार्थ गौतम माथि उल्लेख गरेका सबै प्रकारका सांस्कृतिक विचार धाराबाट असन्तुष्ट भई राजगृह हुँदै गया नजिकको उरुवेल जानु भएको थियो ।

# बुद्ध संस्कृतिको महत्व

फेरि एकचोटि बुद्ध र संस्कृति बारे चर्चा गरौं । संस्कृति एक गम्भीर विषय हो । यस विषयमा लेख्नु त्यति सजिलो छैन । अझ बुद्धको संस्कृतिका विषयमा लेख्नु त धेरै कठिन कार्य हो । यस विषयमा थरीथरीका विद्वान्हरुका भिन्न भिन्न विचार र परिभाषाहरु छन् । उदाहरणार्थ एउटा घटना प्रस्तुत गर्दैछु ।

श्रीलंकाबाट एकजना विद्वान् व्यक्ति आउनुभएको थियो । उहाँलाई स्वयम्भू घुमाउन लैजाँदा विष्णुमती नदीतिरको बाटो हुँदै जाँदा बिहानी-पख्व नदीका छेउ छाउमा केही व्यक्तिहरु मज्जासँग बसी दिसा गरिरहेको दृश्य देख्दा ती पाहुना महाशयले भनी हाले - तपाईको नेपालमा त प्राचीन पाषाण युगकै संस्कृति अहिलेसम्म सुरक्षित नै रहेछ । यो कुरा सुन्दा म लाजले केही बोल्न सकिनँ । मैले बुझेअनुसार बुद्धको संस्कृति सदाचार, चरित्र, शुद्धि र इमान्दारितामा आधारित छ । मतलब बुद्धको संस्कृति मानिसलाई असल मानिस बनाउनु हो । यसमा जातपात, छुवाछुट, साम्प्रदायिक भावना र पूर्वाग्रह आदिको केही गन्ध छैन । एकदम चित्तशुद्धि मात्र हो । समयसँगसँगै विकृतिहरु पैदा हुँदै हाल यसको साम्प्रदायिक कुसंस्कृतिको रुप लिन थाल्यो ।



Downloaded from http://dhamma.digital

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरिसकेपछि कपिलबस्तुस्थित घर घरको दैलोमा उभिई भिक्षा लिन जानुभएको देख्दा उहाँको पिता राजा शुद्धोदनले दिक्कमानी सोध्नु भएको थियो - 'सिद्धार्थ ! राजसंस्कृतिलाई किन अपमान गरेको? के तिमीले राजसंस्कृतिलाई विर्स्यौ ?'

अनि गौतम बुद्धले भन्नुभयो - 'महाराज, अब मेरो संस्कृति राज संस्कृति होइन, श्रमण संस्कृति हो । यसमा जाति भेद र वर्ण भेद छैन । यो त केवल मानवता र समानताको संस्कृति हो । श्रमण संस्कृतिलाई हामीले यसरी बुझ्न सक्छौं । श्रमण शब्द पालीभाषाको सम र संस्कृत भाषाको श्रम घातुबाट उत्पन्न भएको हो । जसको अर्थ परिश्रम गर्नु अर्थात् आफ्नै प्रयत्नबाट माथिसम्म पुग्नु, आध्यात्मिक उन्नति गर्नु, समाजलाई सुसंस्कृत गर्न मार्ग प्रदर्शनको लागि त्यागी जीवन बिताई गाउँ-गाउँ र नगर-नगरमा गई मानिसहरुको जीवन असल हुने खालको धर्म प्रचार गरेर स्वावलम्बी भई सदाचरण र नैतिकताको बलद्वारा आफै उत्तम असल व्यक्ति बन्न सक्नुपर्छ भन्ने खालको संस्कृति हो । तर आजभोलि संस्कृति भन्नाले साधारण रुपमा जातीय चालचलन, रीतिस्थिति र विचारधारालाई लिइन्छ । वास्तवमा कहिल्यै पनि परिवर्तन नहुने सधै एउटै रुप लिई स्थायी भइरहने स्वभाव समूहलाई संस्कृति भनिदैन । दयनीय अवस्थाका मानवलाई दुःखी जीवनबाट उच्चस्थान लैजाने परम्परालाई संस्कृति भनिन्छ । साधारणतया संस्कृतिमा शिष्टाचार, सभ्यता नृत्य, संगीत, चित्रकला, शिल्पकला आदि पर्दछन् । तर बुद्धको सांस्कृतिक विचार अनुसार जनजीवन सम्बन्धी विषय नै संस्कृति हो भने जनजीवनसँगै

परिवर्तन हुनु यसको लक्षण हो ।

अब जाऔं संस्कृतिको संरक्षणको लागि पूरा गरिनुपर्ने पूर्वाधारहरु तर्फ- बुद्धले बताउनु भएका पूर्वाधारहरुः-

१) पौष्टिक खानाको राम्रो व्यवस्था हुनुपर्छ । (आहार सप्पाय)

२) बस्ने ठाउँको राम्रो व्यवस्था हुनुपर्छ । (विहरण सप्पाय)

३) संगै बस्ने झगडालु र सरुवारोगी व्यक्ति नहुनु । (पुग्गल सप्पाय)

४) मौसम अनुकुल बस्त्र (लुगाफाटो) हुनुपर्छ । (उतुसप्पाय)

५) विचारधारा (मन) मिल्नुपर्छ । (अज्झाय सप्पाय)

उपरोक्त ५ वटा पूर्वाधार पूरा नभए संस्कृतिको संरक्षण हुन गाह्रो हुन्छ । पाँचवटा पूर्वाधारमा ठूलो समस्या विचारधारा नमिल्नु हो, अर्थात् मन नमिल्नु हो । बुबाछोरा बीच, दाजुभाइ बीच, पति-पत्नी बीच विचार नमिल्न सक्छ । अरु त के गुरु चेलाबीच पनि विचारधारा नमिल्न सक्छ । बुद्धको उपदेश र शिक्षाबारे आफ्ना चेलाहरुसँग मेरो आफ्नै पनि बिचार मिल्दैन । तापनि सहिष्णुता र समन्वय हुन सके विचारधारा नमिले पनि शान्तिपूर्वक बाँच्न सकिन्छ । हाम्रो नेपालमा परस्पर सहिष्णुता विद्यमान रहेको कारणले नै मुस्लिम, हिन्दू र बौद्धहरुमा साम्प्रदायिक झगडा भएको देखिँदैन । सहिष्णुता र समन्वय नभए साम्प्रदायिक झगडा हुनसक्छ । पूर्वाग्रह भए पनि विचारधारा मिल्न गाह्रो हुन्छ । उदाहरणको लागि बुद्ध धर्ममा महायान, हीनयान(थेरवाद), वज्रयान आदि साम्प्रदायिक रुपमा विभाजन भएका छन् । नेपालका एउटै दर्शनबाट स्थापित राजनीतिक पार्टीहरु टुक्राटुक्रा भएर विभाजित भए झैं भएको छ । संकीर्ण विचारधारा अत्यन्त



Downloaded from http://dhamma.digital

खतरा पूर्ण हुन्छ ।

बुद्धको संस्कृतिमा सदाचार, नैतिकता र चित्त शुद्धिको अत्यन्त ठूलो महत्व रहेको छ । बुद्धको जन्म नेपालमा भएतापनि बौद्ध संस्कृतिको जन्म र प्रचार भारतमा भयो । अब त्यो संस्कृति भारतमा पनि बाँकी रहेन । त्यहाँ बुद्धकालीन विहारहरुका भग्नावशेष मात्र बाँकी छन् भने केही नयाँ बुद्ध विहारहरु पनि बनेका छन् । श्रीलंकाका अनगारिक धर्मपालले महाबोधि सोसाईटी स्थापना गरी बुद्धको संस्कृतिको पुनर्जागरण गर्नुभएको छ । भारतीय विद्वान् डा. अम्बेडकरले पनि लाखौं अनुयायीसँगै बुद्धका अनुयायी बनी बुद्धको संस्कृतिको पुनर्जागरण गर्नुभएको छ । अर्का उल्लेखनीय व्यक्तित्व सत्यनारायण गोयन्काले बुद्धले सिकाउनु भएको मानिसलाई असल मानिस बनाउने 'विपश्यना ध्यान' म्यान्मार (बर्मा) बाट भारत ल्याएर अन्तरमुखी हुनुपर्ने विपश्यमा ध्यान प्रचार गरी बुद्धको संस्कृति पुनर्जागरण गर्नुभएको छ । वहाँले नेपाल लगायत अन्तर्राष्ट्रिय जगतमा बुद्धको संस्कृति पुनर्जागरण गर्नु भएकोछ ।

बुद्धको संस्कृतिको मुख्य उद्देश्य चित्त शुद्ध गर्ने विषयः

*सब्ब पापस्स अकरण कुसलस्स उपसम्पदा,*
*सचित्त परियोदपनं एत बुद्धान सासन ।*

अर्थात् सबै प्रकारका पाप कर्म नगर्नु, राम्रो काममा लाग्नु, अनि आफ्नो चित्त शुद्ध गर्नु यही नै बुद्धको मूल शिक्षा र संस्कृति हो ।

सारांशमा भन्ने हो भने पापकर्म नगर्ने, धर्म कर्म गर्ने भएर मात्र पुग्दैन । मुख्य कुरो त चित्त शुद्ध हुनुपर्ने रहेछ । तर चित्त शुद्ध

हुनुपर्छ भन्ने कुरालाई अधिकांश मानिसहरुले बुझेका छैनन् र यसका बारेमा बुझ्न सजिलो पनि छैन । उदाहरणको लागि यसै बुद्धकालीन एउटा घटना प्रस्तुत गर्नु सान्दर्भिक ठान्दछु ।

बुद्धको प्रमुख दाता श्रावस्तीवासी अनाथ पिण्डिक सेठ (साहु) कहाँ धेरै दास दासीहरु पालिएका थिए । एकदिन पूर्णिका नाम गरेकी एउटी दासी पुष महिनाको जाडोमा बिहान सबेरै नदीमा पानी लिन गइछे । त्यहाँ एकजना ब्राह्मण बाजे पनि नदीको चीसो पानीमा थर थर काँम्दै स्यू, स्यू गर्दै डुबुल्की लगाई नुहाइरहेको देखेर दासीले सोधिछे 'होइन ए बाजे, म त यहाँ एका बिहानै मेरो मालिकले पानी लिन गइन भनेर गाली गर्लान् भन्ने डरले पानी लिन आएकी  तर तपाई चाहिं कसको डरले यस्तो मुटु काम्ने जाडोमा थर थर काप्दै चीसो पानीमा डुबुल्की लगाइराख्नु भएको ?'

बाहुनले भनेछन् - 'कसैको डरले पनि होइन । म त पापसँग डराएर नुहाउन आएको हुँ र यो त हाम्रो संस्कृति पनि हो । नदीमा नुहायो भने यो पवित्र पानीले हाम्रा सबै पाप बगाएर लान्छ नि । थाहा छैन तिमीलाई ?" अनि पूर्णिकाले भनिन् "बाजे नदीमा नुहाउँदैमा सबै पाप पानीले बगाएर लैजाने भए त्यस पानीले धर्म ( पुण्य) पनि बगाएर लैजान्छ नि, बाजे तपाईले राम्ररी कुरै बुझ्नु भएको रहेनछ । बुद्धको शिक्षा र संस्कृति अनुसार मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ अनि मात्र धर्मको रक्षा र संस्कृतिको पनि संरक्षण हुन्छ । अन्यथा पाप काटिएर जाला भनी आशा नै गर्नु पर्दैन । बाजे नुहाउँदैमा पाप काटिने भए सधैं यही नदीको पानीमा बस्ने माछा, भ्यागुता र गोहीजस्ता प्राणीहरु त झन् पापबाट मुक्त



Downloaded from http://dhamma.digital

भई धर्मात्मा हुन्छन् होला नि होइन र ? यो कुरा सुनेपछि ब्राह्मण टोलाउदै विचार गरे, मैले यो केही नजानेकी अशिक्षित भन्ठानेको त यो केटीले नौलो संस्कृतिको कुरो पो गर्दिरहिछिन् । साँच्चै हो नुहाउँदैमा नदीको पानीले पाप वगाएर लान्छ भने त्यस पानीले धर्म पनि त वगाएरै लान्छ नि । पानीले धर्म र पापलाई कसरी छुट्ट्याउन सक्ला र ? पानीको स्वभाव नै बग्नु र बगाउनु हो ।

अनि ब्राह्मणले सोधे, 'ए नानी, यस्तो अनौठो कुरा कहाँबाट सिक्यौ हैं तिमीले ?'

पूर्णिकाले भनिन्, 'हाम्रा गुरु भगवान् बुद्धले उपदेश दिनु हुँदा सधैं चित्त शुद्ध हुनुपर्छ भन्नु हुन्थ्यो उहाँकै उपदेश सुनी यी अमूल्य कुराहरु मैले सिकेकी हुँ ।' यो कुरा सुनी बाजेले यो चित्त शुद्ध हुनुपर्छ भनेको त राम्रो संस्कृति हो भन्दै यस कुरालाई स्वीकार गरे । अर्को अध्ययन गर्न योग्य कुरा के छ भने आध्यात्मिक उन्नति र आचरण शुद्ध नगरीकन, चित्त शुद्ध नगरीकन शान्ति र परमसुख प्राप्त गर्ने अभिलाष लिई यज्ञ होम आदि कर्मकाण्ड गर्नु राम्रो संस्कृति हुन सक्दैन । यतिमात्र कहाँ हो र धर्म ग्रन्थमा उल्लेख भए अनुसार देवी देवता खुशी पार्न पशु र मानिसलाई समेत हत्यागरी धर्मका नाममा हिंसा कर्म गर्न अग्रसर भए । आजभोलि पनि नर बली दिइने कुरा यदा कदा सुन्न पाइन्छ । पशुबली त हामीकहाँ आजभोलि पनि चलिरहेको छ । बाटो बाटोमा नाशद्यो (देउता) का स्थानहरुमा ठूलठूला राँगा काटेर बली दिइरहेको दृश्य अनि रगत बगाउने संस्कृति आजसम्म पनि चलिरहेकै छ । एक पटक दक्षिण भारतका ठूला विद्वान ब्राह्मण आएका थिए । त्यो बली दिइरहेको

दृश्य देख्ने बितिकै उनी चिच्याउँदै कराउन थाले "अरे म त महापापी देशमा पो आइपुगेछु, यो बुद्ध जन्मेको र पशुपतिको देशमा कस्तो खालको पापी संस्कृति हेर्नु परेको" भन्दै उनी त्यही दिन भारततर्फ फर्के । मानिसहरुले आ-आफ्नो शरीर, वचन र मन शुद्ध पारी राम्रो काम गरी चित्त शुद्ध गर्ने तर्फ ध्यान दिँदै कर्म सुधार गरेको देखिदैन ।

अब गौतम बुद्धको व्यक्तित्व बारे फेरि केही जानकारी र परिचय लिऔं । श्रमण गौतमले ज्ञान लाभ गर्नुभएपछि आफूले प्राप्त गरेको र अनुभव गरेको शुद्ध संस्कृतिको परिचय दिनुहुँदै भन्नुभयो- "मैले जान्नुपर्ने चतुआर्य सत्यबारे ज्ञान हासिल गरिसकें । त्यसपछि त्यो ज्ञान र नयाँ संस्कृतिलाई खुब अभ्यास गरेर हेरें । अनि महशुस भयो कि शुद्ध संस्कृति स्थापना गर्नका लागि पुराना नराम्रा कुसंस्कार र परम्पराहरुलाई त्यगिदिन पर्दो रहेछ । तसर्थ पुराना कु-संस्कारहरुलाई मैले आफ्नो हृदय देखि निर्मूल पारिदिएँ । अनिमात्र मैले बुद्धत्व प्राप्त गर्न सफल भएँ" ।

बुद्धको यस भनाईबाट हामीले के बुझ्न सक्छौं भने बुद्धले प्रतिपादन गर्नु भएको संस्कृतिमा पूर्वाग्रह र साम्प्रदायिकता तथा अनैतिकतालाई कुनै स्थान छैन । उहाँको संस्कृतिमा (क) शील (सदाचार) ख) समाधि (चित्त एकाग्रता) र (ग) प्रज्ञा (विवेक बुद्धि) ले ठाउँ ओगटेको छ । आजकाल जति पनि अनैतिकता र भ्रष्टाचार संस्कृतिको बातावरण र विकृति देखिन्छ, यो सबै शील (सदाचार) को अभाव ले गर्दा भएको हो ।

अब बुद्ध संस्कृतिको महिमाबारे चर्चा गरौं बुद्धको संस्कृतिमा



Downloaded from http://dhamma.digital

आध्यात्मिक चारकुराहरु उल्लेखनीय छन् । क) मैत्री (मित्रता) ख) करुणा (असहायप्रति दया) ग) मुदिता (अर्काको उन्नति देखेर प्रसन्न हुने चित्त) घ) उपेक्षा (तटस्थता) आदि । यी चार वटा गुण धर्महरुको अभावले गर्दा समाजमा हिंसा, अशान्ति र आतंकको बातावरणले छाएको छ । जति भएपनि सन्तुष्ट नहुने असन्तुष्ट तृष्णा र आधार भूत आवश्यकताको अभावले पनि अशान्ति भइराखेको छ र उपेक्षा रुपी आध्यात्मिक गुणलाई व्यवहारमा प्रयोग गर्न सकेमात्र संस्कृति सुरक्षित हुन्छ र शान्ति मिल्छ ।

बुद्धको सांस्कृतिक विचारधारा अनुसार बुद्ध संस्कृतिमा अन्धविश्वास, मिथ्यादृष्टिलाई कुनै ठाउँ देखिदैन । यस कुरा बुझ्नको लागि बुद्धले दिनुभएको उपदेश तीर्थायतन सूत्र अंगुत्तर निकायबाट संक्षिप्त रुपमा उद्धृत गरि राखिदिएको छु ।

## तीर्थायतन सूत्र (अबौद्ध विश्वास)

भिक्षुहरु ! यी तीन तीर्थकहरुको अबौद्धहरुको मत ( विश्वास) यस्तो छ जुनकि विद्वान्हरुको छलफल गर्दा, चर्चा गर्दा आचार्य परम्पराअनुसार जुन ठाउँमा गएर रोकिन्छ त्यहाँ पुग्दा कुनै कामको नहुने, फाइदा नहुने निष्कर्ष हुन्छ । ती तीन के के हुन् :-

१) भिक्षुहरु ! कुनै श्रमण ब्राहमणहरुको यो मत (विश्वास) छ, यो दृष्टि छ किः- "कुनै मानिसले जुनसुकै सुख दुःख वा असुख-अदुःख अनुभव गर्छन् त्यो सबै अघिको कर्मको फलस्वरुप अनुभव गर्छन्"।

२) भिक्षुहरु ! कुनै श्रमण ब्राह्मणहरुको यो मत (विश्वास)

छ, यो दृष्टि छ किः- "कुनै मानिसले जुनसुकै सुख दुःख वा असुख अदुख अनुभव र भोग गर्छन् त्यो सबै ईश्वरले निर्माण गरेको कारणले अनुभव गर्छन् ।

३) त्यस्तै विनाकुनै हेतु र विना कुनै कारणले अनुभव गर्छन् त उनीहरु कहाँ म गएर भन्छु कि के साँच्चै नै तिमीहरुको मन र विश्वास हो कि कुनै मानिसले जुन सुकै सुख दुःख अनुभव गर्छन् त्यो सबै पूर्वकर्मले ....... ईश्वरले निर्माण र विना कुनै हेतुको कारणले अनुभव गर्छन् ?

मैले यसरी सोधेपछि उनीहरुले "हो" भनी उत्तर दिन्छन् । अनि म उनीहरुलाई भन्छु- त्यसो भए आयुष्मान् हो ! तिमीहरुको मत र दृष्टिअनुसार -पूर्वकर्म अनुसार, ईश्वरले ! ....... विना कुनै कारणले नै मानिसहरु प्राणीहिंसा गर्ने हुन्छन्, चोरी गर्ने गर्छन्, विना कुनै कारणले भ्रष्ट हुन्छन्, झुठ बोल्ने हुन्छन्, कडा बोल्ने, व्यर्थ कुरा गर्ने, लोभी हुने हुन्छन्, ईर्ष्यालु हुन्छन्, मिथ्यादृष्टि हुन्छन् भने विरामी हुँदा पनि औषधी नगरे हुन्छ । यो गर्नु हुन्छ, यो गर्नु हुँदैन भन्ने बारे शिक्षा दिनु उपदेश दिनु त काम नलाग्ने भयो । संकल्प हुँदैन, प्रयत्न गर्नु नै हुँदैन । जब यो गर्नु हुन्छ , यो गर्नु हुँदैन भन्ने विषयमा यथार्थ ज्ञान नभएपछि यस्तो मूर्खबुद्धि असंयमीहरुले आफूले आफूलाई धार्मिक श्रमण भन्नु मिल्दैन ।

भिक्षुहरु ! यस्तो विश्वास, यस्तो दृष्टि धारण गर्ने श्रमण ब्राहमणहरुको धारणा र विश्वास निन्दनीय छ, त्यागनुपर्छ । कुनै सार छैन । भिक्षुहरु ! यो धर्म उपदेश दिएको छु जुन निन्दनीय छैन, अशुद्ध छैन, पवित्र, शुद्ध छ । कुनै विद्वान ब्राह्मणहरुले यसमा



Downloaded from http://dhamma.digital

दोष देखाउन सक्दैनन् ।

भिक्षुहरु ! यी मैले उपदेश दिएको धर्मका ६ धातु निन्दनीय छैनन् । यी ६ स्पर्श आयतनहरु हुन्, यी अठार मनको विचरण हुन् (चरित्र) र श्री चार आर्यसत्य हुन् ।

भिक्षुहरु ! मैले जुन यो छ धातु भनेर धर्मदेशना गरेको छु, यो ६ धातु हो पृथ्वी धातु, आपो धातु (पानी), तेजोधातु (तातो), बायोधातु (हावा), आकाशधातु तथा विज्ञान धातु / भिक्षुहरु ! यो ६ धातुको बारेमा मैले उपदेश दिएको छु जुन निन्दनीय छैन, मैलो छैन । परिशुद्ध तथा विद्वान (बिवेक बुद्धि भएका) श्रमण ब्राह्मणहरुले यसमा दोष देखाउन सक्दैनन् ।

त्यो कुन ६ स्पर्श आयतनको विषयमा भनेको हो ? भिक्षुहरु ! यी ६ स्पर्श आयतन हो :- चक्षु (दृष्टि) स्पर्शायतन, श्रोत (कान) स्पर्शायतन, घ्राण (नाक) स्पर्शायतन, जिह्वा (जिब्रो) स्पर्शायतन, काय (शरीर) स्पर्शायतन, मन स्पर्शायतन, (आँखा कान, नाक, जिब्रो, मुख, शरीर र मन (चित्त)) ।

भिक्षु ! मैले यी छ स्पर्शायतन भनेर जुन धर्म उपदेश गरेको छु यो उपदेश निन्दनीय छैन, अशुद्ध छैन, परिशुद्ध छ तथा विद्वान श्रमण ब्राह्मणहरुले दोष देखाउन सक्दैन । त्यो यिनै छ स्पर्शायतनको विषयमा भनेको हो ।

भिक्षुहरु ! मैले यो अठार मनको विचरण (व्यवहार) भनेर जुन धर्म उपदेश दिएको छु यो धर्म निन्दनीय छैन, धमिलो छैन, परिशुद्ध तथा कुनै विद्वान श्रमण ब्राह्मणहरुले दोष देखाउन सक्दैनन् । त्यो अठार मन विचरणको विषय भनेको के हो भनेः

आँखाले रुपलाई देख्ता प्रसन्न हुने विषयमा चंचल हुन्छ, दुखित हुने विषयमा कल्पना हुन्छ, उपेक्षा हुने विषयमा विचरण गर्छ (मनमा कल्पना हुन्छ), उपेक्षा हुने विषयमा विचरण गर्छ भन्नाले कानले शब्द सुनेर, नाकले गन्ध सुँघेर, जिब्रोले स्वाद लिएर, शरीरले स्पर्श गरेर, मनले मनको विषयमा अनुभव गरेर प्रसन्न हुने विषयमा चिन्तन गर्छ, अप्रसन्न हुने बेला दुःखित हुने विषयमा उपेक्षा हुने विषयमा मन चंचल हुन्छ । भिक्षुहरु ! यो अठार मनको (चरित्र) विचरण भनेर जुन धर्म देशना गरेको छु, जुन उपदेश निग्रहित छैन, संक्लिष्ट छैन, परिशुद्ध तथा कुनै विद्वान श्रमण ब्राह्मणहरुले दोष देखाउन सक्ने खालको छैन । अठार मनको विचरण भनेको यही विषय हो ।

भिक्षुहरु ! मैले यो चार आर्यसत्य भनेर जुन धर्म देशना गरेको छु यो उपदेश निन्दनीय छैन, दोष छैन, परिशुद्ध छ तथा कुनै विद्वान श्रमण ब्राहमणहरुले यसमा दोष देखाउन सक्दैनन्, यो कुन आर्यसत्यको विषयमा भनिएको हो भने भिक्षुहरु ! छ धातुहरु रहेको हुनाले गर्भ रहन्छ, गर्भ रहेपछि नाम-रुप (मन र शरीर), नामरुप भएपछि छ आयतन (आँखा, कान, नाक, जिब्रो शरीर र मन) हुन्छ र यसपछि स्पर्श हुन्छ । स्पर्श भएपछि बेदनाको अनुभव हुन्छ । त्यसैको सम्वन्धमा भिक्षुहरु ! मैले दुःख भनी घोषणा गर्दछु, दुःख समुदय (उत्पत्ति) को घोषणा गर्दछु, दुःख निरोधको तर्फ लाने मार्गको घोषणा गर्दछु ।

**भिक्षुहरु ! दुःख आर्यसत्य के हो ?**

जन्म हुनु दुःख हो, बुढो हुनु दुःख हो, रोगी हुनु दुःख हो,



Downloaded from http://dhamma.digital

मृत्यु हुनु दुःख हो, शोक हुनु दुःख हो, रुनु कराउनु दुःख हो, पीडित हुनु दुःख हो, चिन्तित हुनु, हैरान हुनु दुःख हो, इच्छा गरेको पूरा नहुनु दुःख हो । संक्षिप्तमा भन्ने हो भने पाँच उपादान स्कन्ध (रुप, बेदना, संज्ञा, संस्कार, विज्ञान) नै दुःख हो । भिक्षुहरु ! यसलाई दुःख आर्यसत्य भन्छन् ।

भिक्षुहरु ! दुःख समुदय (दुःखको कारण) आर्यसत्य भनेको के हो भनेः अविद्या (अज्ञानता) भएपछि संस्कार (बानी), संस्कार भएपछि विज्ञान, विज्ञान भएपछि नाम-रुप, नाम-रुप भएपछि छ आयतन, छ आयतन भएपछि स्पर्श, स्पर्श भएपछि वेदना, वेदना भएपछि तृष्णा, तृष्णा भएपछि उपादान (आसक्ति), उपादान भएपछि भव(संसार), भव भएपछि जन्म, जन्म भएपछि बुढो, बुढो भएपछि मृत्यु । मृत्युपछि शोक, रुनु, कराउनु, दुःख, मानसिक चिन्ता तथा हैरान हुन्छ । यसरी यी सारा दुःख स्कन्ध(समूह) को उत्पति हुन्छ । भिक्षुहरु ! यिनै क्रमलाई दुःख समुदय आर्यसत्य भनिन्छ ।

भिक्षुहरु ! दुःख निरोध आर्यसत्य के हो ? अविद्या नै सम्पूर्ण विराग भएर निरोध भएपछि संस्कारहरु निरोध हुन्छन् । संस्कारहरुको (बानी बसिसकेको) निरोध भएपछि विज्ञान (जानकारी) निरोध हुन्छ । विज्ञान निरोध भएपछि नाम-रुप (मन र शरीर) निरोध हुन्छ । नामरुप निरोध भएपछि आयतन(आँखा श्रोत) आदि निरोध हुन्छ । आँखा, कान आदि छ आयतन निरोध भएपछि स्पर्श निरोध हुन्छ । स्पर्श निरोध भएपछि वेदना(सुख, दुःख आदि अनुभव) निरोध हुन्छ । वेदना निरोध भएपछि तृष्णा निरोध हुन्छ । तृष्णा निरोध भएपछि उपादान(आशक्ति) निरोध हुन्छ । उपादान(आशक्ति) निरोध

भएपछि भव निरोध हुन्छ । भव निरोध भएपछि बुढो हुनु, शोक, रुनु कराउनु, दुःख, मानसिक चिन्ता तथा हैरान हुने निरोध हुन्छ । यसरी यी सारा दुःख, स्कन्ध(दुःखको समूह) निरोध हुन्छ । भिक्षुहरु ! यसलाई दुःख निरोध आर्यसत्य भन्छन् ।

भिक्षुहरु ! दुःख निरोधतर्फ लैजाने मार्ग आर्यसत्य के हो ? यही आर्य अष्टाङ्गिक मार्ग जुन कि सम्यक दृष्टि (ठीक समझदारी), सम्यक संकल्प (ठीक नियत र सोचाइ), सम्यक वचन (ठीक बोली), सम्यक कर्म (निर्दोष काम), सम्यक जीविका(निर्दोष जीवन), सम्यक व्यायाम(ठीक प्रयत्न), सम्यक स्मृति(सही होश हुनु,, सतर्क हुनु), सम्यक समाधि(ठीक एकाग्रता) भिक्षुहरु ! यसलाई दुःख निरोधतर्फ लैजाने मार्ग आर्यसत्य भन्छन् ।

भिक्षुहरु ! यी आर्यसत्य भनेर जुन मैले धर्म उपदेश गरेको छु, जुन निन्दनीय छैन, अशुद्ध छैन, परिशुद्ध तथा कुनै विद्वान श्रमण ब्राह्मणहरुले दोष देखाउन सक्दैनन् । त्यो यही आर्य(संस्कृति) सत्यकै विषयमा भनेको हो ।



Downloaded from http://dhamma.digital

# मंगल सूत्र

## (मानव संस्कृति उत्पत्तिको कारण)

बुद्धले दिनु भएको मानव संस्कृति उज्ज्वल हुने ३८ वटा धार्मिक संस्कृतिहरुः-

- असेवना च बालानं - अज्ञानी, मूर्खबाट टाढा रहनु,
- पण्डितानं च सेवना - ज्ञानीहरुको संगत गर्नु,
- पूजा च पुजनेय्यानं - जुन पूजनीय हुन् उनको पूजा गर्नु,

एतं मंगलमुत्तमं - यो उत्तम मंगल कार्य हो ।

- पतिरुप देस वासो च - उचित देशमा बास बस्नु,
- पुब्बे च कत पुञ्ञता - पूर्व कर्मको संचित पुण्य हुनु,
- अत्तसम्मा पणिधि च - आफूलाई स्वयं वशमा राख्नु,

एतं मंगलमुत्तमं - यो उत्तम मंगल कार्य (संस्कृति) हो ।

- बाहुसच्चं च सिप्पं च - अनेक विद्या र शिल्पकलाहरुमा दक्षता हुनु,
- विनयो च सुसिक्खितो - अनुशासनमा सुशिक्षित हुनु,
- सुभासिता च या वाचा - बोलचालमा सभ्य हुनु,

एतं मंगलमुत्तमं - यो उत्तम संस्कृति(मंगल) हो ।

- माता पितु उपट्ठानं - आमा बुबाको सेवा गर्नु,

- पुत्तदारस्स संगहो - परिवार पालन पोषण गर्नु,
- अनाकुला च कम्मन्ता - आकुल व्याकुल नहुने काम गर्नु,

एतं मंगलमुत्तमं - यो उत्तम संस्कृति(मंगल) हो ।

- दानंच धम्मं चरिया च - दान दिनु, धर्माचरण गर्नु
- ञातकानं च संगहो - नाता-कुटुम्बहरुलाई सहयोग गर्नु
- अनवज्जानि कम्मानि - दोषपूर्ण काम नगर्नु ।

एतं मंगलमुत्तमं - यो उत्तम सांस्कृतिक मंगल हो ।

- आरती विरतीपापा - तन मनद्वारा पापकर्म त्याग गर्नु,
- मज्जपाना च संयमो - मादक पदार्थ सेवन बाट संयमित हुनु,
- अप्पमादो च धम्मेसु - असल काममा लाग्नु र सतर्क रहनु

एतं मंगलमुत्तमं - यो उत्तम सांस्कृतिक मंगल हो ।

- गारवो च निवातो च - ठूलाबडाप्रति गौरब गर्नु सदा विनीत हुनु,
- सन्तुट्ठि च कतञ्ञुता - सन्तुष्ट रहनु, कृतज्ञ हुनु,
- कालेन धम्मसवन - समय समयमा धर्मश्रवण गर्नु,

एतं मंगलमुत्तमं - यो सांस्कृतिक मंगल हो ।

- खन्तीच सोवचस्सता - सहनशीलता हुनु, आज्ञाकारी हुनु ।
- समणानं च दस्सनं - शुद्ध श्रमणहरुको दर्शन गर्नु ।
- कालेन धम्म साकच्छा - उचित समयमा धर्मको छलफल गर्नु

एतं मंगलमुत्तमं - यो सांस्कृतिक मंगल हो ।

- तपो च ब्रहमचरियं च - तपस्या गर्नु, ब्रह्मचर्य पालन गर्नु,
- अरिय सच्चान दस्सनं - आर्य सत्यहरुको दर्शन गर्नु,
- निब्बान सच्छिकिरिया च - निर्वाणको साक्षात्कार गर्नु,

एतं मंगलमुत्तमं - यो उत्तम संस्कृतिक मंगल हो ।



Downloaded from http://dhamma.digital

- पुठ्ठस्स लोक धम्मेहि - लाभ, अलाभ, यश, अपयश, निन्दा, प्रशंसा, सुख र दुःख यी आठ प्रकारका लोक स्वभावबाट
- चित्तं यस्स न कम्पति - चित्त विचलित हुन नदिनु
- असोकं विरजं खेमं - निशोक, निर्मल र निर्भय रहनु

एतं मंगलमुत्तमं - यो उत्तम सांस्कृतिक मंगल हो ।

उपर्युक्त ३८ अठ्तीस मंगल धार्मिक सांस्कृतिहरु पालन गर्दा खेरि सधै सर्वत्र सांस्कृतिक जीवन उज्ज्वल हुन्छ, कल्याणकारी हुन्छ ।



Downloaded from http://dhamma.digital

# पराभवसूत्र
## (मानव संस्कृति पतनको कारण)

माथि उल्लेख भए जस्तै विवेकबुद्धि भएका विद्वान् व्यक्ति मांगलिक धर्महरुमा संलग्न रहेर प्रगति पथमा लम्किन्छन् र सांस्कृतिक जीवन उज्ज्वल पार्छन् त्यस्तै अज्ञानी व्यक्ति मंगलकर्मबाट टाढा रही अमांगलिक र अशोभनीय काममा लागी पतित हुन्छन्, एकपटक एउटा भलादमी व्यक्ति बुद्ध समक्ष गएर उन्नतिको बाटो र मानिसको पतन हुने कारण सोधेछ, उसको प्रश्नको उत्तर दिनुहुँदै भगवान् बुद्ध भन्नुहुन्छ :-

*सुविजानो भवंहोति सुविजानो पराभवो ।*
*धम्मकामो भवंहोति धम्मदेस्सी पराभवो ।।*

अर्थ - पुस्तकमा लेखेअनुसार उन्नतिशील व्यक्तिको परिचय हुनु सरल छ र अवन्नतिगामी व्यक्तिको पनि परिचय हुनु सरल छ, धर्मप्रेमी व्यक्तिको उन्नति हुन सक्छ, धर्मद्वेषी पनि पतन हुन सक्छ । (वास्तवमा अर्थ हुन पर्ने विद्वान् व्यक्तिको उन्नति पनि हुन सक्छ, पतन पनि हुन सक्छ।)

*असन्तस्स पिया होति सन्ते न कुरुते पियं ।*
*असतं धम्मं रोचेति तं पराभवतो मुखं ।।।*



Downloaded from http://dhamma.digital

अर्थः जब कुनै व्यक्ति असत्पुरुष प्रिय हुन्छ, त्यस्तै सज्जन अप्रिय हुन्छ । जब असत्पुरुषको आचरण रुचिकर महसुस हुन्छ, तब त्यस व्यक्ति पतनको कारण बन्छ ।

*निद्दासीली सभासीली अनुट्ठाता च यो नरो ।*
*अलसो कोध मञ्ञाणो, तं पराभवतो मुखं ।।*

जुन व्यक्ति निद्रालु, सभा समारोहहरुमा लाग्छ , अनुद्योगी, आलसी र क्रोधी हुन्छ तब उसको त्यही बानी पतनको कारण हुन्छ ।

*यो मातर पितरं वा जिण्णकं गतयोब्बनं ।*
*पहु सन्तो न भरति तं पराभवतो मुखं ।।*

जुन व्यक्ति सम्पन्न भएर पनि आफ्नो बृद्ध र जीर्ण आमा बुबाको भरण पोषण गर्दैन, तब उसको पतन सुनिश्चित हुन्छ । अर्थात् त्यो व्यक्ति पतन मुखी हुन्छ ।

*यो ब्राह्मणं वा समणं वा अञ्ञं वापि वनिब्बकं ।*
*मुसावादेन वंचेति, तं पराभवतो मुखं ।।*

जब कुनै व्यक्ति कुनै श्रमण ब्राह्मण अथवा अरु याचकलाई केही दिने अनिच्छाले झूठो कुरा बोलेर धोखा दिन्छ, तब त्यो व्यक्ति पतनमुखी हुन्छ ।

*पहुतवित्तो पुरिसो, सहिरञ्ञो सभोजनो ।*
*एको भुञ्जति साद्वुति, नं पराभवतो मुखं ।।*

कसैसँग प्रशस्त मात्रामा धन सम्पत्ति, हिरामोती, सुन र प्रसस्त भोजन सामग्री भएपनि आफू एक्लै सुस्वाद पदार्थको उपभोग गर्छ, तब त्यो व्यक्ति पतनमुखी हुन्छ ।

*जातित्थद्धो धनत्थद्धो, गोत्तत्थद्धो च यो नरो ।*

*सञ्आतिं अति मञ्ओति, तं पराभवतो मुखं ।।*

जुन व्यक्ति आफ्नो जाति, धनसम्पति र गोत्र (थर) को अभिमान गर्दै अभिमानी बनी आफ्ना जातिहरुको निरादर गर्छ त्यो व्यक्ति पतन मुखी हुन्छ ।

*इत्थिधुत्तो सुराधुत्तो, अक्ख धुत्तो च यो नरो ।*

*लद्धं लद्धं विनासेति, तं पराभवतो मुखं ।।*

जुन व्यक्ति स्त्री, रक्सी र जुवाखेल्नमा लिप्त हुन्छ र अन्य कुरा भुल्छ, त्यसले कमाएको धन सबै नाश गर्छ र ऊ पतनमुखी हुन्छ ।

*सेहि दारेहि असन्तुट्ठो वेसियासु पदुस्साति ।*

*दुस्साति परदारेसु, तं पराभवतो मुखं ।।*

जुन व्यक्ति आफ्नी पत्नीबाट असंतुष्ट रही बेश्या र परस्त्रीप्रति आसक्त हुन्छ तब ऊ पतनतिर जान्छ ।

*अतीत योब्बनो पोसो आनेति तिम्बरुन्थनिं ।*

*तस्सा इस्सा न सुपति, तं पराभवतो मुखं ।।*

बुढो व्यक्ति जव नवयुवती स्त्री विवाह गरी उसप्रति अविश्वास र ईर्ष्या गरी अनिंदो हुन्छ, ऊ पतन तिर जान्छ ।

*इत्थि सोण्डिं विकरणिं, पुरिसं वापि तादिसं ।*

*इस्सारि यस्मिं ठपापेति, तं पराभवतो मुखं ।।*

जब कुनै व्यक्तिले लोभी तथा सम्पति नष्ट गर्ने खालको स्त्री वा पुरुषलाई आफ्नो सम्पत्ति सुम्पिदिन्छ तब त्यो पतनतिर जान्छ वा त्यो नै उसको पतनको कारण बन्छ ।



Downloaded from http://dhamma.digital

*अप्पभोगो महातण्हो, खत्तिये जायते कुले ।*
*सो च रज्जं पत्थयति, तं पराभवतो मुखं ।।*

क्षेत्रीय कुलमा उत्पन्न तर अल्प सम्पतिशाली र महालोभी व्यक्ति जब राज्य पतिको कामना गर्छ तब ऊ पतनतिर जान्छ ।

*एते पराभवे लोके, पण्डितो समवेक्खिय ।*
*अरियो दस्सन सम्पन्नो, सलोकं भजते सिवन्ति ।।*

जुन बुद्धिमान् व्यक्तिले अवन्नतिका (पतनका) यी संसारिक कारणहरुलाई राम्रोसँग जानी बुझी आर्य संस्कृतिको दर्शनबाट सम्पन्न हुन्छ त्यो व्यक्ति यस लोकमै दुःखबाट मुक्त भई निर्वाण प्राप्त गरेर सस्कृति सम्पन्न हुन्छ ।



Downloaded from http://dhamma.digital

# वसल सूत्र
## (असभ्य सम्पन्न व्यक्ति)

बुद्धको विचार अनुसार मानिस असल, सभ्य, नबनीकन संस्कृतिको रक्षा हुन सक्दैन । असल मान्छे बन्नको लागि मानिसको मन शुद्ध हुनुपर्छ नै, तर बोली वचन र व्यवहार पनि राम्रो हुनुपर्दो रहेछ ।

पालि साहित्यमा वसल सूत्र एउटा छ जसमा आगो बालेर यज्ञ होम गर्ने आग्गिक भारद्वाज नामक ब्राह्मणको घरतर्फ बुद्ध जानुभयो । ब्राह्मणले बुद्धलाई टाढादेखि देख्ना साथै भन्यो- 'हे श्रमण त्यही रोक, हे चण्डाल श्रमण त्यही ठहरो, हे मुण्डक श्रमण त्यही बस' यसरी असभ्य बोली सुनिसकेपछि बुद्धले भन्नुभयो । हे ब्राह्मण कसलाई चण्डाल भनिन्छ र चण्डालको काम के के हुन्छ ? ब्राह्मणले भन्यो- 'भो श्रमण गौतम, मलाई थाहा छैन । तपाईले नै भनिदिनुस्' । अनि बुद्धले भन्नुभयो- 'ब्राह्मण त्यसो भए म भन्छु, चण्डाल को हुन? सुन्नुस् ।'

जुन व्यक्ति रिसालु वैरी स्वभावको पापी, ईर्ष्यालु स्वभावको हुन्छ, मिथ्यादृष्टि (अन्धविश्वासी) र मायावी हुन्छ, जुन व्यक्तिले गाउँ वा शहरलाई घेराहाली नष्ट गर्छ, मानिसहरुलाई दुःख दिन्छ,



Downloaded from http://dhamma.digital

त्यसैलाई चण्डाल भनिन्छ ।

जुन व्यक्तिले अरुसित पैसा सापटी लिन्छ । साहुले पैसा उठाउन आउँदा तिम्रो पैसा लिएको छैन भनी छक्याएर भाग्छ ऊ चण्डाल हो । जुन व्यक्तिले बटुवालाई हत्या गरी धनसम्पत्ति लुट्छ, त्यसलाई चण्डाल भनिन्छ ।

जुन व्यक्ति झुठो मुद्दामा साक्षी बन्छ ऊ चण्डाल हो । जुन व्यक्तिले आफू समर्थ भएर पनि आफ्ना बृद्ध मातापिताको पालन पोषण गर्दैन ऊ चण्डाल हो । जुन व्यक्ति पाप कर्म गरेर पनि अरुका सामु ढाकछोप गरी हिंड्छ, त्यो नै चण्डाल हो ।

जुन व्यक्ति अरु कहाँ गएर मीठो खाना खाएर आउँछ, तर आफ्नो घरमा अरु आउँदा नचिनेको जस्तो व्यवहार गरी खानेकुरा दिंदैन त्यो नै चण्डाल हो । जुन व्यक्ति आफ्नो आत्मप्रशंसा गरी अरुको निन्दा गर्छ त्यो नै चण्डाल हो ।

जुन व्यक्ति आफू अरहन्त (शुद्ध) नभए पनि अरहन्त (शुद्ध) भनी घमण्ड गर्छ ऊ सबभन्दा चोरको नाइके हो र त्यो सब भन्दा नीच चण्डाल हो ।

जन्मले कोही पनि चण्डाल हुँदैन न जन्मले ब्राह्मण नै हुन्छ, चण्डाल र ब्राह्मण त कर्मका आधारमा मात्र हुन्छ ।

यसरी भगवान बुद्धले कसलाई चण्डाल भनिन्छ र कस्तो चरित्र भएको मान्छे चण्डाल हुन्छ भनी बताउनु भएपछि अग्गिक भारद्वाजले भनेः तपाईको सुन्दर र स्पष्ट रुपमा व्याख्या सुनेर म आश्चर्य चकित भएँ । तपाईले छोपिराखेको भाँडो खोलिदिनुभयो, बाटो बिराएकोलाई बाटो देखाइदिनुभयो, अँध्यारोमा बत्ती बाली

दिनुभयो । यसले गर्दा सुन्दर जीवन देख्न सक्ने भएँ । यस्तै तपाई श्रमण गौतमले अनेक प्रकारले धर्मको व्याख्या गर्नुभयो । म साह्रै प्रभावित भएँ । म बोध भएँ । म आजदेखि तपाईंले देखाउनु भएको बाटोमा अघि बढ्नेछु । मेरो बाङ्गो दृष्टिलाई म सोझो पार्छु । मेरो आगो बालेर होमगर्ने संस्कृतिलाई आजदेखि तिलाञ्जली गर्छु । तपाईंको संस्कृतिलाई अनुशरण गर्छु ।

यहाँ वसल सुत्रमा उल्लेखित विषयवस्तुलाई छोटकरीमा उल्लेख गरिएकोछ । यस सूत्रअनुसार मानव समाज सभ्य नभई संस्कृतिको संरक्षण हुन असम्भव छ ।



Downloaded from http://dhamma.digital

# बुद्धकालीन सांस्कृतिक परिस्थिति

बुद्धकालीन सांस्कृतिक परिस्थितितिर फेरी फर्क्यौं । बुद्धको जन्म ईस्वी पूर्व ६२३ मा भएको थियो । त्यसताका समाज चारवर्ण (कुल) मा विभाजित थियो । ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र यी सबै वैदिक संस्कृतिका वरदान हुन् ।

ब्राह्मणहरुको काम अध्ययन अध्यापन गर्नु र यज्ञकर्म गरेर दान लिनु थियो । अर्को शब्दमा भन्ने हो भने उनीहरु कर्मकाण्डका अधिकारी थिए । ब्राह्मणहरु उच्च जातिका मान्यताप्राप्त धार्मिक नेता मात्र नभई राज्यका अनुशासक राजगुरु पदका अधिकारी पनि थिए । राज संचालन कार्य क्षेत्रीहरुको हातमा थियो भने वैश्यहरुले व्यापार आर्थिक कार्य पैसाको लेनदेन (कारोबार) र कृषि पेशामा आधारित पशुपालन आदि कार्यहरुको जिम्मा लिन्थे । धनी वर्गमा बैश्यहरु नै पर्दथे । यज्ञ आदि कार्यमा जजमान पनि यिनीहरु नै थिए । यिनीहरुले समाजमा ठूलो स्थान पाउने गर्थे । यो चलन आजसम्म पनि यथावत् कायमै छ र राजनीतिमा पनि यिनीहरुकै बोलबाला रहेको देखिन्छ (अपवाद स्वरुप आजकाल राजनीतिमा ब्राह्मणहरुको बोलबाला रहेको छ ।)

शूद्र जातका व्यक्तिहरुले ब्राह्मण, क्षेत्री र वैश्यहरुका दास दासी समान भई सेवकका रुपमा काम गर्नुपर्थ्यो । यो चलन वा संस्कृति हालसम्म पनि चलिरहेकै देखिन्छ । (शहरमा हाल अलि परिवर्तन आएको भएपनि यसरी सधैं अमानवता र असमानता रहेको देखिन्छ ।)

ब्राह्मणहरुलाई बालक कालदेखि नै तीन वेदको अध्ययन गराइन्छ र उनीहरुले पुरोहित परम्पराको अध्ययन गर्नु अनिवार्य गरिएको थियो । (तर यस संस्कृतिलाई हालसम्म स्थिर र चालुराख्न सकिएको देखिदैन।) क्षेत्रीहरुका लागि शस्त्र अस्त्र प्रयोग गर्ने कार्यको तालिम लिन अनिवार्य गरिएको थियो । यसका लागि तक्षशिला विक्रम शिला जस्ता उच्च स्तरीय विश्वविद्यालयहरु स्थापित थिए । यी विद्यालयहरुमा कोही कसैले चाहेमा व्यक्तिगत रुपमा पनि अध्ययन गर्न सक्थे । तर शुद्र जातिका व्यक्तिहरु भने अध्ययन - अध्यापन कार्यबाट वंचित थिए । यी जातिहरुका लागि आजसम्म पनि हाम्रो देशमा उचित शिक्षादीक्षाको प्रबन्ध भएको देखिदैन । प्रजातन्त्र र लोकतन्त्रलाई व्यवहारमा राम्ररी प्रयोग गरिएको भने देखिदैन । अपवाद स्वरुप विश्वकर्मा र परियार जातिका एक दुईजना मंत्री मंडलमा समाबेश भएको पाइन्छ । धेरै जसो यी जातिका व्यक्तिहरु दास अवस्थामा नै सीमित रहेका छन् । सफाइ सम्बन्धी कामहरु मात्र यिनीहरुलाई जिम्मा सुम्पिएको देखिन्छ । (अपवाद स्वरुप आजभोलि ब्राह्मण कुलका महिलाहरुले पनि कुचिकार र सूचीकार काम गरिरहेको सुनिन्छ र देखिन्छ । )

२०६४ चैत २८ गते संविधान सभाको चुनाव भएको छ ।



Downloaded from http://dhamma.digital

संविधान सभाको चुनाव पछि शूद्र जातिले पनि सम्मानजनक जीवन जिउन पाउलान् कि !

वैदिक शास्त्रानुसार समाजलाई अर्थात् जीवनलाई चार आश्रममा विभाजन गरिएको छ ।

क) ब्रह्मचारी - विद्यार्थी जीवन

ख) गृहस्थी जीवन - विवाहित जीवन

ग) वानप्रस्थ - बृद्धजीवन

घ) सन्यासी - साधु (त्यागी) जीवन

तत्कालीन समय आर्थिक उन्नतिको लागि राज्यको आशिर्वाद चाहिन्थ्यो ।

खेती काम गर्ने, दूध, घिऊ, दही, आदिको निमित्त र मलखादका लागि पशुपालन गरिन्थ्यो । धर्मका नाउँमा देवी देवताहरुलाई बली चढाएर पशुबध गरिन्थ्यो । व्यापारको लागि पनि पशुहरु मारिन्थ्यो । यस कार्यहरुको सबै अधिकार पुरुष वर्गको हातमा हुन्थ्यो । पुरुष प्रधान मुलक भएकोले होला ।

आदिम वैदिक संस्कृति युगमा स्त्रीहरुलाई धार्मिक कार्यमा भाग लिने अधिकार थियो । पछि ब्राह्मणहरुको प्रभावले गर्दा महिलाहरुलाई समान सामाजिक अधिकारबाट र पैतृक सम्पत्तिको अधिकारबाट वंचित गरियो ।

ब्राह्मण संस्कृतिअनुसार आमा बुबाको मृत्युपछि श्राद्ध गर्ने अधिकार पुरुष वर्गमा मात्र सीमित गराइयो । त्यसैले छोरी पाउनुलाई अशुभ मानिन थाल्यो ।

वैदिक (ब्राह्मण) संस्कृति अनुसार महिलाले आजीवन पुरुषको

अधीनमा बस्नुपर्ने देखाइएको छ । जस्तैः बालककाल आमा बुबाको संरक्षणमा, तरुणी अवस्थामा लोग्नेको अधीनमा, बुढी भएपछि छोराहरुको अधीनमा, आफूभन्दा पहिले लोग्ने मरेको खण्डमा आजीवन विधवाको रुपमा बस्नु पर्थ्यो । त्यसैले सती जाने प्रथा चलेको थियो । नारीको काम बच्चाको रेखदेख गर्ने, दासीको रुपमा लोग्नेको सेवा गर्नुपर्ने तत्कालीन अवस्थामा भगवान बुद्धले दयनीय अमानवीय अवस्था सुधार्न र मानवता कायम गर्न धेरै प्रयत्न गर्नु भएको थियो । उहाँले भन्नु भएको छः

नजच्चा वसलो हो ति न जच्चा होति ब्राहमणो, कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ।

अर्थात जन्मले कोही पनि नीच हुँदैन, जन्मले कोही पनि ब्राह्मण हुँदैन । आचरणले नै नीच र ऊँच हुन्छ ।

भगवान् बुद्धले पोडे जाति सुनीत, सोपाक र हजामे, उपाली आदिलाई भिक्षु बनाई भिक्षु संघमा समावेश गराउनु भई, महिलाहरुलाई पनि भिक्षुणी बनाउनु भई, उनीहरुलाई समाजको उच्चस्थानमा राखि दिनु भयो । यो बुद्धले समाजमा मानवता स्थापना गर्न गर्नु भएको सांस्कृतिक क्रान्तिको ज्वलन्त उदाहरण हो । ब्राह्मण संस्कृतिले विभाजित वर्णाश्रमलाई बुद्धले निन्दा गर्नु भएको थियो ।

धार्मिक बन्नु, ब्यापार गर्नु, कृषिकर्म, राजकर्मचारी बन्नु र धन कमाउनु सबैको अधिकारको कुरो हो भन्ने बुद्धको सांस्कृतिक र मानवीय विचार थियो । तर बुद्धका विचारमा यी सबै क्षेत्रमा इमान्दारिताको आवश्यक छ । विश्वासपात्र बन्नु आनिवार्य छ । धन कमाउनु पाप होइन तर कमाएको धनको सदुपयोग हुनुपर्छ ।



Downloaded from http://dhamma.digital

बुद्धको सांस्कृतिक र मानवीय विचार अनुसार चरित्रवान्, नैतिकवान् हुनु र आमा-बुबालाई ब्रह्मा समान ठान्नु र सम्मान गर्नु नै धर्म हो । यदि कुनै महिलामा अरहत (पवित्रव्यक्ति) हुन सक्ने गुण छ भने उनीहरु पनि भिक्षुणी बन्न सक्ने छन् भनी बुद्धले 'भिक्षुणी संघ' गठन गर्नुभयो । यसरी महिलाहरुलाई पुरुष सरह सम्मान स्थान दिनुभयो । यो बुद्धको सांस्कृतिक मान्यता तथा मानवतावादी विचार हो ।

Dhamma.Digital

# आर्य संस्कृति

फेरि एकचोटि बुद्धको सांस्कृतिक विचारधाराको चर्चा गर्न लागिरहेको छु । यहाँ उल्लेखित "संस्कृति" शब्दले परम्परागत रीतिस्थितिलाई जनाउन खोजेको होइन बल्कि मानिसलाई शिक्षित र असल बनाउने विधि सम्बन्धी आर्य संस्कृतिलाई उल्लेख गर्न खोजेको मात्र हो । मैले पढेको बुद्ध शिक्षा अनुसार र मेरो अनुभव अनुसारको आफ्नो विचारहरुलाई पनि मिसाएर लेखेको यस पुस्तकको नाम 'बुद्ध र संस्कृति' राखिदिएको छु । यहाँ लेख्न लागेको आर्य सांस्कृतिक इतिहासमा उल्लेखित नाक चुच्चो भएका आर्य जातिहरुको संस्कृतिको बारेमा होइन, सबै वर्गका मानव जातिलाई सभ्य, शिक्षित र शान्तिमय तथा सांस्कृतिक आर्य (उत्तम) परिवार बनाउने उद्देश्यले गौतम बुद्धले बताउनु भएको सांस्कृतिक गुणहरु बारे यहाँ प्रस्तुत गर्न लागिरहेको छु । आर्य संस्कृतिका आधारशिला भनेको आध्यात्मिकता र मानवता हो । धर्म, आचरण, राजनीति समाजव्यवस्था, रहन-सहन र भेषभूषा आदि सबै आध्यात्मिकतामा निर्भर गर्दछन् ।

आर्य शब्दको मोटामोटी अर्थ सभ्य, शिक्षित शिष्टाचार हो । अर्को अर्थमा भन्ने हो भने मानव भइ मानवप्रति सही व्यवहार गर्नु र परस्पर कर्तव्य परायन हुनु नै आर्य संस्कृतिको परिभाषा हो ।



Downloaded from http://dhamma.digital

चरित्रवान हुनु हो । ठीक यसको विपरित पाश्चात्य सभ्यता भौतिकतामा निर्भर भएको देखिन्छ । पाश्चात्य संस्कृति अनुसार जीवनको उद्देश्य नै खानु, पिउनु मोजमज्जा गर्नु र आफ्नो शरीरलाई बढी भन्दा बढी आराम दिइ भोग विलाशितामा आनन्द लिनु हो । पाश्चात्य सभ्यता र संस्कृतिमा भोग विलासलाई प्राथमिकता दिएको छ भने आर्य बुद्धको संस्कृतिमा साद्य जीवन, त्याग र परस्पर कर्तव्य पालन गर्नुमा प्राथमिकता दिएको पाइन्छ ।

यी विषयहरुबारे स्पष्ट पार्नको लागि भगवान् बुद्धले राजगृहका सिंगाल नामक युवकलाई दिनुभएको संस्कृतिको शिक्षा सबै मानववर्गको जीवनमा उपयोगी हुने देखिन्छ । यो सर्वजनीय शिक्षा हो । यसमा साम्प्रदायिक भावना विलकुल देखिदैन ।

सिंगाल नामक युवकले आफ्ना बुबाले आफ्नो जीवनको अन्तिम समयमा दिनुभएको आज्ञालाई शिरोपर गर्दै दिनहुँ बिहानै नदीमा गई नुहाएर पूर्व, दक्षिण, पश्चिम, उत्तर, तल र माथिका दिशालाई हेर्दै  नमस्कार गर्ने गर्दथ्यो । यस कार्यलाई प्रति दिन सुचारु रुपले चलाई राख्ने उसको संस्कृति (चलन) बसिसकेको थियो ।

एकदिनको कुरो हो । बुद्ध त्यही बाटो हुँदै आउनु भएको बेला उहाँले सिगालको यस कार्यलाई देखेर सोध्नुभएछ ,"के गर्दै छौ सिगाल ?', सिगालले आफ्ना बुबाको आज्ञा पालन गर्दै सो अनुसारको संस्कृतिको अनुशरण गरिरहेको कुरा बताए ।

अनि भगवान् बुद्धले भन्नुभयोः "तिम्रो बुवाले बताउनु भएको शिक्षाले केवल ६ वटा दिशालाई मात्र नमस्कार गर्नुपर्ने होइन ?

आर्य संस्कृति अनुसार त पूर्व दिशाले आमा-बुबा, दक्षिण दिशाले आचार्य गुरु, पश्चिम दिशाले स्वास्नी र छोराछोरी, उत्तर दिशाले कल्याणमित्र र छिमेकी परिवार, तल्लो दिशाले नोकर सेवकहरु र माथिल्लो दिशाले पूज्य धर्मगुरुहरुलाई जनाउने गर्छ । यी ६ वटा दिशाको प्रतिनिधि गर्ने यी व्यक्तिहरुलाई गर्नुपर्ने कर्तब्यहरु पूरा गर्नुलाई नै आर्य संस्कृतिअनुसार ६ वटा दिशालाई नमस्कार र सम्मान गरेको हुन जान्छ ।

यसरी भगवान् बुद्धले सिगाललाई ६ वटा दिशाको प्रतिनिधित्व गर्ने यी व्यक्तिहरुमाथि आफूले पूरा गर्नुपर्ने कर्तब्य पूरा गरी आर्य संस्कृति अनुसार ६ वटा दिशालाई नमस्कार गर्ने विधि यसरी बताउनु भयो ।

## पूर्व दिशा समानका आमाबुबा

पूर्व दिशा समान रहनु भएका आमाबुबाले आफ्ना सन्तानहरुप्रति आफ्ना कर्तब्यहरु यसरी निर्वाह गर्नुपर्छ ।

१. आफ्ना छोराछोरीहरुलाई नराम्रा कामहरुबाट रोकी राम्रा र असल बाटो देखाउनु ।

२. राम्रो शिक्षा दिनु ।

३. योग्य व्यक्ति खोजी विवाह गरिदिनु । (आज भोलि यो आवश्यक देखिएको छैन।)

४. उचित समयमा अंशवण्डा गरिदिनु (यो प्रथा युरोप र श्रीलंकामा देखिँदैन ।

उपर्युक्त कर्तब्य पालन गरेको कारणले मात्र आमा बुबाको



Downloaded from http://dhamma.digital

सत्कार सम्मान गर्नुपर्ने होइन । यो बाहेक बुबा आमाका गुणहरु 'ब्रह्माति माता पितरो' अर्थात ब्रह्मा नै आमा, बुबा नै ब्रह्मा हुन् । आमा बुबा जन्मदाता मात्र होइनन् उनीहरुले आफ्ना छोराछोरीहरुलाई बाल्यकालदेखि पालनपोषण गरी कसरी हिँड्नुपर्छ, कसरी खानुपर्छ, कसरी लुगा लगाउनु पर्छ, आदिबारे आवश्यक ज्ञानहरु सिकाउने भएकोले उनीहरु हाम्रा पहिलो गुरु अर्थात् पूर्वाचार्य पनि हुन्छन् । त्यसैले आर्य संस्कृतिअनुसार छोरा-छोरीहरुले पूर्व दिशा समान हुनभएका आफ्ना आमा-बुबाको सेवा सत्कारग्राही विनयअनुसार यसरी गर्नुपर्दछः

१. आमा बुबालाई पालन पोषण गर्ने ।
२. आमा बुबाले गरिरहनु भएका राम्रा कामहरुलाई आफूले अझ प्रगतितर्फ लैजाने ।
३. कुलवंशको रक्षा गर्ने ।
४. सम्पत्ति (अंश) को रक्षा गर्ने,
५. आमा-बुबाको मृत्युपछि उहाँहरुको पुण्य स्मृतिमा अरुहरुको उपकार हुने कार्यहरु गर्ने ।

छोराछोरीहरुले आफ्नो तर्फबाट आमा-बुबाको आकांक्षाहरु पूरा गरिदिनु नै आमा बाबुको पूजा र नमस्कार गरेको समान हुन जान्छ । यस्तो हुन सकेमा मात्र आफ्नो परिवार सांस्कृतिक रुपमा सुखी रहन सक्छ ।

**दक्षिण दिशा गुरु समानः**

देशका असल नागरिकहरु बनाउने जिम्मा गुरु वर्गमा रहेको

हुन्छ । त्यसैले आर्य संस्कृतिअनुसार गुरु वर्गलाई दक्षिण दिशाको स्थान दिइएको छ । दक्षिण संकेतका दुईवटा अर्थ छन् । एउटाको अर्थ चेलाहरुबाट पूजा सत्कार पाउन योग्य भन्ने हो । अर्को अर्थ धेरै काम गर्न सक्ने दाहिने हात जस्तो भन्ने हो । चेलाहरुलाई पढाउँदा प्रायः जसो दाहिने हातले नै अक्षर लेख्ने गरिन्छ । आर्य संस्कृतिअनुसार ताली बजाउँदा एउटा हातले मात्र पुग्दैन, दुईवटा हात चाहिन्छ । त्यस्तै गुरु र चेलाको सम्बन्ध बलियो पार्नलाई दुबैको तर्फबाट कर्तव्य पालन हुनु नितान्त आवश्यक छ । तसर्थ चेलाहरुको तर्फबाट सेवा सत्कार पाउन गुरुबाट निम्न लिखित कर्तव्य पूराहुनु पर्दछ ।

१. आफ्नो शिष्यलाई राम्रो शिक्षा दिनु
२. मन लगाएर राम्रोसगँ शिक्षा दिनु
३. जीवनोपयोगी सीपमूलक शिक्षा दिनु
४. आफ्नो शिष्यको राम्रो पक्षहरु बारे प्रशंसा गरी मित्रहरुमा परिचय गराउनु ।
५. संरक्षणको राम्रो व्यवस्था मिलाउनु ।

<u>शिष्यबाट गुरुप्रति गर्नुपर्ने कर्तव्यहरु</u>

१. गुरुलाई देखेपछि आफू बसिरहेको आसनबाट उठेर आदर, गौरव गर्ने
२. गुरुको सेवा सत्कार गरी आज्ञाकारी बन्ने ।
३. गुरुले दिनुभएको शिक्षालाई ध्यानपूर्वक अध्ययन गर्ने ।
४. गुरुको अन्य केही कामहरु गर्नुपर्ने छन् भने गरिदिने
५. गुरुले दिनु भएको शिल्प, विद्या वा शिक्षालाई मन लगाएर अध्ययन गर्ने ।



Downloaded from http://dhamma.digital

## पश्चिम दिशा समान रहेकी श्रीमतीः

प्रत्येक व्यक्तिको विवाहपश्चात् परिवार बन्छ । त्यही परिवार सुखी बनाउनको लागि पति-पत्नी दुवैतर्फबाट आ-आफूले गर्नुपर्ने कर्तव्यहरु पूरा हुनुपनि आर्य संस्कृति हो । परस्पर विश्वास स्नेह र प्रेम नै सुखी परिवारका आधार हुन् । पत्नीबाट सम्मान र सत्कार पाउन पतिले निम्न पाँचवटा कर्तव्यहरु पालन गर्नुपर्दछ ।

१. पत्नीलाई स्नेहपूर्वक व्यवहार गर्ने
२. अपमान नगर्ने
३. अर्काकी स्त्रीसँग नभुल्ने
४. विश्वासिली श्रीमतीलाई यथाशक्ति सम्पत्ति जिम्मा लगाउने ।
५. आफ्नो शक्तिअनुसार लुगा र गहनाहरु दिने ।

यसरी पतिबाट कर्तव्यहरु पूरा भएपछि श्रीमतीले पनि आपनो श्रीमानप्रति पूरा गर्नुपर्ने कर्तव्यहरु यस प्रकार छन्ः

१. मन लगाएर घरको काम काज गर्ने।
२. पाहुनाहरुलाई स्वागत सम्मान गर्ने ।
३. पतिको विश्वासपात्र बन्ने अर्थात् परपुरुषसँग नभुल्ने ।
४. पतिले पसिना काढेर न्यायपूर्वक कमाएको धनको संरक्षण गर्ने ।
५. काम गर्न अल्छी नमान्ने ।

## उत्तर दिशा समानका कल्याण मित्रहरुः

असल साथीहरुले सुख, दुःखमा समान रुपमा साथ दिन्छन् । साँच्चैको मित्र उही हो जसले सुख दुःखमा समान रुपले सहयोग



Downloaded from http://dhamma.digital

दिन्छ । उसलाई नै कल्याण मित्र भनिन्छ । यसरी परस्पर सहयोग गरी उपकारी हुने कल्याण मित्रले आफ्ना साथीहरुप्रति यसरी कर्तव्य पालन गर्दछ ।

१) परस्पर सहयोग गरेर(दान दिएर)
२) प्रिय बचन(नरम बोली) ले कुरा गरेर
३) उन्नतिको लागि सक्दो आर्थिक सहयोग दिएर ।
४) समानताको व्यवहार गरेर ।
५) झगडा हुने खालको ठग्ने प्रवृति वा र्दुव्यवहार नगरेर ।
६) साथीलाई लापरवाही भएर हिँड्नबाट बचाएर ।
७) साथीको धनलाई रक्षा गरेर (अपव्यय गर्न नदिएर)
८) साथीलाई आपत विपत परेको बेलामा साथ दिएर ।

तल्लो दिशा समान रहेका सेवकहरु

सामन्ती समाजमा मालिकलाई ठूलो स्थान र दर्जा दिने गरिन्छ भने सेवक (नोकर) लाई नीच स्थान दिइने गरिन्छ । भगवान् बुद्धले मालिक र सेवक (मजदुर) बीच रहेको ठूलो भेदभावलाई मेटाउन मार्ग निर्देशन दिनु भएको थियो । बुद्धको विचारअनुसार मालिक र सेवक दुबै तर्फबाट आ-आफ्नो कर्तव्य पालन भएमा आज भोलिको जस्तो मजदुर हड्ताल र संघर्षका अप्रिय घटनाहरु हुनबाट बच्न सकिन्छ । यसको लागि आ-आफ्नो कर्तव्य पालन गर्नु पर्ने बारे बुद्धले यसरी निर्देशन दिनु भएको छः-

मालिकले सेवकलाई गर्नुपर्ने कर्तव्यः-

१) सेवकहरुलाई उचित तलब र ज्याला दिनुपर्छ ।



Downloaded from http://dhamma.digital

२) बिरामी हुँदा औषधी उपचार गराउनुपर्छ ।

३) समय समयमा भत्ता र बोनस दिनुपर्छ ।

४) समयअनुसार आवश्यक बिदाको व्यवस्था मिलाउनु पर्छ ।

<u>सेवकले मालिकप्रति गर्नुपर्ने कर्तव्यः-</u>

१) अल्छी नभई मेहनती बनी काम गर्नुपर्ने ।

२) मालिकलाई ठग्ने जस्ता अहित हुने कामहरु नगर्ने ।

३) मालिकप्रति आज्ञाकारी बनी विश्वासपात्र बन्ने ।

४) इमान्दारीपूर्वक काममा संलग्न हुने ।

<u>माथिल्लो दिशाको रुपमा रहने धर्मगुरुहरु</u>

धर्मानुशासकको रुपमा रहनु हुने धार्मिक श्रमण ब्राह्मण व्यक्तिहरुलाई गृहस्थीले सम्मान र सहयोग गर्नुपर्छ । त्यागी, प्रव्रजित धर्म गुरुहरुले पनि गृहस्थीहरु प्रति मैत्रीपूर्वक कल्याणकारी हितोपकार हुने शिक्षा दिई उनीहरुलाई पापकर्म गर्नबाट बचाउनुपर्छ ।

यसरी आफ्नो क्षेत्रमा रही आ-आफ्नो कर्तव्यलाई परस्पर मिलेर पालन गर्ने कामलाई नै आर्यसंस्कृति भनिन्छ । बुद्धबाट आर्य संस्कृतिको यथार्थ ज्ञान प्राप्त गरिसकेपछि सिगाल युवकको हृदय परिवर्तन भयो । उनले यही आर्य संस्कृतिअनुसार आफ्नो शेष जीवन बिताई आफ्नो परिवारलाई सुखी परिवार बनाउन सफल भए ।

<u>आर्य संस्कृति प्रेमीले जानेर गर्नुपर्ने कुराहरुः</u>

भगवान् बुद्धले सिगाल पुत्रलाई अरु पनि जानी राख्नुपर्ने



Downloaded from http://dhamma.digital

कुराहरु भन्नुभयो, जुन यसप्रकार छन्-

सिगालपुत्र ! चार प्रकारका कर्मक्लेशहरु छन्ः-

क) अरुलाई दुःख पुग्ने नराम्रा कार्यहरु (हिंसा) गर्नु ।

ख) अर्काको वस्तु चोरी गर्नु ।

ग) भ्रष्टाचार गर्नु र परस्त्रीलाई बलात्कार गर्नु ।

घ) असत्य (झुठ) कुरा गर्नु ।

यी चारवटा अशुभ कार्यमा लागी अशुद्ध आचरण गर्ने व्यक्ति देशको सच्चा र असल नागरिक हुन सक्दैन । त्यस्ता व्यक्तिलाई आर्यपुत्र भनिंदैन । आर्य परिवार बन्नको लागि माथि उल्लेखित दुराचरणहरुबाट मुक्त रहनु नितान्त आवश्यक छ । अनि मात्र प्रत्येक व्यक्तिले शान्तिमय जीवन बिताउन सक्छ ।

भगवान् बुद्धले सिगाल पुत्रलाई चार अगतिको बारेमा उपदेश दिनु हुँदै भन्नुभयो- "संसारमा मानिसहरुले चार तत्वहरुको वशमा गई पाप कार्यहरु गर्ने गर्छन् ।"

१) कसै-कसैले आफ्नो इच्छा, लोभ र पक्षपाती बानीको कारणले गर्दा खराब कामहरु गर्ने गर्छन् ।

२) कसैले द्वेष अथवा क्रोधको कारणले गर्दा पाप कर्महरु गर्छन् ।

३) भयको कारणले गर्दा पनि पाप कार्यहरु गर्ने गर्छन् ।

४) मोह अर्थात् अज्ञानताको कारणले पनि पाप कार्यहरु गर्छन् ।

समाजमा शान्तिपूर्वक रहनको लागि इमान्दार र निष्कपट कार्य गरी सबैको विश्वासपात्र बन्न सक्नुपर्छ । व्यक्तिवादी र पक्षपाती व्यवहारले समाजमा कलह उत्पन्न हुन्छ । द्वेषभावना लिएर काम गर्ने बानीले विवेक, बुद्धि हराएर राम्रो-नराम्रो र असल-खराब कार्यहरु



Downloaded from http://dhamma.digital

छुट्याउन सकिंदैन । फलस्वरुप दूरदर्शी बन्न नसकी एक आपसमा ठीक समझदारीको अभाव भई बदला लिने भावना उत्पन्न हुन थाल्दछ । समाजमा रहेको कारणले नचाहँदा नचाहँदै पनि पाप कर्महरु गर्नुपर्ने बाध्यता आइ पर्नसक्छ । बलियो र प्रभावशाली व्यक्तिहरुको आदेश पालन गरी झुठो साक्षी बन्नु पर्ने अवस्था पनि आइपर्न सक्छ । यस अवस्थामा पुगेको व्यक्तिले यस्ता कार्यमा पक्ष लिएर बोलेन भने पछि आफूलाई नकारात्मक प्रभाव पर्न सक्ने डरले पनि पाप कर्म गर्नेहरु थुप्रै देखिन्छन् । यसलाई भयको वशमा परी पाप कार्य गरेको मानिन्छ । असल र खराब कार्यहरु छुट्याउन नसकी मूर्खतापूर्वक गरिने पाप कर्मलाई मोहको वशमा परी गरेको पाप कर्म भनिन्छ । यसरी ईर्ष्या, द्वेष, भय र मोह आदि चारवटा अवगुणहरुका वशमा परी कार्य गर्दा यसले दुर्गतिमा पुऱ्याईदिन्छ । बुद्धको भनाईअनुसार आर्य संस्कृतिलाई पालन गरेका व्यक्तिहरुले यी कुकर्महरु गर्दैनन् । किनभने यी सबै कुकर्महरु आर्य पुरुषहरुले त्याग्नुपर्ने विषयहरु हुन् ।

माथि उल्लिखित कुराहरु धेरैजसो व्यक्तिहरुलाई मनपर्ने र ठीक लाग्ने भएतापनि व्यवहारमा प्रयोग गर्न भने गाह्रो हुन सक्छ । व्यापारीहरुलाई त अझ अप्ठ्यारो पर्न सक्छ । तैपनि सच्चा व्यापारीले थाहा पाउनुपर्ने कुरा हो, इमान्दारीपूर्वक गरेको व्यापारले इष्टमित्र बढ्छन्, आफूप्रति धेरैको विश्वास बढ्छ र फलस्वरुप बिस्तारै आफ्नो व्यापारमा उन्नति हुँदै जान्छ । विश्वास पात्र बनी सफल र सुखमय जीवनको अनुभव गर्न कसलाई मन पर्दैन होला र ? त्यसैले इमान्दारीपूर्वक व्यापार गर्न व्यवहारिक जीवनमा अप्ठ्यारो

मान्नु पर्ने आवश्यकता छैन ।

सिगाल पुत्रले सोधे-"भगवान् श्री सम्पत्ति विनाश हुने कारण ६ वटा छन् भन्नुभयो । ती के के होलान्, जान्न पाए वेश हुन्थ्यो ।"

भगवान् बुद्ध भन्नुहुन्छ- "त्यसोभए राम्रोसँग ध्यान दिई सुन, म बताउँछु ।

१) रक्सी आदि अम्मल पदार्थको सेवन गर्नु,
२) कुसमयमा गल्लीहरुमा घुम्न जानु,
३) निरन्तर नाच (सिनेमा, टी.भी.) आदि हेर्ने बानी बसाल्नु,
४) जुवा (बाह्रमासे) खेल्ने बानीमा भुल्नु,
५) असत्पुरुषसंग मित्रता राख्नु र
६) अल्छी बन्नु ।

यी सबै सम्पत्ति विनाशका कारणहरु हुन् । अब रक्सी सेवन गर्नाले के कस्ता बेफाइदाहरु हुने गर्छन्, ती बारेमा पनि जानी राख्नु राम्रो हुनेछ ।

१) आफूले मेहनत गरी कमाइएको धन नाश हुँदै जान्छ,
२) सबैजसो मानिसहरुसँग झैं झगडा भईरहन्छ,
३) भयानक रोगको शिकार बनिन्छ,
४) जँड्याहा र रक्सीबाज भनी समाजमा आफ्नो बदनामी फैलिने डर हुन्छ,
५) रक्सीले मात्तिएपछि लाज शरम पनि हराउँछ ।
६) कल्पना शक्ति क्षीण भई शरीर पनि कमजोर हुँदै जान्छ र पागल जस्तो भएर जान्छ ।

उपर्युक्त कुराबाट के स्पष्ट हुन्छ भने बेहोश पार्ने मादक



Downloaded from http://dhamma.digital

पदार्थको सेवन गर्नाले शारीरिक र आध्यात्मिक शक्ति समेत कमजोर भएर जाँदो रहेछ । निरन्तर मादक पदार्थको सेवन गर्ने बानी गर्नाले आफूसँग भएको सम्पत्ति मात्र नाश हुने होइन, बाध्य भएर अरुसंग ऋण लिएरै भए पनि आफ्नो इच्छा पूर्ति गर्नुपर्ने हुन्छ । यसरी नराम्रो चाहनाको वशमा परेपछि अरुले विश्वास गर्न छाड्छन् । स्मृतिहीन बन्ने भएकोले आफ्नी श्रीमतीसँग पनि झगडा गर्ने बानी बस्छ र आफ्नो जीवनलाई नरक समान तुल्याउँछ । मादक पदार्थको बढी सेवन गर्ने धेरैजसो व्यक्तिहरुलाई फोक्सोको रोग र क्यान्सर रोगको पनि बढी सम्भावना हुन्छ । त्यसैले आफ्नो उन्नति चाहने व्यक्तिले मादक पदार्थ सेवन गर्ने बानीलाई त्याग्नुपर्दछ । तर औषधीको रुपमा सेवन गर्नु परेमा मात्र केही मात्रमा सेवन गर्न उचित हुन्छ भनी ग्रन्थमा उल्लेख भएको पाइन्छ ।

**कुबेलामा घुम्न जानुका बेफाइदाहरुः**

भगवान बुद्धले सिगाल पुत्रलाई संस्कृतिको महत्व बारे बताउनु भएका उपदेशहरु साधारण मानिसलाई उपयोगी छन् । सिगालपुत्रलाई कुबेलामा गल्ली गल्लीमा घुम्न जानुका बेफाईदाहरु यी हुन्ः-

१) आफ्नो ज्यानको सुरक्षा हुँदैन ।

२) आफ्ना स्त्री र छोराछोरीहरुको सुरक्षा हुँदैन ।

३) आफ्नो सम्पत्तिको सुरक्षा हुन सक्दैन अर्थात चोरहरुको भय हुन्छ ।

४) देशमा केही अपराध र अशान्ति मच्चिरहेको बेला अरुले

आफूमाथि शंका उपशंकाको दृष्टिले हेर्न सक्छन् ।

५) आफूमाथि अरुले असत्य आरोपहरु लगाउन सक्छन् ।

६) अनेक प्रकारको दुःख र आपतहरुमा फस्ने डर हुन्छ ।

यसरी माथि उल्लिखित बुँदाहरुबाट के स्पष्ट हुन्छ भने मध्यरातमा गल्लीहरुमा घुम्न जानु खतरायुक्त छ । त्यसैले सबैले समयको मूल्यांकन गर्दै समयको सदुपयोग गरी कुबेलामा बाहिर घुम्ने बानी त्याग्नुपर्छ । आजको युगमा कसैलाई फुर्सद छैन । सबैजसो मानिसहरु आ-आफ्नै पाराले व्यस्त भई दौडिरहेका देखिन्छन् । त्यसैले समयको महत्व बुझी समयलाई ठीक तरीकाले सदुपयोग गर्न सकेमा मात्र बिना कुनै बाधा उन्नतितिर लम्किन सकिन्छ ।

<u>नाचगानमा भुल्नाले हुने बेफाइदाहरुः</u>

१. कुन ठाँउमा के कस्ता नाच (फिल्म) हरु चल्दैछ भन्ने विषयहरुमा जान्ने उत्सुकताले मन चञ्चल भइरहन्छ ।

२. गीत सुन्ने, गीत गाँउनेमा मात्र मस्त भई आवश्यक कामहरु नै गर्न भुलेर बस्ने बानी बस्छ ।

३. विभिन्न बाजागाजाहरुमा भुली मस्त हुने बानी बस्छ ।

४. भूत प्रेत आदि अद्‌भूत चटकहरु हेर्ने र सुन्ने कार्यमा मस्त रहने बानी हुन्छ ।

५. ढोलकको तालमा मस्त भईरहने बानी हुन्छ ।

६. बाँसुरीको स्वर र तालमा मस्त भई बस्ने बानी हुन्छ ।

यी विभिन्न विषयको कारणले चित्त चंचल भई आफ्नो



Downloaded from http://dhamma.digital

दैनिक कार्य पूरा गर्नेतिर ध्यान जान सक्दैन । मानसिक शान्ति र स्वास्थ्य ठीक राख्न आवश्यक आफ्ना दैनिक कार्य पूरा गर्नेतिर ध्यान जान सक्दैन । मानसिक शान्ति र स्वास्थ्य ठीक राख्नको लागि केही मात्रामा मनोरञ्जनको पनि आवश्यकता हुन्छ तर मनोरञ्जनको पनि सीमा हुनुपर्छ । बुद्धको मूल शिक्षा नै मध्यम स्तरको जीवनमा बस्नु हो । जुन क्षेत्रमा पनि अति भएपछि त्यसले हानि नै गर्छ तर आजभोलि बुद्धको शिक्षा मध्यम मार्गलाई बुझ्न नसकेर धेरै जसो मानिसहरुको पञ्चइन्द्रिय (नाक, कान, आँखा, जिब्रो, र छाला) सन्तुष्ट राख्ने उद्धेश्यले अपार धन र अमूल्य समय बर्बाद गरिरहेका छन् । भिडिओ क्यासेट हेरेर रातभर नसुती बस्ने बानीले धन सम्पत्ति, अमूल्य समय र स्वास्थ्यको समेत विनाश गर्छ । यसरी अति मनोरञ्जन गर्ने बानीले उन्नतिमा बाधा पुऱ्याएको मात्र नभई चरित्र भ्रष्ट र अपराध प्रवृत्तिहरु बढिरहेको देखिन्छ । त्यतिमात्र होइन, भिडियो हेर्न मस्त हुनेहरुले आ-आफ्नो कर्तव्य पालन गर्न बिर्सदैं गएको देखिन्छ ।

Dhamma.Digital

## जुवा खेल्नाले हुने बेफाइदाहरु:-

१. जुवामा सम्पत्ति जित्दा शत्रुहरु बढ्छन् ।
२. आफ्नो धन हेर्दा हेर्दै आफ्नै धन अर्काको हुन पुग्छ ।
३. हारेको सम्पत्तिलाई सम्झदै शोक र पीर हुन्छ ।
४. अरुले आफूप्रति विश्वास गर्दैनन् ।
५. जुवाडे र जुवाडेको सन्तान भनी आफ्ना छोराछोरीको विवाह असहज हुन्छ ।

६. छिमेकीहरुको निन्दाबाट पीडित हुनुपर्ने हुन्छ ।

जुवा त मनोरञ्जनको लागि मात्र भनेर एकछिन पनि खेल्न नहुने खेल हो । वास्तवमा रक्सी खाने त आफ्नो इच्छा पूर्ण भएपछि मस्तले सुत्छ । तर जुवा खेल्ने व्यक्ति जति खेले पनि अघाउन सक्दैन । जुवाडेले सर्वस्व मात्र होइन आफ्नी श्रीमती समेतलाई पनि बाँकी राख्दैन । जुवाडेलाई विश्वास गर्नु हुँदैन । जुवामा जिते पनि हार्ने जुवाडेहरुले ऊप्रति बदला लिने भावनाले पछ्याउने भय हुन्छ । त्यसैले बुद्धले भन्नु भएको छ "जयं वेरं पसवति" अर्थात् विजयीले शत्रु निम्त्याउँछ । त्यसैले उन्नति चाहने व्यक्तिले उपर्युक्त विनासको कारणलाई बुझी त्यस कार्यबाट अलग्गिनु पर्छ ।

<u>पापी साथीहरुको संगतबाट गर्दा हुने बेफाइदाहरुः</u>

१. बदमास साथीले जुवा खेल्न आग्रह गर्छन् ।
२. बेश्यालय जान प्रोत्साहन गर्छन् ।
३. रक्सी सेवन गर्न भट्टीमा लाने कार्य गर्छन् ।
४. चोर्ने र ठग्ने काममा लगाउँछन् ।
५. कुमित्र साथीहरुबाट आफू जानीजानी ठगिएर बस्नुपर्ने हुन्छ ।
६. अपराधी बनाइन्छ ।

त्यसैले साथी बनाउँदा र संगत गर्दा असल र खराब मित्रहरु छुट्याउन सक्नुपर्छ । पापी मित्रको संगतले असल मान्छे पनि पापी बन्न पुग्छ । उदाहरणको लागि दुष्ट भिक्षु देवदत्तको संगतमा परी अजातशत्रु राजकुमारले राज्य सत्ता हत्याउन आफ्नै



Downloaded from http://dhamma.digital

बुबा विम्बिसार राजाको हत्या गरी ठूलो अपराधी बन्न पुगे । राम्रो बचन र राम्रो अनुहारमा भुली मित्र छान्नु हुँदैन । किनभने आजभोलि 'मुखमा राम राम बगलीमा छुरा' भएका थुप्रै कुमित्रहरु मित्रका रुपमा हाम्रा सामु आउन सक्छन् ।

**कस्ता मानिससँग जोगिनुपर्छ ?**

अल्छी मान्छेले जहिले पनि काम गर्ने बेला अनेकौं बहान बनाई काममा आलटाल गरिरहन्छ । अल्छी मानिसलाई समयको महत्व थाहा हुँदैन । त्यस्ता मानिसले आफूलाई अप्ठ्यारो पऱ्यो भने कर्मलाई दोष दिन थाल्छ । आफू अल्छी बनेकोले काम विग्रेको महशुस गर्दैन । उत्साही र परिश्रमी व्यक्ति उन्नति गर्ने कार्यमा अर्काको भरोसामा बस्न चाहँदैन । आत्मनिर्भर बन्ने प्रयास गर्छ । उसको उन्नतिको बाधक अल्छी हो भन्ने कुरालाई महशुस गरी उसले अल्छीपनलाई त्यागछ । अल्छी मानिसले निम्न लिखित बहाना बनाई काम छल्ने गर्छः-

१) काम गर्ने बेलामा धेरै जाडो गर्मी वा यस्तै अनेकौं बहाना बनाई एकछिन पर्ख भन्ने गर्छ ।

२) अहिले अबेला भइसक्यो, साँझ परिसक्यो भनेर आलटाल गर्ने गर्छ ।

३) अहिले निक्कै सबेरै छ, समय थुप्रै बाँकी छ, एक छिन आराम गरुँ भन्ने गर्छ ।

४) अहिले धेरै भोक लागिरहेको छ । खाना खाएपछि आरामसाथ काम शुरु गरुँला भन्ने गर्छ ।



Downloaded from http://dhamma.digital

५) भर्खर खाना खाएकोले पेट टन्न भई उकुसमुकुस भएको छ । चल्नै सकिँदैन । एक छिन आराम लिएर मात्र काम गर्छु भन्ने आदि ।

**पापी मित्रका लक्षणहरु**

भगवान बुद्धले पापी मित्रको व्याख्या गर्नु हुँदै सिगाल पुत्रलाई भन्नुभयो - हे गृहपति पुत्र, शत्रुहरु पनि मित्रको नकाव लगाई भेष बदली आउने गर्छन् । यिनीहरु चार प्रकारका हुन्छन् :- १) जसरी भएपनि केही न केही साथीको चीज बस्तु लिएरै जाने इच्छा भएको व्यक्ति अर्थात पालिभाषामा "अञ्जरत्थुहरो" २) मुखले मात्र प्रिय बचन बोली काम केही नगर्ने अर्थात् 'बचीपरम' ३) ठीक पारेर समयानुकुल कुरा मात्र गरी काम केही नगर्ने अर्थात् "अनुणिय वाणी" ४) वस्तु सम्पत्ति विनाश हुने कार्यमा सहयोग दिने मित्र अर्थात 'अपाय सहाय' आदि ।

**अर्काको वस्तु मात्र लिने मित्रको स्वभाव**

१) जसरी भए पनि अर्काको चीजवस्तु मात्र लिएर जाने ।
२) आफ्नो चिजवस्तु थोरै दिएर अरुको धेरै लिने ।
३) आफूलाई दुःख र आपत परे मात्र मित्र पुकार गर्न जाने ।
४) आफ्नो स्वार्थ पूर्ति गर्नको लागि मात्र काम गर्ने

यस्ता व्यक्तिहरुले ओगटेको समाजको संस्कृति उज्ज्वल र उन्नतिशील हुन सक्दैन । उन्नति र समृद्धि चाहने व्यक्तिले मित्ररुपी मखुण्डो लगाएका कुमित्रहरुलाई चिन्न सक्नुपर्छ ।



Downloaded from http://dhamma.digital

**मीठो बोली बोल्ने मित्रको लक्षण**

१) वितिसकेका अतीतका ब्यर्थ कुराहरुमात्र गरी ठीक पार्ने ।

२) भविष्यमा हुने ब्यर्थ कुरामात्र गरी ठीक पार्ने ।

३) काम नलाग्ने ब्यर्थ कुरा मात्र गरी छक्याउन खोज्ने ।

४) काम आइपरेको बेला लाचारी ब्यक्त गरी आफ्नो असमर्थता प्रकट गर्ने आदि ।

यी अवगुणहरुले भरेका मित्रहरुकहाँ आफूलाई आवश्यक केही चिजवस्तुहरु माग्न जाँदा त्यस मित्रले यसरी जवाफ दिने गर्छ - " अपसोच साथी, तिमी अलि अबेरमा आयौ, हिजो आएको भए मैले सजिलैसित दिन सक्ने थिएँ । के गर्नु, अहिले त छैन, सिद्धिसक्यो" आदि भनेर आश्वासन मात्र दिई मित्रभाव पोख्ने गर्छ ।

त्यस्तै कसैले भविष्यका कुरामात्र राखेर भन्छ - अहो साथी, अहिलेलाई मैले दिन सकिन । बरु तीन चार दिनपछि आउनु म जसरी भएपनि मिलाई दिने प्रयास गर्छु भनी कुराले ठीक पार्ने गर्छन् । आपत परेको साथीले मोटर धनी साथीकहाँ केही घण्टाको लागि मोटर माग्न जाँदा साथीले ड्राइभर नभएको, ब्रेक फेल भएको र मोटर विग्रेको समस्या आदि विभिन्न समस्या देखाई झूठो बहाना गर्नेगर्छ । अगाडि खुब प्रशंसा गर्ने र पछाडि पर्दा गाली गरेर चित्त बुझाउने साथीहरु पनि हाम्रो समाजमा थुप्रै भेटाउन सकिन्छ ।

**मुख अघिल्लितिर मात्र प्रशंसा गर्ने मित्रहरु**

१) नराम्रा पापकर्म (कुकर्महरु) गर्नको लागि सल्लाह लिन जाँदा सहमति दिने मित्रहरु ।



Downloaded from http://dhamma.digital

२) राम्रो काम गर्नको लागि सल्लाह लिन जाँदा पनि टेवा दिई आफ्नो सहमति दिने मित्रहरु ।

३) साथीको अगाडि खुब गुणगान गरी झूठो प्रशंसा गर्ने मित्रहरु ।

४) तर उसको अनुपस्थितिमा त्यही मित्रलाई अवगुण र दोषहरु देखाउँदै गाली गर्ने र कुरा काट्ने मित्रहरु ।

## कल्याण मित्रहरु

कल्याण मित्रहरु चार प्रकारका छन्ः-

१) निस्वार्थ उपकार गर्ने मित्र

२) दुःख सुखमा समान रुपले सहयोग गर्ने मित्र

३) मन लगाई हृदयले आर्थिक सहयोग गर्ने मित्र

४) हितैषी भई अनुकम्पा राख्ने मित्र ।

## उपकार गर्ने मित्रका लक्षणहरु

१) आफ्नो साथीलाई आइपरेको आपत विपतमा नहिच्किचाई रक्षा गर्ने ।

२) उसको सम्पत्तिको रक्षा गरिदिने ।

३) दुःख र भयको अवस्थामा बलियो भरोसा बनी रक्षा गर्ने ।

४) परेको खण्डमा मित्रलाई आशातीत सहयोग दिने ।

त्यसैले संगत गर्दा मानिसहरुले आफ्नो साथीको आनीबानी र बोली व्यवहार राम्रोसँग बुझ्नु जरुरी हुन्छ । अन्यथा दुष्ट मित्रहरुको संगतले जीवनै बर्बाद हुनसक्छ । यस्तो अवस्था धेरै मानिसले भोगेको पाइन्छ ।



Downloaded from http://dhamma.digital

## उन्नति हुने कार्यमा अर्ती दिने

हामीलाई त्यसै गफ गर्नको लागि मात्र साथी चाहिने होइन । राम्रा कुराहरु सिक्नको लागि र ठीक बाटो पहिल्याउनको लागि नै असल साथी चाहिन्छ । त्यसैले असल मित्रले जहिले पनि यो काम ठीक, त्यो काम बेठीक छ भनी मैत्रीपूर्वक सही सल्लाह दिने गर्छ । यसरी निम्न लिखित कुराहरुले हितैषी मित्रको स्वरुप प्रष्ट गर्छन् ।

१) आफ्नो साथीलाई गलत कार्यहरु गर्नुबाट रोक्ने,
२) मित्रलाई ठीक र सही बाटोमा पहिल्याई दिने,
३) पहिले सुन्न नपाएका राम्रा कुरा सुनाउने
४) सुगतिका बाटाहरु देखाइ दिने ।

## अनुकम्पा राख्ने मित्रका लक्षण

१) साथीको पतनलाई आफ्नै पतन ठान्ने
२) मित्रको सुखलाई आफ्नै सुख ठान्ने
३) मित्रको अपकीर्तिलाई रोकिदिने,
४) साथीको कीर्तिलाई साथ दिने आदि ।

उपर्युक्त गुणलेयुक्त भएका व्यक्तिसँग मात्र मित्रको सम्बन्ध राख्नाले चौतर्फी विकास हुने सम्भावना हुन्छ । संसारमा आदिकालदेखि नै पापी मित्र र कल्याण मित्रहरु विद्यमान छन् । अतः समाजको विकास कार्यमा लाग्नको लागि व्यक्तिको सही पहिचान हुनु आवश्यक छ । अनिमात्र जीवन सुखमय र सफल हुन सक्छ । अर्को अर्थमा भन्ने हो भने ठीक समझदारी सबै क्षेत्रमा आवश्यक देखिन्छ ।

यसक्रममा भगवान् बुद्धले सिगालपुत्रलाई आर्य संस्कृतिअनुसार धनलाई कसरी सदुपयोग गर्ने भन्ने बारे व्याख्या गर्नुहुँदै भन्नुभयो - "आफ्नो समृद्धि र उन्नति गर्न चाहने व्यक्तिले खुब परिश्रम गरेर पैसा कमाउनुपर्छ केवल दैनिक जीवनमा खान लगाउनलाई पुग्नेगरी कमाउने र खर्च गर्ने व्यक्तिको उन्नति हुन सक्दैन । धनको खर्च र सदुपयोग गर्ने तरीका यसप्रकार हुनुपर्छ भन्दै निर्देशन दिनुभयोः-

*एकेन भोगे भुञ्जेय्य द्विहि कम्मं पयोजये,*

*चतुत्थं च निधापेय्य आपदासु भविस्सति*

अर्थात् कमाएको धनलाई चार भागमा विभाजन गर्न सक्नुपर्छ । एक भाग दैनिक जीवन चलाउनको लागि दुई भाग जीविकोपार्जन अर्थात् व्यापारको लागि र एक भाग भविष्यमा भैपरी आउने कार्यहरु गर्नका लागि जस्तै विरामी हुँदा औषधीपचार र जातिबन्धुहरु आउँदा सत्कारका लागि छुट्याउनु पर्छ । खानको लागि मात्र धन कमाएर पुग्दैन । मेहनत र परिश्रम गरेर कमाएको धनलाई कसरी सदुपयोग पनि गर्नुपर्छ भन्ने कुरालाई माथि उल्लिखित कुराले प्रष्ट पार्छ । यसरी धन उपार्जन र सदुपयोग गर्न सक्ने व्यक्तिले धनको कारणले दुःखी र गरीब हुनुपर्दैन । आम्दानी अनुसार खर्च गर्न नजान्ने र पर्याप्त आम्दानी नभएका व्यक्तिहरुले वर्तमान समयमा धेरै दुःख कष्ट भोगिरहेका छन् । आम्दानी भन्दा खर्च धेरै गर्ने बानी बसेका मानिसहरु पनि नभएका होइनन् । खर्च गर्नको लागि चाहिने जति मात्रामा आम्दानी नभएका व्यक्तिहरुको संख्या पनि कम छैन । बुद्धको संस्कृति अनुसार आर्थिक असन्तुलन र असमानता पनि समाजको पतनको लक्षण र कारण हो।



Downloaded from http://dhamma.digital

व्यक्तिको घरमा र समाजमा सुखमय र शान्तिमय वातावरण सुव्यवस्थित गर्नको लागि बुद्धको या आर्य संस्कृतिको आर्थिक ढाँचा र विधि उपयोगी छ । आर्य संस्कृतिअनुसार धन उपार्जनको व्यवस्था राम्रो हुनुको साथसाथै यसको सदुपयोग पनि राम्रो तरिकाले हुनुपर्ने देखिन्छ ।

समाज सेवामा संलग्न भएका व्यक्तिहरुले र देशको संरक्षण गर्ने राजाहरु समेतले यी चार प्रकारका विधि अनुसार समाजसेवा गर्नुपर्ने कुरा बुद्धले निर्देशन दिनुभएको छ ।

१) दान (त्याग)

२) प्रिय वचन

३) अर्थचर्या (उपकार)

४) समानता

**दानः**

राष्ट्र र जनतालाई आधारभूत आवश्यकताका रुपमा नभई नहुने चीज वस्तुहरु खाना, वस्त्र वा औषधोपचार आदिको आपूर्ति गरिदिने अर्थात व्यवस्था गरिदिने ।

**प्रिय वचनः**

देशका संरक्षकले, राज्य संरक्षकले प्रिय र नरम बोलीद्वारा जनतालाई सही व्यवहार गर्ने, सही कुरा गरी सेवा गर्ने ।

**अर्थचर्याः**

जनताको आर्थिक विकासको व्यवस्था मिलाउने, ऋणी जीवनबाट मुक्त गर्ने आदि उपकारका कामहरु गरिदिने कार्यलाई अर्थचर्या भनिन्छ ।

**समानताः**

जनताहरुको बीच उत्पन्न हुने धनी र गरीबको भेदभावलाई मिटाई सेवा गर्ने । उनीहरुको जीविकालाई सहज र आनन्दित बनाउनेतर्फ बढी ध्यान दिने, पीडित र शोषित जीवनबाट मुक्त गरिदिने र जनताको सुख दुःखमा साथ दिनपर्छ भन्ने यसको तात्पर्य हो ।

यसरी देशका जनतालाई सुख सुविधाको व्यवस्था मिलाई सेवा गर्नाले जन सहयोग पनि सजिलै पाउन सकिन्छ । किनभने यो संसार परस्परको विश्वास र मायामा अडेको छ । बुद्धको विचारअनुसार आर्थिक सुधार विना जनसंस्कृतिको रक्षा हुँदैन र साँस्कृतिक जीवन उज्ज्वल हुनसक्दैन । संस्कृतिको रक्षा नै आर्थिक उन्नति हो । आर्थिक ढाँचामा सबैकुरा निर्भर छ । अनि मात्र आध्यात्मिक उन्नति हुनेछ । यही नै बुद्धको साँस्कृतिक उन्नति हुने अर्थनीति हो । यही नै आर्य संस्कृतिको लक्षण पनि हो ।



Downloaded from http://dhamma.digital

# शान्तिको लागि मैत्री भावना

हामी सबै शान्ति चाहन्छौं, तर शान्तिको लागि के गर्नुपर्छ, उपाय के छ भन्ने बारे हामी गहन विचार गर्दैनौं मुखले मात्र शान्ति शान्ति भन्छौं तर काम चाहि अशान्ति हुने मात्र गर्छौं । शान्तिको लागि पहिले मैत्रीको अर्थ राम्ररी बुझ्नुपर्छ । द्वेष र शत्रु भावरहित स्वच्छ मनको स्वभाव भएमा नै मैत्री चित्त हुनसक्छ । हालसालै भनुं केही वर्ष पहिले माओवादीले शस्त्र त्यागी युद्ध विराम घोषणा गरेर सरकारसित शान्तिवार्ता गर्न आएर प्रधानमन्त्रीसित हात मिलाए । यो आगो र पानीको मिलन जस्तै भयो । मैत्री र मित्रभाव नभएको भए दुई शत्रु कसरी एउटै मञ्चमा उपस्थित भए । हुन त स्थायी शान्ति हुनेमा शंका नै छ र दुवै पक्षमा शुद्ध मैत्री भाव छ छैन भविष्यमा थाहा पाउने कुरा हो । हाल माओवादी सरकार बनाउन आलटाल भइरहेको देख्दा ठुलठूला पार्टीबीच र परस्पर शुद्ध मैत्री छैन जस्तो लाग्छ । यतातिर धेरै चर्चा नगरुँ ।

अब यहाँ शान्तिका लागि भिक्षु शारिपुत्र महास्थवीरले भिक्षुहरुलाई दिनुभएको शिक्षाको सारांश उल्लेख गर्न लागिरहेको छु । मानिसले आफ्नो जीवनलाई जीवनवादी बनाउने हो भने पाँच प्रकारका मानिसहरुप्रति द्वेष भाव नराखिकन, रीस नगरीकन, घृणा नगरिकन मैत्रीभाव राख्नुपर्छ ।



Downloaded from http://dhamma.digital

१. शरीरले नराम्रो काम गर्ने तर वचनले भने राम्रो कुरा गर्ने र बोली नरम भएको मान्छेप्रति मैत्री कसरी गर्ने ? पंशुकूल चीवर वस्त्रधारीले (मसानमा फालिराखेको कपडालाई बायाँ खुट्टाले टेकी दायाँ खुट्टाले फैलायी भुत्रो नभएको अलि बलियो र राम्रो छुट्टयाएर च्यातेर लिएजस्तै शारीरिक दुराचार तिर ध्यान नदिइकन वचन बोली शुद्धि र नरम तिर मात्र ख्याल राखी क्रोध नगरिकन मैत्री भाव राख्ने ।

२. शरीरले गर्ने काम राम्रो भएपनि वचन बोली नराम्रो भएकाप्रति घृणा नगरी क्रोध नगरी मैत्रीभाव राख्न सक्नुपर्छ । जसरी गर्मीमा दिउँसो बाटोमा हिंडीराखेको मान्छेले रुखको पातहरुले छोपेको पोखरी देखे, त्यहाँको पात हटाएर दुवै हातले पानी लिएर पिउँछ, त्यसरी नै शरीरले गरेको राम्रो कामतिर मात्र ध्यान दिएर उसप्रति मैत्रीभाव राख्ने ।

३. शरीरले गर्ने काम पनि राम्रो छैन, वचन बोली पनि राम्रो छैन तर कहिलेकाँही धर्म-कर्म र ध्यान भावना गर्ने काममा संलग्न हुन्छ भने त्यसप्रति कसरी मैत्री राख्ने ? गाई गोरुले कुल्चेर खाल्टो परेको ठाउँमा रहेको पानी हातले कचौराले नलिईकन गाईले जस्तै हातखुट्टा भुईमा टेकी मुखले मात्र पानी पिउने जस्तै त्यस्ता प्रति मैत्री भाव राख्ने ।

४. शरीरले गर्ने काम पनि राम्रो छैन, बोली पनि राम्रो छैन, समय समयमा धर्मकर्म पनि नगर्ने मान्छेप्रति करुणा राखी उसको भलो र हित भए हुन्थ्यो, विरामी मान्छे कतै गइरहेको देखेर उसलाई कसैले हेरचाह र उपकार गरे हुन्थ्यो । त्यो असल



Downloaded from http://dhamma.digital

भए हुन्थ्यो भन्ने मनमा राख्ने । त्यो व्यक्ति मरेपनि हुन्छ भनी कल्पना नगरी उसप्रति मैत्रीभाव राख्ने ।

५. शरीरले राम्रो काम पनि गर्छ, बोली पनि नरम छ । धर्म-कर्म पनि गर्छ भने उसप्रति ईर्ष्या नगर्ने तर मैत्री भाव राख्ने ।

जसरी राम्रो पोखरीमा गई नुहाएर पानी खाने गरिन्छ यसैगरी चित्त उत्पन्न गर्नका लागि उपयोगी एउटा-दुईटा घटना प्रस्तुत गर्छु ।

१) प्रख्यात व्यक्ति महात्मा शुकरातसँग एकपटक कसैले प्रश्न गरे - चन्द्रमामा पनि दाग छ र पानस मुनि पनि अँध्यारो छ, किन ?

शुकरातले प्रति प्रश्न गरी उत्तर दिए - चन्द्रमामा भएको दागलाई छोडी अधिकांश प्रकाशलाई कसरी नदेखेको ? मतलब कमजोरी र नराम्रोतिर ध्यान दिई राम्रो तिर ध्यानदिए बेस र राम्रो हुने हुन्छ ।

२) वचन नराम्रो भएकोले साह्रै मिलेका दुईजना भिक्षुमध्ये एकजनाको ज्यान गयो । समुद्रमा दुवैजना नुहाउन गएका थिए । एकजनाले पहिले नै नुहाएर आफ्नो साथीको जुत्ता लुकाइदियो । अर्को साथी आएर हेर्दा आफ्नो जुत्ता नदेखेर उसले भन्यो, "कुन कुत्ताले मेरा जुत्ता लग्यो क्यारे ?"

जुत्ता लुकाउने भिक्षुलाई रीस उठ्यो उसमा मैत्रीभाव रहेन । कुन कुत्ताले जुत्ता लग्यो भन्ने आफ्नो साथी भिक्षुलाई उसले चक्कुले धसेर मारिदियो । मैत्रीभाव नरहे यस्तो अप्रिय घटना हुन्छ ।

## दोष लगाउने व्यक्तिमा हुनुपर्ने गुणहरु

आजभोलि आलोचना गर्नेहरु र अरुलाई दोष लगाउनेहरुको संख्या कम छैन । त्यस्तै दोष नआउने गरी काम नगर्नेहरुको संख्या पनि कम छैन । हुन त निर्दोष व्यक्ति माथि पनि दोष आउने गर्छ । ईर्ष्याले गर्दा निर्दोष व्यक्तिलाई लांछना लगाउने गरिन्छ । त्यसैले होला बुद्धले "नत्थि लोके अनिन्दिता" अर्थात निन्दाबाट बच्ने यो संसारमा कोही छैन । भनेर भन्नु भएको ।

एकपटक बुद्धले भन्नु भएको थियो -

*"नपरेसं विलोमानि नपरेसं कताकतं*

*अत्तनोव अवेक्खेय्य कतानि अकतानि च ।"*

भाव अर्थ- अर्काको दोष अर्थात अरुले के गऱ्यो गरेन भनेर हेर्नुभन्दा आफ्नो दोष र आफूले त्यस्तो दोष हुने काम गरेको छ कि छैन भन्नेतिर ध्यान दिनु उत्तम र राम्रो हुन्छ । अर्काको दोष मात्र खोजिरहनु जस्तो खतरा सरुवारोग बुद्धको पालादेखि चलिरहेको छ । फैलिरहेको छ , त्यसैले बुद्धले भन्नुभएको शान्तिको लागि आफू असल मान्छे बन्नुपर्छ । अर्काको दोष मात्र खोज्नु उचित छैन । यसको मतलब यो होइन कि आमा बुबाको कमजोरी देखेर छोराछोरी पनि चुप लागेर बस्नु र त्यस्तै गुरुको दोष देखेर पनि चेलाहरु पनि चुप लागेर बस्नु उचित होइन ।

जेहोस बुद्धले र सारिपुत्र महास्थवीरले दिनुभएको दोष लगाउनेमा हुनुपर्ने पाँच गुणहरु थाहा पाइराख्दा कामलाग्छ । ती यस प्रकार छन्ः

१. उचित समयमा दोष लगाउनु पर्छ, जुन बेलामा पनि दोषको



Downloaded from http://dhamma.digital

कुरा भन्नु हुदैन ।

२. सत्य कुरा मात्र भन्नुपर्छ, न भएको असत्य कुरामा दोष लगाउनु हुन्न ।

३. नरम वचनले दोष लगाउनुपर्छ, झोकिएर भन्नु हुदैन ।

४. दोषीको भलो गर्ने नियत राखी दोष लगाउनु पर्छ, विगार्ने नियतले दोषारोपन गर्नु हुदैन ।

५. मैत्रीपूर्ण चित्तले सम्झाउनु पर्छ, द्वेष चित्तले भन्नुहुन्न ।
उपयुक्त गुण विना अरुलाई दोष दिँदा मानिसहरु रिसाउने हुन्छन् ।

कहिले कहिले मेरो आफ्नै शिष्यहरुको दुर्व्यवहार देख्दा उनीहरुलाई गाली गर्दा अथवा अर्ती दिँदा अलि झोक्किएर भन्ने बानि मेरो पनि छ । त्यसबेला एक दुईजना शिष्यहरुले मलाई भन्ने पनि गर्छन् "अलि नरम स्वभावले सम्झाइ दिनुस न । त्यसरी रिसाएर भन्नु अनुकूल हुदैन । " अनि मलाई कस्तो कस्तो लाग्छ अनि राम्रै कुरा भने को हो भनी महसूस पनि हुन आउँछ ।

भिक्षु सारिपुत्र महास्थवीरले भन्नुभयो, "यदि कसैले कसैलाई अन्याय र अधर्मपूर्वक दोष लगाए भने उसलाई सम्झाइदिनु पर्छ । उनीलाई फलानाले जुन दोष लगाएको छ, त्यो भन्न मिल्दैन । तैपनि नरिसाइकन सहनसके शान्ति हुन्छ, कलह शान्त हुन्छ ।"

त्यस्तै दोष लगाउनेलाई पनि फलानालाई दोष लगाएको ठीक छैन,। अफसोस प्रकट गरी गल्ती महसूस गरेर क्षमा माग्नुपर्छ ।

लांछना दोष लगाइएकोलाई पनि सम्झाइ दिने कि उनलाई दोष लगाएको कुरा ठीक हो र उनले गल्ती स्वीकार गर्न सक्नुपर्छ

र गल्ती महसूस गर्नुपर्दछ ।

दोष पाएको व्यक्तिमा दुईवटा कुरा हुनु पर्छ । १) सत्यता २) रिसालु स्वभाव नहुनु । आफूमा लगाएको दोष साँच्चै आफूमा भएको हो कि होइन, त्यस प्रकारको गल्ती आफूले गरेको छ कि छैन सम्झी रहेछ भने गल्ती स्वीकार गर्ने, नभए छैन भनेर अस्वीकार गरिदिने गर्नुपर्छ ।"

यी कुराहरु भिक्षु सारिपुत्रले तथागत बुद्धलाई भनिदिंदा बुद्धले भन्नुभयो "सारिपुत्र, तिमीले त्यसरी बताए तापनि अज्ञानी अशिक्षितहरुले त्यस्ता कुरालाई मान्दैनन् र सुन्दैनन् ।"

भिक्षु सारिपुत्रले भने "अश्रद्धाले पेट पाल्नको लागि मात्र भिक्षु बन्न आउने, अशिक्षित अहंकारीहरुले मात्र यस्ता कुरा सुन्दैनन् र रिसाउँछन् । श्रद्धापूर्वक भिक्षु बन्न आएकोले त यस्तालाई मान्छन् नै, अनि अनुशासित पनि हुन्छन ।"

गौतम बुद्धले भन्नुभयो- "तैपनि अशिक्षित छलकपटी भई अश्रद्धाले भिक्षु बन्न आउनेहरुलाई अर्ती नदिनु बेस छ । उनीहरुले उल्टो अर्थ लगाउँछन् । त्यस्ताहरु ठीक समझदारी भएको कुरा सुन्न तयार हुदैनन् र रिसाउँछन् । त्यसैले शिक्षित र ज्ञानी भिक्षुहरुलाई मात्र अर्ती दिने गर ।"

आनन्द भिक्षुलाई आफ्नो स्थायी सेवकको रुपमा बुद्धले मनोनित गर्नेबेला भिक्षुहरुले बुद्धलाई नाताबादको आरोप लगाएका थिए । आनन्दले पनि दोषारोपणबाट मुक्त हुनलाई आफू बुद्धको सेवक बन्नु भन्दा अगावै आठवटा शर्त राखेका थिए ।

१. बुद्धलाई प्राप्त भएको मिठो खाना र राम्रो चीवर (वस्त्र)



Downloaded from http://dhamma.digital

आनन्दलाई नदिने ।

२. बुद्धलाई व्यक्तिगत निमन्त्रणा गरिएको ठाउँमा आनन्दलाई नलैजाने ।

३. बुद्ध सुत्ने कोठामा आनन्दलाई नसुताउने ।

४. आनन्दले स्वीकार गरेको ठाउँमा बुद्धले निमन्त्रणामा जानुपर्ने ।

५. बाहिरबाट बुद्धको दर्शनार्थ आउने श्रद्धालुलाई जुन बेलामा पनि बुद्धकहाँ लैजान पाउनु पर्ने ।

६. आनन्द अनुपस्थित ठाउँमा बुद्धले दिएको उपदेश फेरि आनन्दलाई सुनाउनु पर्ने आदि शर्तलाई बुद्धले स्वीकार गर्नुभयो र सराहना गर्नुभयो । यी कुरा हुनु आनन्दको दुरदर्शिता हो भनी बुद्धले प्रशंसा गर्नुभयो ।

**मति राम्रो भए गति राम्रो हुन्छ ।**

बुद्धको संस्कृति र शिक्षा अनुसार उदार र फुक्का मनले गरेको काम सफल र सन्तोषजनक हुन्छ । अर्को भाषामा भन्ने हो भने प्रतिफल राम्रो र सुखदायक हुन्छ । हुनत जुनसुकै काममा पनि अगुवा हुनु मनको स्वभाव हो । त्यसैले होला मानिसको मन अगुवा भएर जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मनले कसैले केहि बोल्यो वा केही काम गऱ्यो भने जसरी गोरुको पछिपछि गाडाको पाँग्रा गुडेर आए जस्तै नराम्रो प्रतिफल त्यसको पछिपछि लागेर आउँछ । यसरी नै राम्रो चित्त लिएर कसैले केही बोल्यो वा केही काम गऱ्यो भने आफ्नो पीछा नछोड्ने छाँयाझैं सुख पछिपछि लागेर आउँछ ।



Downloaded from http://dhamma.digital

भारतले केही समयअघि लुम्बिनी अंचल नजीकै मर्चवारमा बाँध बाँधेर लुम्बिनीलाई नै डुबाउने काम गर्न थालियो भन्ने चर्चा परिचर्चा हुन थालेको छ । यदि यो कुरो साँचो हो भने त्यस कामले करोडौं मानिसहरुको चित्त दुखाउने हुन्छ । यसलाई पनि राम्रो भएको भन्न मिल्दैन ।

भारत ठूलो देश मात्र होइन, बुद्धको कर्मभूमि पनि हो । अतः त्यसको मन साँगुरो हुनु सुहाउँदैन । त्यस्ता बदनियति कामले देखाइरहेको हुन्छ भारतको मन ठूलो छैन ।

नेपाल गौतम बुद्धको जन्म भूमि हो भने भारत बुद्धको कर्मभूमि हो । बुद्धको जन्म नेपालमा भएतापनि उहाँले बुद्धत्वलाभ गरेर ४५ वर्षसम्म आफूले प्राप्त गरेको ज्ञानलाई भारतमा प्रचार गर्नुभयो । उहाँले प्रचार गर्नु भएको संस्कृति र शिक्षाको मुख्य सारांश नै सम्यकदृष्टि (ठीक समझदारी) हो । त्यसबाट संकीर्ण र साँघुरो मन सोझो र उदार हुनुपर्ने हो । सम्यकसंकल्प - (ठीक, नियत र सोचाई), सम्यक बचन (ठीक बोली) अर्थात बोली झूठो, चुक्लीयुक्त, कडा र व्यर्थको नहुनु । मन चोखो नभएको खण्डमा बोलेको र गरेको काम नराम्रो हुन्छ । बुद्धको पालामा तत्कालीन मानिसहरुको मन (हृदय) स्वच्छ थिएन । त्यस्ता मानिसहरुको मन स्वच्छ पारेर तिनीहरुलाई असल मान्छे बनाउनु बुद्धको लक्ष्य र संस्कृति थियो ।

बुद्धको संस्कृति र शिक्षा अनुसार कुनै काम गर्दाखेरि आफूलाई पनि अरुलाई पनि भलो हुने गरी गर्नुपर्छ । अहिले जुन बाँध लुम्बिनी नजिक निर्माण भइरहेको छ त्यो शुद्ध नियतले बनाउन



Downloaded from http://dhamma.digital

लागेको जस्तो छैन किन भने राम्रो नियतले बनाएको भए त्यत्रो ठूलो विरोधको आवाज किन उठिरहेको होला ?

बुद्धको संस्कृति अनुसार ठूलो र विद्धान व्यक्तिमा नरमपन हुनु र छिमेकीहरुसँग मिलेर वस्ने र राम्रो व्यवहार हुनु भविष्य उज्जवलको निम्ति हुनेछ । तब शान्तमय समाज बनाउन सकिन्छ । छिमेकीको चित्त दुखाएर बस्नु शान्तिको लक्षण होइन । यस विषयमा परस्परमा सम्यकदृष्टि भएमा राम्रो हुनेछ ।

मानिसको व्यवहार नै उसको परिचय हो । बुद्धको शिक्षामा शीलको कुरो प्रथम स्थानमा आउँछ । मतलब आचरण राम्रो हुनुपर्छ । एउटा बसभित्र लेखिराखेको छ ,"तपाईको व्यवहार नै तपाईको परिचय हो" बसमा बस्नासाथै अधिकांश यात्रुले त्यो कुरा पढ्ने गर्छन र पढ्न सक्छन् । बसमा त्यस्ता कुरा लेखिएको भएपनि यात्रुहरुको व्यवहार भने अचम्मकै हुन्छ । यहाँ पनि त्यस्तै अचम्मको घटना घट्यो । बसको ढोका खोलिएको थियो । एक यात्रुले बसको ढोकातिर नै थुकिदियो । त्यही बेला एकजना यात्रु बसमा चढ्न थालेका थिए, त्यही यात्रुको जिउमा थुक पर्‍यो । भाग्यवश झगडा चाहिँ परेन किनभने थुक थुक्ने व्यक्तिले आफ्नो खल्तीबाट रुमाल झिकी उनको जीउमा परेको थुक पुछिदियो र आफ्नो गल्ती स्वीकारी माफी माग्यो । गल्ती स्वीकारी माफी माग्नु राम्रो संस्कृति र मति भएको लक्षण हो । अर्को पक्षले सहनशीलता देखाइदियो । त्यहाँ शान्ति भयो । अशान्ति भएन ।

अखबारमा पढेको एउटा घट्ना स्मरण आयो । बेलायतको घटना हो । दुईजना मात्र व्यक्ति विजुलीबाट चल्ने लिफ्ट चढेका



Downloaded from http://dhamma.digital

थिए । एकजनाले अचानक अर्कोको जीउमा थुकेछ । जीउमा थूक परेको व्यक्तिले आफ्नो खल्तीबाट रुमाल झिकी पुछेर चुप लागेर बस्यो रे। पछि थुक्ने मान्छेले सोधेछ । तपाईलाई रीस उठेन ? अर्को मान्छेले भन्यो, रीस उठेर के गर्ने ? के फाइदा? दुईजना बीच झगडा गरेर दुबैको टाउको फुटाउने ? सहनु नै बेस ।

उसको कुरा सुनेपछि थुक्ने व्यक्तिले माफी मागेर बाहिर गयो रे । अशान्ति भएन। शान्ति भयो । यहाँ दुवैको मति राम्रो भएकोले शान्ति मिल्यो । जसमा लेखिएको "तपाईको व्यवहार नै तपाईको परिचय हो ।" वाक्यलाई धेरै व्यक्तिले पढ्ने त गर्छन् तर त्यस शिक्षात्मक वाक्य पढी शिक्षा लिने कतिजना हुन्छन् । त्यो भने विचारणीय विषय हो । कहिले काहिँ कण्डक्टरले बसभाडा माग्दा कममात्र भाडा तिर्ने व्यक्तिहरु पनि हुन्छन् । त्यस्तो अवस्थामा कडा मिजासको कण्डक्टर परेमा झगडा नै हुने गर्छ । तर मन नरम र असल स्वभावको कण्डक्टर परेमा अशान्ति हुदैन । शान्ति को वातावरण बनाउनु नै बुद्धको संस्कृति हो ।

यो हरेक मानिसको आ-आफ्नो व्यवहार र मनको कुरो भयो । बुद्धको संस्कृति र शिक्षा अनुसार शील (सदाचार) समाधि ( चित्त एकाग्रता) र प्रज्ञा (विवेक बुद्धि)अनुसार आफू आफ्नो व्यवहार राम्रो पार्नु असल र राम्रो कुरा हो । अनि शान्तिको लागि काम लाग्ने कुरा हो ।



Downloaded from http://dhamma.digital

# बुद्धलाई किन सम्मान गर्छन् ?

गौतम बुद्ध सही रुपमा त्यागी हुनुहुन्छ । सही रुपमा चित्त शुद्ध भएको नै महापुरुष हुन्छ । बुद्ध "मयावादी तथाकारी" अर्थात जसरी बोल्नुहुन्छ त्यसरी नै काम गर्नुहुन्छ र क्रियाशील हुनुहुन्छ । साधारण मानिस जसरी बोल्छन त्यसरी काम गर्दैनन् । तिनीहरुको भनाइ र गराइमा फरक हुन्छ ।

बुद्ध आफू बोध भएपछि मात्र अरुलाई बोध गराउनुहुन्छ । आफू शान्त भएपछि मात्र अरुलाई शान्त हुनुपर्ने उपदेश दिनुहुन्छ । बुद्धका यी गुणहरु धेरैलाई थाहा छैन । यो कुरा निम्नलिखित घटनाबाट अनुमान गर्न सकिन्छ ।

एकदिन बुद्ध भिक्षाटनको लागि बिहानै बिहारबाट निस्कनुभयो । समय अलि सबैरै थियो । अनि वहाँ नजिकैको ठाउँमा उदामि नामक अबौद्ध प्रव्रजित कहाँ जानुभयो । त्यहाँ जम्मा भई रहेकाहरुको छलफल भैरहेको थियो । गौतम बुद्धलाई देख्नासाथ चुप लागेर तिनीहरु बुद्धलाई स्वागत गर्न तत्पर भए । अनि गौतम बुद्धले उनीहरुसँग सोध्नुभयो । यहाँ के कुरा भइरहेको क्यारे ?

उनीहरुले उत्तर दिँदै भने " कुन प्रकारको धार्मिक गुरुलाई आफ्ना शिष्यहरुले धेरै गौरब सम्मान गर्दारहेछन् ? भन्ने विषयमा

छलफल हुँदा तपाईंको नाउँ अग्रपंक्तिमा आएको थियो । तपाईंलाई नै आफ्ना शिष्यहरुले धेरै सम्मान गर्ने गरेको र तपाईंकै सम्मान हुने भएको कुरा भैरहेको थियो ।"

तब बुद्धले सोध्नुभयो - "मेरो विषयको यो कुरा कसरी थाहा पाइएको नि ?"

उनीहरुले भने - "एकसमय तपाईंले धर्म उपदेश दिइरहनुभएको बेला एकजना भिक्षुलाई खोकी आएको थियो । त्यसबेला उनलाई अरु भिक्षुहरुले भनेका थिए कि तथागतद्वारा धर्म उपदेश भइरहेको बेला खोक्नु हुन्न । त्यहाँ सबैजना शान्तपूर्वक धर्म उपदेश सुनिरहेका थिए । शान्तसँग बस्न अनुरोध गरिएको थियो । तपाईंको धर्मकथा शान्तपूर्वक सुनेर कसैकसैले ज्ञान लाभ गरिरहेको देख्यौं ।"

बुद्धले फेरि सोध्नुभयो - "यसरी मेरो सम्मान गरिएको कारणको बारेमा तपाईंहरुले के ठान्नु भयो नि ?" यस विषयमा उनीहरुको विचार अनुसार पाँचवटा कारणहरु रहेका छन् । जस्तैः

१. बुद्धले धेरै भोजन गर्नुहुन्न ।
२. सादाखाना खानु हुन्छ ।
३. साधारण बस्त्र पहिरहनु हुन्छ ।
४. सामान्य एवं भुईंमा पनि बस्नु हुन्छ ।
५. धरैजसो एकान्त स्थानमा बस्नुहुन्छ ।

बुद्धले भन्नुभयो, "तपाईंहरुको कुरा सुन्दा त म भन्दा मेरा चेलाहरु माथि परेको जस्तो लाग्यो । यहाँ बाटोमा मागिरहेका भिखारीहरु पनि गुणी, कम खाने, साधारण वस्त्र लगाउँछन्, भुईंमा



Downloaded from http://dhamma.digital

सुत्छन् तर मलाई मान्नुको कारण भने यतिकै होइनन्, अर्को विशेष कारणहरु छन् । ती कारणहरु यस प्रकारका छन् ।

१) शीलवान र सदाचार सम्पन्न, संयमी र मनलाई वशमा राख्न सक्नु । मनले भनेको काम नगर्नु । मनले डोऱ्याएको ठाउँमा नजानु । अर्को भाषामा भन्ने हो भने मनले चिताए अनुसार आचरण नगर्नु । म जुन काम गर्छु धेरै मानिसहरुको हित र सुख हुने काम गर्छु । कसैको अहित हुने काम गर्दिन ।

२) म जुन धर्मको कुरा भन्छु त्यो आफूले अनुभव गरेको मात्र भन्छु, आफूलाई अनुभव नभएको कुरा भन्दिन । बनावटी र विद्वत्ता देखाउने बुद्धि विलासिताको कुरा गर्दिन ।

३) जुनकुरा भन्ने गर्छु पछि त्यसको प्रतिक्रिया नआउने गरी दुरदर्शी ज्ञानले मात्र गर्छु जसले गर्दा पछि त्यस विषयमा खण्डन मण्डन नआउन् ।

४) शिष्यहरुलाई टाउको दुख्ने र बोझ हुने खालको शिक्षा दिन्न । यहाँ दुःख छ, दुःखको कारण छ त्यसैले दुःखबाट मुक्त हुने र दुःखबाट मुक्त हुन सक्ने बाटो देखाइदिन्छु । मानिसको लागि जीवनको भविष्य उज्ज्वल हुने बाटो देखाइदिन्छु ।

५) शिष्यहरु समक्ष यस्तो कार्यक्रम र गतिविधि राख्छु जुन बाटोबाट जुन कार्यक्रमबाट उनीहरु सरलतापूर्वक गतिशील हुन सकुन् । फलस्वरुप केहीले अरहत् (निर्दोष र निष्कलंक) हुनुपुगे । सादा खानपान र सादा वस्त्र लगाएको हुँदा मेरा शिष्यहरुले मलाई मान सम्मान गरेका होइनन् । सम्मानको मुख्य कुरो त संयमित र सदाचारको अनि चित्त शुद्ध हुनु र कर्तव्य परायणताको

कुरा हो ।" (साभार तथागत हृदय)

बुद्धको शिक्षा र संस्कृति सरल छ, व्यवहारिक छ, बुद्ध कट्टरपन्थी हुनुहुन्न । मध्यम मार्गी हुनुहुन्छ । परम्परावादी हुनुहुन्न भने गतिशील हुनुहुन्छ । उपर्युक्त कुराले के थाहा पाउँछ भने बौद्धहरुको बुद्धप्रतिको श्रद्धा र विश्वास एकतर्फी छ, न्यायनुकूल छैन । त्यसैले ठीक छैन ।

आज भोलि भिक्षुहरुको रहन-सहन र विहारको आधुनिकता र विलासिताको वातावरण देख्दा धेरै जनाको भनूं केही बुद्धिजीवीहरुको आस्था र श्रद्धामा आँच आएको चर्चा छ । त्यागीहरुको रहन सहन साद्यासीधा हुनुपर्छ भन्ने चर्चा चलिरहेको छ । हुन त त्यागी भिक्षुहरुको लागि उत्ताउलो र विलासी जीवन शोभा हुदैन तर बुद्धको शिक्षा यसप्रकार छ ।

*अलंकतोचेपि समं चरेय्य,*

*सन्तो दन्तो नियतो ब्रह्मचारी*

*सो ब्राह्मणो सो समणो स भिक्खु ।*

अर्थात् जीवनमा धेरै राम्रो पहिरन र रहन सहन भएपनि यदि उसको जीवन शैली शान्त र संयमित भई उत्तम चर्याको भए उसलाई श्रमणक भनिन्छ, मतलब त्यसमा आपत्ति छैन । यो बुद्धको संस्कृति हो । मुख्य कुरो आचरण राम्रो र चित्त शुद्ध हुनु पर्छ। संकुचित विचार हुनुहुँदैन । अरुको लागि कचिंगलको जीवन भइदिनु हुँदैन । हृदय साँगुरा हुनु हुँदैन । बुद्धको चित्त शंख जस्तै सेतो र शुद्ध छ । त्यसैले उहाँप्रति श्रद्धापूर्वक मानिसहरुले सम्मान गौरव गर्छन, पूजा गर्छन् ।



Downloaded from http://dhamma.digital

## दान दिनु ठूलो कुरो होइन त्याग गर्नु ठूलो कुरो हो

*सब्ब पापस्स अकरणं कुसुलस्स प्रपसम्पदा*
*सचित्त परियोदपनं एतं बुद्धानसासनं*

भावार्थ, सबै प्रकारका पाप कर्म नगर्नु , पूण्यकर्म गर्नु, अनि चित्त शुद्ध गर्नु यो बौद्धहरुको शिक्षा (संस्कृति) हो ।
यसको तात्पर्य हो पाप कर्म नगर्नाले मात्र पर्याप्त छैन र धर्मकर्म गरेर मात्र पनि पुग्दैन, चित्त नै शुद्ध हुनु जरुरी छ । चित्त शुद्ध गर्नुपर्ने कुरा धेरैलाई थाहा छैन । धर्म गर्दाखेरि चित्त शुद्ध हुन्छ नै भन्नेहरु मात्र धेरै छन् ।

बुद्धको विचार अनुसार धर्म एकपटक गर्दैमा चित्त शुद्ध हुन्छ भन्ने होइन । अर्थात् यस कुरालाई बुद्धले मान्नुहुन्न ।
एक समय बुद्धकहाँ गएर एकजनाले प्रश्न गऱ्यो, "भन्ते १ धर्मगर्नेहरु सबै सुगतिमा (स्वर्ग) जान्छन् ?"

बुद्धको उत्तर थियो, "जादैनन्, किनभने धर्मकर्म गर्ने सबैको चित्त शुद्ध हुन्छ नै भन्ने हुँदैन । धर्मकर्म गर्नेहरु मध्ये कुनै कुनैले नाउँ कमाउने र मरिसकेपछि भवभोग सम्पत्ति धेरै पाउने आशाले गर्छन् ।फेरि अर्कोथरि धर्मकर्म गर्नेहरुमा यस्तो अंहकार हुने हुन्छ कि कोही भन्दा ऊ के कम छ र भनी प्रतिस्पर्धा गर्ने जस्तो देखावटी घमण्ड राख्दछन् । देखावटीको रुपमा धर्मकर्म गर्नेहरु सुगतिमा जाँदैन । दान गर्नु ठूलो काम होइन, त्याग गर्नु ठूलो काम हो । यो कुरा सम्झाउनको लागि एक दुईटा घटिरहेको घटना प्रस्तुत गर्नु अत्युक्ति नहोला ।

कसैकसैले विहार बनाएर भिक्षु संघलाई दान दिन्छ तर

हामीले बनाएको बिहार हो, यसमा हाम्रो अधिकार छ । त्यस बिहारमा वस्नु हुने भिक्षुहरु दाताले भने अनुसार गरी बस्नुपर्छ । दान त दियौं तर हामीले बनाएको विहार भनी मनले खूब जोर सँग आफ्नो भनी च्यापेर बस्छ । दिएको बस्तुलाई त्याग गर्न सक्तैन । उनीहरुमा रहेको अहंकार हराएर गएन र घमण्ड जस्ताको त्यस्तै रहने गरेको छ ।

बनारसको एउटा घटना हो । एकचोटि ठूलो नामी हिन्दू स्वामी विवेकानन्द काशी गंगानदीको किनारमा घुम्न जानुभएको रहेछ । त्यहाँ अरु एकजना साधु बसिरहेका थिए ।

स्वामी विवेकानन्दले उहाँसँग सोध्नुभयो - "तपाई यहाँ बस्नु भएको कति वर्ष भयो ?" त्यो साधुको उत्तर थियो- "तीस वर्ष भन्दा भयो । मैले चालिसौं हजार भन्दा बढी धन सम्पत्ति दान गरेर आएको हुँ ।"

स्वामी विवेकानन्दले भन्नुभयो- "तपाई साँच्चिकै त्यागी साधु होइन, किनभने ३० वर्ष भन्दा बढी समय वितिसक्दा पनि चालिसौं हजार भन्दा बढी सम्पत्ति छोडेर आएको भनि सम्झिराख्नु भएको छ तसर्थ तपाई सही त्यागी मनले साधु बनेको होइन । तपाईको मनमा धन सम्पत्तिको कुराले छोडेको छैन ।" यस कुराले बुझिन्छ कि धर्म गर्दैमा चित्त शुद्ध हुने होइन ।

कुनै कुनै दाताहरु भिक्षुहरुलाई दान दिइसकेपछि 'त्यो भिक्षु असल स्वभावको होइन, खराब चरित्रको हो' भनि पश्चाताप गर्ने र चित्त दुखाउनेहरु पनि छन् । त्यसैले बुद्धले भन्नुभएको हो कि धर्म गर्नेहरु सबै सुगतिमा जाँदैनन् । पाप कर्मबाट मात्र बचेर पुग्दैन ।



Downloaded from http://dhamma.digital

**पुण्य कर्म गरेर मात्र पनि पुग्दैन । चित्त नै शुद्ध हुनुपर्छ ।**

हुनत गौतम बुद्धले भिक्षुहरुलाई अर्ति दिनु हुँदै भन्नुहुन्थ्यो - 'अप्पसनानं पसाद्यय, पसन्नानं भिइयो भावाय' अर्थात भिक्षुहरुको जीवन अप्रशन्नहरुको चित्त प्रशन्न पार्नको लागि र प्रसन्न भएको मन झन प्रसन्न पार्नका लागि हो । भिक्षुहरुको जीवन स्वतः असल हुनुपर्छ ।

फेरी एक दिन एक जना जिज्ञासु बुद्ध कहाँ आएर प्रश्न गऱ्यो - 'पाप कर्म गर्ने सबै नरकमा जान्छन् ?' बुद्धको उत्तर थियो -'जाँदैनन्, किनभने अज्ञानताले गर्दा पाप कर्म गर्नेहरु पनि छन्  र असत्पुरषको सत्संगतले पनि पाप कर्म गर्नेहरु छन् । यदि असल मानिसको सत्संगतले हृदय परिवर्तन भई ज्ञानी बनिसकेपछि पाप कर्मबाट मुक्त भई अरुलाई दुःख दिनुको सट्टा अरुको पुकार गर्न थाल्छन् । असल मान्छे बनेमा त्यस्तो त नरकमा जाँदैनन् । उदाहरणको लागि लिन सकिन्छ, खराब संगतले गर्दा अहिंसक (अंगुलीमाल) ज्यानमारा बन्यो । पछि बुद्धको संगतले पुनः असल मान्छे बन्यो र अरहत्  (निर्दोष) स्वच्छ छवि भएको मानिस बन्यो । त्यसैले पहिले पापी भएपनि पछि असल र ज्ञानी बनेपछि त्यस्ता व्यक्ति नरक जाँदैनन् ।

आजभोलि धेरैजसो धर्मको नाइके बनी धर्म प्रचारको काम गर्दछन्, विपश्यना ध्यान पनि गर्दैछन् तर आफ्नो कालो र कलुषित मनलाई शुद्ध पार्नातिर ध्यान दिँदैनन् । धार्मिक बनेर अन्तरमुखी भएर आफू कस्तो मान्छे हो भनी चिन्न कोसिश गर्दैनन् । आफ्नो अति जिद्दीपनलाई दमन गर्न र नाश गर्न प्रयत्न गर्दैन । आफूले

भनेजस्तै अरुलाई काम गराउने र अरुलाई कचिंगल हुने गरी कराउँछन् । आफूले आफूलाई चिन्दैनन्।

आजभोलि नाम कमाउनको लागि नै धर्म कर्म गर्नेहरु धेरै देखिन्छन् । जलपान एकचोटी गराए पनि, पिण्डपात्र एउटा दान दिएर पनि खुब प्रचार गर्दछन् । त्यस्तो व्यवहार चित्त शुद्ध नभएको लक्षण भन्नुमा अतिशयोक्ति हुँदैन होला । यस्ता कुरा लेख्न पर्दा कसो कसो लाग्छ । त्यसको लागि क्षमा प्रार्थी छु ।

एउटा हिन्दुस्तानको घटना हेरौं । एकचोटी एकजना धनी साहुले स्वामी रामकृष्ण परमहंसकहाँ गएर प्रश्न गरे - 'स्वामी जी, धन सम्पत्ति दान गरेको खण्डमा इश्वरको दर्शन पाइन्छ भनेको सुनें, मैले त सबै धन सम्पत्ति छोराछोरीहरुलाई दान दिइसकें । मैले धर्म मार्गमा लागेर भजन कीर्तन गर्दै जीवन बिताएको छु, तर पनि इश्वरको दर्शन मैले पाइन किन ?'

स्वामी परमहंसले भन्नुभयो - 'तपाईले धन सम्पत्ति त दान दिनुभयो तर सही मानेमा त्याग गरेको होइन रहेछ । दान त दियौ, आफ्नै छोराछोरीलाई । तपाईमा छोराछोरी भनेर माया ममता छुटेको छैन । फेरी धन सम्पत्ति दान दिएँ भनि अहिलेसम्म मनमा सम्भिराखेको ? तपाईमा सही त्याग भावना नै छैन, अहम भाव रहुँन्जेलसम्म इश्वरको दर्शन पाउने छैन । त्यसैले बुद्धले भन्नुभएको छ कि दान दिनु ठूलो कुरो होइन, त्याग गर्नु नै ठूलो कुरो हो । धर्म कर्म गरें भन्नेले बुद्धलाई कसरी र कुन तरिकाबाट चिन्ने गरेको छ कुन्नी ?



Downloaded from http://dhamma.digital

## दैनिक सम्झिराख्नुपर्ने तीन कुरा

गौतम बुद्धले भिक्षुहरु र उपासकहरुलाई समय समयमा उपदेश दिंदै भन्नु हुने गरेको दिनदिनै स्मरणीय कुरा तीनवटा छन्- मानिसले जन्मिदाँ साथै लिएर आएको कुरा हो, बुढो हुनुपर्ने, रोगी हुनुपर्ने र मृत्यु हुनुपर्ने । यो प्रकृतिको नियम नै हो । यसलाई रोक्नसक्ने संसारमा कुनै उपाय छैन । आजभोलि बैज्ञानिक युग भनिन्छ । अनेक कुराको आविष्कार भइसकेको छ । एउटा बमले लाखौं मान्छेहरुलाई क्षणभरमै भष्म गर्न सकिन्छ तर मानिसलाई बुढो हुनुबाट, रोगी हुनुबाट र मृत्यु हुनुबाट बचाउन सक्ने उपायको आविष्कार गर्न सकेको छैन । हो, पैसा भएको खण्डमा क्यान्सर जस्तो खतरनाक रोगबाट पनि बच्न सकिन्छ । तर सम्पूर्ण रोगबाट बच्न सकिंदैन ।

गौतम बुद्धले भन्नुभयो 'बयोबृद्ध अवस्था पुग्दाखेरी स्मरणशक्ति कमजोर भएर जान्छ, कालो रौं सेताम्य हुन्छ, दाँत झर्छ, आँखाले राम्रोसँग देख्न सक्दैन । गाला चाउरिएर जान्छ । बुढो हुँदाखेरी ढाड नै कुप्रो भएर शरीर अगाडितिर निहुरिन्छ । कानले कम सुन्ने हुन्छ । सबैभन्दा अप्ठ्यारो कुरा स्मरणशक्ति कमजोर हुनु हो । आवश्यक चिजहरु आँखाले देख्ने ठाउँमा राखेन भने हरायो अथवा फलानाले लियो भन्ने पाप कल्पना गर्ने गर्छ । रीस छिटो छिटो उठ्न थाल्छ । जिद्दीपन आउन थाल्छ । अरुलाई मन नपर्ने ब्यवहार देखिन थाल्छ । समझदारी कम हुन्छ । त्यसैले सबै युवाहरु बुढो हुनेछ भन्ने कुराहरु दिनदिनै सम्झिराख्नुपर्छ । अन्यथा बुढोहरुलाई देखेर उपेक्षा दृष्टिले हेरिने हुन्छ । आफू पनि यस्तै बुढो हुनुपर्छ



Downloaded from http://dhamma.digital

भन्ने भावना महशुस हुँदैन । अनि बुढाबुढीलाई देखेर घृणा उत्पन्न हुन्छ । बुढाबुढी भइसकेपछि विवेक बुद्धि हराएर जान्छ । सुद्धिसिद्धि पनि हराएर जान्छ ।'

गौतम बुद्धले भन्नुभएको थियो - 'लाभमध्ये ठूलो लाभ र सुख, आरोग्य अर्थात निरोगी हुनु । रोगले सताइरहन्छ भने धन सम्पत्ति धेरै भए पनि, ठूलो महलजस्तो घर भएपनि, ठूलो परिवार भएपनि सुख हुँदैन । त्यसैले सबै भन्दा ठूलो दुःख हो - रोगी हुनु । विरामी हुँदाखेरी आफूलाई पनि अरुलाई पनि दुःख हुन्छ । त्यसबेला जिउँदै नरकमा परेको जस्तो महशुस हुन्छ । विरामी पर्दा आफूलाई मन परेको कुरा खानु हुँदैन । आफूलाई सन्तोष हुने गरी सेवा गर्नेको अभाव हुन्छ ।' बुद्धको भनाई अनुसार पोषिलो खानाको व्यवस्था नभए, बस्नलाई सुविस्ता नभए, मौसम अनुसार लुगाफाटो प्राप्त नभए, झगडालु व्यक्तिसँग बस्नु परे, परस्परमा विचारधार नमिले रोगको सिकार हुन्छ । खानाको व्यवस्था राम्रो हुनु, वासस्थान राम्रो हुनु, ठीक समयमा खाने बानी बसाल्नु, झगडालु मानिस नहुनु, विचारधारा मिल्ने मानिससँग बस्नु जस्ता कुराहरु प्राप्त भएमा रोगबाट मुक्त हुन सकिन्छ । बुद्धको अर्को बचन अनुसार पीर हुने काम र कुरा नगर्नु र काम नलाग्ने कुरा गर्ने ठाउँमा नबस्नुले पनि निरोगी भई बाँच्न सक्छ ।

सोभियत रुसमा एकजना १४० वर्ष उमेरको मान्छे थियो रे । उनीसँग एउटा पत्रकारले सोधे - 'कसरी यत्तिका वर्षसम्म निरोगी भई बाँच्न सकेको ?' उसको उत्तर थियो 'सधैं विहान विहानै स्वच्छ हावा खाने र हरियाली दृश्य हेर्ने तथा डुल्ने बानी छ,



Downloaded from http://dhamma.digital

खानापछि पच्न सक्ने खालका हल्का खान्छु र सागपात बढी खाने गर्छु । खाँदाखेरी पेट भरी नखाने, आफूलाई पीर हुने काम र कुरा नगर्ने । काम नलाग्ने गपशप गर्ने ठाउँमा पनि नबस्ने ।' यो रुसी बुढाको अनुभवको कुरा धेरै वर्ष बाँच्ने र निरोगी हुन चाहनेहरुका लागि उपयोगी छ ।

मृत्यु हुने पनि प्रकृतिको नियम हो । मृत्युबाट बच्ने कुनै उपाय नै छैन । तर बुद्धको भनाइ अनुसार फेरी जन्म नहुने निर्वाण प्राप्त गर्न सके जन्म, मरण र बुढो हुनुबाट मुक्त हुन सकिन्छ । अन्यथा नमर्नुमा अरु उपाय छैन । बुद्धले पनि रोग, बुढोपन र मृत्युबाट मुक्त हुन सकेन । आजकाल विज्ञानले कस्ता कस्ता मेशीन र कम्प्युटरको निर्माण गरिसक्यो । टि.भी., भिडियो, मोबाइल, हवाइजहाज आदि निर्माण गरियो तर मृत्युबाट बच्न सकिने कुनै उपाय पत्ता लगाउन सकेन । जनसंख्या बढेकोले पृथ्वीलाई बोझ भएको छ । तब प्रकृतिले नयाँ नयाँ रोग उत्पन्न गराई दियो । विज्ञानले औषधी त आविष्कार गर्न शुरु गऱ्यो तर नयाँ नयाँ रोग भने उत्पन्न भइरहेको छ । पहिले पहिले क्षयरोग ठूलो खतराजनक मानिन्थ्यो । अब त्यो रोग मामूली रोग भएको छ । अब डरलाग्दो किसिमको क्यान्सर रोग आयो र एड्स रोग देखा पर्न थाल्यो । प्रकृतिले हुरी बतासद्वारा हजारौं मानिसहरुको हत्या गर्ने गरेको छ । वर्षा र बाढीले हजारौं, लाखौं मानिसलाई दुःख दिएको छ । मानिसमा धर्मको चेतना कम भएकोले हो वा आचरण नराम्रो भएकोले हो, पृथ्वीलाई मानिसको बोझ भएको छ ।

बुद्धले धेरैको लागि काम लाग्ने अर्ति दिनुभएको छ -

'मरणानुस्मृति भावना गर्नुपर्छ अर्थात एक दिन प्राण त्यागेर जानु छ, मर्नु छ भनेर जप गर्दै रहनु । मानिस भएपछि कर्तब्य परायन हुनु जरुरी छ । गर्नुपर्ने काम धेरै छ । कहिले मर्ने हो थाहा छैन । त्यसैले गर्नुपर्ने काम तुरुन्तै गरिहाल्ने हुनुपर्छ । समय धेरै छ, एक दुई महिनामा गर्छु, पछि गर्छु भनेर काम गर्नेमा आलताल गर्नु ठीक होइन । नत्र मर्ने बेलामा यो गर्न सकिन, त्यो गर्न सकिन भनि पछुताउनु पर्ला । त्यसैले मर्नुपर्छ भनि दिनदिनै सम्झिराख्नुको मतलब गर्नुपर्ने काम छिटो छिटो गरिहाल्नु पर्छ भनेको हो ।

मानिसको मृत्यु ४ प्रकारको हुन्छ । आयु सकेर, कर्म सकेर, आयु र कर्म दुवै सकेर, अकाल मृत्यु भएर । आयु बाँकी रहेर कर्म सकेको खण्डमा औषधी उपचार गरेर, धर्म कर्म अर्थात राम्रो काम गरेर,धर्म आचरण गरेर बाँच्न सकिन्छ । जसरी कि तेलको बत्ति बाल्दाखेरी तेल सकिन लागेको छ भने तेल थप्ने जस्तै धर्मकर्म गरेर कर्म थपिने गर्न सकिन्छ । रगत पुगेको छैन भने अरुको रगत लिएर पुरा गर्न सकिन्छ । किड्नी पर्यन्त फेर्न सकिन्छ । त्यसको लागि लाखौं लाख रुपैयाँको जरुरी छ । पैसा नभएको खण्डमा आयू भएपनि अकालमा मर्नुपर्छ । अकालमा मर्नु भनेको हालसालै हुरी आएर, रुख ढलेर, ट्याक्सीमा बसेर गइरहेका ४ जनाको ज्यान गएझैं, मोटरसाइकलमा गईरहेको माथि रुख ढलेर किचिई ज्यान गएझैं, हवाइजहाज दुर्घटना भएर, डुंगा पल्टेर सयकडौंको मृत्यु भएझैं हुनु हो । यस्तै आयू सकेको मानिसको साथले गर्दा पनि मृत्यु हुन सक्छ । त्यसैले एक दिन मर्नुपर्छ भनि सम्झिरहँदा आफूले गर्नुपर्ने कर्तब्य, काम काज छिटो गरिहाल्नुपर्छ, गरिसक्नुपर्छ भन्ने कुराको बोध हुने हुन्छ ।



Downloaded from http://dhamma.digital

# बुद्ध संस्कृतिको मूल शिक्षा नै प्रज्ञा हो

बुद्ध शिक्षा र संस्कृतिमा तीनवटा उल्लेखनीय अंग छन् । ती हुन् - शील, समाधि र प्रज्ञा । ती मध्ये महत्वपूर्ण प्रज्ञा भएकोले यसको बारेमा मात्र चर्चा गर्न लागेको छु । हुन त यसमा शील र समाधिको कुरा पनि समावेश हुनेछ ।

प्रज्ञा केलाई भनिन्छ नि ? विशेष प्रकारको विवेक बुद्धिलाई प्रज्ञा भनिन्छ । राम्रो नराम्रो छुट्टयाउन सक्ने शक्ति नै प्रज्ञा हो । अर्को भाषामा भन्ने हो भने अनित्य दुःख र अनात्मालाई यथार्थ रुपमा बुझेर लिने शक्तिलाई नै प्रज्ञा भनिन्छ । मानिसले मरेको मान्छेलाई देख्नासाथ मर्नुपर्छ भन्ने बुझ्छ तर पनि त्यो कुरालाई बिर्सिदिन्छ । यस्तो हुनु अनित्यलाई यथार्थमा बुझेको ठहरिदैन । मानिसलाई असल मान्छे बनाई दिने प्रज्ञाले नै हो । ज्ञान बाहिरबाट आउँछ, प्रज्ञा अर्थात समझदारी र जानकारी ज्ञानी हुने कुरा भित्रबाट आउने हुन्छ । ज्ञान प्राप्त हुनु र ज्ञानी हुनुमा धेरै फरक छ । ज्ञानले मानिसलाई पण्डित विद्वान बनाइदिन्छ तर बुझेर असल मान्छे बनेपछि मात्र ज्ञानी हुन्छ । प्रज्ञाको महत्व शुद्ध, श्रद्धाले बढाउँछ भने त्यस्तो श्रद्धाको महत्व पनि प्रज्ञाले मात्र बढ्छ । प्रज्ञा र श्रद्धा दुईको नङ र मासुको जस्तो सम्बन्ध छ । श्रद्धा विहीन प्रज्ञा स्वार्थी हुन्छ



Downloaded from http://dhamma.digital

भनी प्रज्ञा हिन श्रद्धा अन्धविश्वास हुन्छ ।

सहि प्रज्ञा प्राप्त हुने उपाय तीन थरी छन् ।

**१) श्रुतमय प्रज्ञा** अर्थात सुनेर र पढेर प्राप्त हुने ज्ञान । जन्मकुन्डली अनुसार चोर नै हुने भनिएता पनि ज्योतिषको कुरालाई विश्वास नगरेर त्यस्तालाई राम्रो सज्जन गुरुकहाँ लगेर राम्रो शिक्षा दिएर तालिम दिएर पढाएमा बच्चा सज्जन बन्छ र त्यसलाई प्रज्ञा लाभ हुन्छ । असल शिक्षा सुनेर पढेर चोर नभएका छन् । सधैं सतर्क रहेका छन् ।

**२) चिन्तनमय प्रज्ञा** - सही चिन्तन गरेर काम कुराको निर्णय गरिने हुन्छ । एकजना राजाले असल भिक्षुलाई देखेर त्यसप्रति श्रद्धा उत्पन्न भई आफूलाई भनी पकाएको खाना त्यस भिक्षुलाई भिक्षा दिनुभयो । त्यो भिक्षुले एउटा पाटीमा बसेर राजाले दिएको भिक्षा खानुभयो । त्यही पाटीमा बसिरहेका भिखारी दम्पत्तिले मागेको हुँदा भिक्षुले उनीहरुलाई अलिकति खाना दिनुभयो । राजाले दिएको खाना मिठो लागेर उनीहरु फेरी त्यस्तै खाना खान पाए हुन्थ्यो भन्ने मनमा आयो । ती भिक्षु त्यहाँबाट अन्यत्र लाग्नुभयो । अनि त्यो भिखारीले पहेंलो कपडा किनेर नक्कली भिक्षु भएर दरबारमा भिक्षाटनको लागि गयो । राजाले सक्कली भिक्षु थानेर त्यसलाई पहिलेको जस्तै भिक्षा दिनुभयो । राजा प्रशन्न भई मन्त्री र युवराजलाई बोलाएर आज्ञा भयो । त्यो महात्माको सत्संगत गर्नुपर्छ । उहाँको आश्रम कहाँ छ पत्ता लगाएर आऊ । उनीहरु साधुको पछि पछि लागे । पाटी नजिकै पुग्नासाथ उसकी स्वास्नीले भिक्षापात्र खोसेर लिइन । भिखारीले पहेंलो कपडा फुकालेर अलग राखी त्यो खाना पकापक खान थाले ।



Downloaded from http://dhamma.digital

मन्त्री र युवराज दुवैले ट्वाल्ल परेर हेरिरहे । केही क्षणपछि दुवै जनाबीच कुरा भयो कि अब राजालाई के भन्ने । राजकुमारले भने - 'त्यो भिखारी ढोंगी साधु रहेछ भन्ने नि' । मन्त्रीले त्यस्तो भन्नु हुँदैन भने । राजाले प्रशन्न मनले भिक्षा दान दिएर सक्कली भिक्षु होइन ढोंगी भिखारी रहेछ भन्दाखेरी राजाको मन खिन्न हुनेछ । अनि राजालाई पुण्य लाग्दैन। राजाको मन नविग्रने गरी भन्छु भनि दुवै जना दरबारतिर लागे । राजाले सोधनी भयो 'त्यो महात्मा साधुको आश्रम कहाँ रहेछ ?'

मन्त्रीले भने 'महाराज हामी त्यो साधुको पछि पछि जाँदै थियौं एउटा पाटीको नजिकै पुग्ने वित्तिकै त्यो पँहेलो वस्त्र लगाएको साधु नै लोप भयो ।' यत्ति कुरा सुनिसकेपछि राजाले भने तिमीहरु पछि पछि लागेकोले उहाँलाई अप्ठ्यारो भयो । ध्यानबलले अर्न्तध्यान भयो । ठूलो असली साधुलाई मैले भिक्षादान दिन पाएँ । यसरी धन्य धन्य भनि प्रशन्न भई राजाले अन्तसम्म मन सन्तुष्ट गरेर सुगतिमा गए ।

यहाँ मन्त्रीको चिन्तनमय प्रज्ञाले राजाको मन विगारेन शान्ति भयो । देखेजस्तो मात्र कुरा गरेको भए मतलब त्यो साधु होइन भिखारी हो मात्र भनिदिएको भए राजाको मन अप्रशन्न हुने थियो । दिएको दानको फल राम्रो हुने थिएन । मन्त्रीको चिन्तनमय प्रज्ञाले शान्ति मिल्यो ।

**३) भावनामय प्रज्ञा -** अनुभव र अभ्यासद्वारा प्राप्त हुने प्रज्ञा । यो कुरा बुझ्नको लागि घटनात्मक एउटा कथा प्रस्तुत गर्नु उचित होला ।



Downloaded from http://dhamma.digital

एकजना राजाको एकपटक एकजना भिक्षुको सत्संगत भएको थियो । राजा त्यो भिक्षुसँगको छलफलबाट साह्रै प्रभावित भए । समय समयमा भिक्षुसँग सत्संगत गर्न नियमित आफ्नै बगैंचामा एउटा कुटी बनाएर भिक्षुलाई बसाए । आफ्नै खाना सरह भोजन बनाई भिक्षुलाई दान दिएर त्यो भोजनमा मासु र माछासमेत थियो । त्यो भोजन खाएर भिक्षुको बानी बिग्र्यो । मतलब उनी स्वादमा पल्के । बुद्धको शिक्षा अनुसार कुनै पनि चीजमा आशक्त हुनु हुँदैन । त्यो भिक्षु राजाको खानामा आशक्त भए । औंशीको दिनमा मासुविनाको भोजन दिइने गरिन्थ्यो । त्यो भिक्षुलाई मासु नभएको त्यो दिनमा खाना मीठो लागेन । त्यो भिक्षुले त्यहाँको एउटा पोखरीमा माछा मार्न शुरु गर्‍यो । एकपटक दरबारबाट भोजन लिएर कर्मचारी कुटीमा गएको थियो । भिक्षु त्यहाँ थिएन, त्यो भिक्षु बल्छी हालेर माछा मार्दै थिए । कर्मचारीहरु भोजन लिएर दरबारमा फर्के । राजाले सोधे - 'किन भोजन फर्काएर ल्याएको? भिक्षु त्यहाँ हुनुहुन्न ?'

कर्मचारीले भने - 'हुनुहुन्छ, तर उनी भिक्षु नै होइनन्, माछा पो मार्दै थिए ।'

राजा- 'तिमीहरुलाई त्यो भिक्षुले देखे कि देखेनन् ?'

कर्मचारी - 'त्यो भिक्षुले हामीलाई देख्नासाथै लाजले हामीलाई हेर्दै हेरेन र बल्छी फालेर निहुरिएर कुटीतर्फ भागे ।'

राजाले भने - 'तिमीहरुलाई देख्नासाथै लाज भाग्छ भने त्यो भिक्षु नै हो । लाज नमानेको भए त्यो भिक्षुत्वबाट पतन भएको हुन्छ । लाज र भय मान्ने भएकोले त्यो भिक्षुत्वबाट बच्यो । जाऊ



Downloaded from http://dhamma.digital

त्यो भिक्षुलाई भोजन दिएर आउ ।'

यस घटनाले के कुरा बुझिन्छ भने त्यो राजामा भावनामय प्रज्ञा भएकोले भिक्षुको मूल्यांकन गर्न सके । भिक्षुलाई आफ्नो बगैंचाबाट भगाएन । तब अशान्ति भएन । शान्ति भयो । हामीलाई चाहिएको अशान्ति होइन, शान्ति हो ।

प्रज्ञाको लक्षण दुइथरी छन्ः-

१) सम्यक दृष्टि २) सम्यक संकल्प

**१) सम्यक दृष्टि-**

धार्मिक दृष्टिले चतुआर्य दुःख छ, दुःखको कारण दुःखको अन्त र दुःख अन्तको उपाय बारे यथार्थ ज्ञान हुनु । अर्को व्यावहारिक विचारअनुसार कसैले भनेको कुरामा ठीक समझदारी हुनु । गलत फहमी नहुनु । अर्को अर्थमा भनुँ भने अन्धविश्वासबाट र मिथ्यादृष्टिबाट मुक्त हुनु ।

उदाहरणको लागि एउटा घटना प्रस्तुत गर्छु । एक पटक एक जना राजा बिहानै झ्यालबाट स्वच्छ हावा लिन र हरियाली हेर्न बाहिर तिर हेरिरहेका थिए । संयोगवश एक जना बुढो अघोरी भिखारी दरबार मुनिबाट आइरहेको थियो । राजाले उनलाई देख्नासाथै- "आज बिहानै अलक्षण भिखारी देख्नु पर्‍यो । अपशकुन भई बिच्छुक भयो । अलक्षण देख्नै नहुने भनेर टाउको हतारमा भित्र ल्याउन खोज्दा झ्यालको चौकोसमा ठोकेर टाउकोमा घाउ भयो । राजाले विचार गरे-साँच्चिकै त्यो भिखारी अलक्षण नै रहेछ । उसलाई मार्नुपर्छ भनेर दरबारमा बोलाउन पठाए । राजाले उसलाई भने "तँ आज बिहानै मेरो दरबार मुनि किन आइस् ? तँ अलक्षणलाई



Downloaded from http://dhamma.digital

देख्नासाथै मेरो टाउकोमा चोट लाग्यो । तँ मर्ने भइस् । अनि यसको टाउको काटि देऊ भनी आज्ञा गरे ।"

भिखारीले सोच्यो-"आज म मर्ने नै भएँ, मर्ने भन्दा पहिले राजालाई एउटा शिक्षा दिएर मात्र मर्छु ।" उनले हात जोडी भने - 'महाराज, म अलक्षणा दुर्भाग्यवश आज सरकारको दरबारमुनिबाट आउन पुगें । मलाई देखेर सरकारको टाउको फुट्यो । आज म पनि दुर्भाग्यवश सरकारको दर्शन पाएर मर्ने भएँ । अब हामी दुई जनामध्ये को अलक्षणा भयो क्यारे ।'

भिखारीको कुरा सुनेर राजा अकमकियो । राजामा सम्यक दृष्टि थिएन तर बुझ्ने शक्ति भने रहेछ । उनले विचार गर्न थाले - म मा भिखारी देख्नासाथै कसरी मिथ्या दृष्टि आएको, भिखारी अलक्षणालाई देखेर मलाई विछुक भयो, मेरो अमंगल भयो । ममा कुसंस्कार र मिथ्यादृष्टि भएकोले नै मेरो टाउको फुटेको हो । मेरै दोष हो, भिखारीको दोष होइन भन्ने राजालाई बोध भयो । राजामा मिथ्यादृष्टि हराएर गयो । सम्यक दृष्टि उदय भयो । भिखारीलाई मृत्यु दण्डबाट मुक्तगरी उसलाई चाहिने सामान दिई छाडिदिए ।

## २. सम्यक संकल्प

अर्को प्रज्ञाको लक्षण सम्यक संकल्प - ठीक सोचाई र नियत । सम्यक संकल्प भएकोले राजा भिखारीलाई मार्ने हिंसक चेतनाबाट मुक्त भए । उनमा राम्रो सोचाई आयो । अशान्ति भएन । शान्ति भयो । तब उनले आफ्नो गलत धारणालाई सच्चाए । मतलब आफ्नो गल्ती महशुस गरेकाले राजा असल राजा बन्न पुग्यो ।



Downloaded from http://dhamma.digital

# निर्वाण र संस्कार

निर्वाण बुद्ध संस्कृतिको अन्तिम लक्ष्य हो । निर्वाणको परिचय हामी जस्ता पृथग्जन (साधारण) व्यक्तिले दिन सक्ने कुरो होइन । खाली पालि साहित्यमा उल्लेख गरिए अनुसार अनुमान मात्र गर्न सकिने कुरा हो ।

गौतम बुद्धले बुद्धत्व प्राप्ति पछि सर्वप्रथम पंच भद्रवर्गलाई सारनाथमा आफूले प्राप्त गरेको धर्म र ज्ञानको व्याख्या गर्दै पहिले आफ्नो अनुभवको कुरा व्याख्या गर्नुभयो । संसारमा दुःख व्याप्त छ । दुःखको कारण छ । दुःखको अन्त हुनसक्छ । दुःख अन्त हुने उपाय र बाटो छ । उहाँले भन्नु भयो - कुरा बुझ्न पहिला खुब गहन अध्ययन गरें । अनि दुःखको कारण तृष्णा मतलब जति भएपनि सन्तुष्टि नहुने महत्वाकांक्षा रहेछ भन्ने पत्ता लगाएँ । तृष्णाबाट मुक्त हुन सके दुःखबाट मुक्त हुन सकिन्छ र निर्वाणसुखको अनुभव हुन सक्छ । अर्को मुख्य कारण हो निर्वाण अर्थात दुःखबाट मुक्त हुनका लागि पुरानो संस्कारलाई आफ्नो मनबाटै जरैदेखि निकालेर फ्याँक्नु पर्दोरहेछ । खूब अभ्यास गरेर आफ्नो मनमा लुकिछिपीरहेका कुसंस्कारलाई पूर्ण रुपमा निकाली सकेपछि अर्को भाषामा भन्ने हो भने परम्परागत पुरानो धारणा र कुसंस्कार, अहंकार, ईर्ष्या, लोभ र संकुचित विचारबाट पूर्ण रुपमा मुक्त भएपछि मात्र

मैले बोधि ज्ञान प्राप्त गरें । अनि पहिले नभएको धर्मचक्षु, धर्मज्ञान, धर्मप्रज्ञा, धर्म विद्या र धर्म प्रकाश प्राप्त भयो ।

बुद्धको यस धर्मचक्र प्रवर्तनबाट के बुझिन्छ भने संसारको सबै प्रकारको पुरानो संस्कार अनित्य छन् । कुनै पनि परम्परा रीतिथितिका, संस्कार अनित्य छन् र स्याथी छैनन् । मतलब निर्वाण सुखमा कुनै प्रकारको कचिंगल एवं पूर्वाग्रह जस्ता कुसंस्कार छैनन् । अर्थात दुःखबाट मुक्त हुनको लागि पुरानो संस्कारलाई पूर्णरुपमा त्यागी दिनुपर्छ । तृष्णालाई (सबैप्रकारका नराम्रा इच्छालाई) तिलाञ्जली दिनुपर्छ । मानिसको चित्त र मन शुद्ध भएमा, इमान्दारिपूर्ण रहेमा त्यस्ताका लागि निर्वाण धेरै टाढा छैन । निर्वाण एकदम स्वच्छ र निर्मल चित्तको अवस्था हो । यसको स्वच्छताको लागि धेरै अभ्यास गर्नु जरुरी छ र सतर्क तथा सजग हुनु अनिवार्य छ । अहंकार, ईर्ष्या, दृढलोभ, क्रोध, मिथ्यादृष्टि, आसक्त हुने स्वभाव र अनावश्यक शंका आदि दुर्गुणबाट मुक्त हुनुपर्छ । सबैभन्दा पहिले मानिसमा पुरानो संस्कार हट्नुपर्छ । अनि त्यसताले चरित्र शुद्ध भएको असल मान्छे बन्न सक्छन् र दुःखबाट मुक्त हुन सकिन्छ । दुःखबाट मुक्त हुनुलाई नै निर्वाण भनिन्छ । त्यसैले समय समयमा गौतम बुद्ध भन्ने गर्दथेः-

*सब्बे संखारा अनिच्चाति यदा पञ्ञाय पस्सति ।*
*अथ निब्बिन्दति दुक्खे एस मग्गो विसुद्धिया ।*

भावार्थः सबै संस्कार अनित्य छन् भन्ने कुरा जब प्रज्ञाद्वारा बुझिन्छ र देखिन्छ तब दुःखबाट मुक्त हुने बाटोमा पुग्छ ।

संस्कार न बदलिकन हृदय परिवर्तन नभइकन मानिसको सुधार हुनु र दुःखबाट मुक्त हुन असम्भव नभएपनि गाह्रो चाहिं अवश्य छ । माथि उल्लेख गरिएको अहंकार, अन्धविश्वास, ईर्ष्या र



Downloaded from http://dhamma.digital

महत्वाकांक्षा सबै संस्कार हुन् ।

जन्मँदा चित्त शुद्ध र निर्मल भए पनि बाहिरी प्रदुषित मानिसहरुको आश्रय र सत्संगतले गर्दा स्वयं प्रदुषित वातावरणले गर्दा निर्मल र पवित्र चित्त प्रदुषित र धमिलो हुन जान्छ । त्यसैले बुद्धले भन्नुभएको -

*'पभस्सरमिदं भिक्खवे चित्तं तं च खो*
*आगन्तु केहि उपाक्किलेसेहि संकिलिट्ठ'*

अर्थात मानिसको चित्त शुरु शुरुमा शुद्ध भएतापनि पछि बाहिरी वातावरणले गर्दा प्रदुषित र धमिलो भएको छ । यस कुराले के बुझिन्छ भने मानिसको संस्कार बदलिरहन्छ । संस्कारको अर्थ हो बानी व्यहोरा आदि ।

अजात शत्रु राजकुमार पुस्तकमा लेखिए अनुसार स्रोतापन्न हुन सक्ने (निर्वाण मार्गमा पुग्न सक्ने) भएता पनि दुष्ट महत्वाकांक्षी भिक्षु देवदत्तको सत्संगत र आश्रयले गर्दा उनको दुर्गति हुन गयो अर्थात पतन भयो । राज्य हत्याउने इच्छाले आफ्नै पिता बिम्बिसार राजालाई मारिदियो र राज सिंहासनमा बस्यो तर पछि होशमा आएपछि उनलाई पश्चाताप भयो र बुद्धको सत्संगतमा परेर श्रद्धावान त हुनपुग्यो तर स्रोतापन बन्ने मौका गुम्यो ।

अंगुलिमात पहिले अहिंसक भई असल मान्छे थिए । तर दुष्ट साथीहरुको षडयन्त्रले उनीहरुको कुसंगतले गर्दा ज्यानमारा हुनपुग्यो । पछि फेरी बुद्धको संगतमा परेर उनलाई आफ्नो गल्ती महशुस भयो र उनको शुद्ध मन भयो अर्थात हृदय परिवर्तन भएर असल मान्छे बन्यो । पछि भिक्षु बनेर अर्हत (निर्दोष, शुद्ध) व्यक्ति हुन पुग्यो ।

यहाँ स्मरणीय कुरा के भने शुद्ध हुनु र अशुद्ध हुनु आफ्नै



Downloaded from http://dhamma.digital

हातमा छ भनिएतापनि वातावरणले मान्छेको होश गुम्ने गर्छ । मतलब जोशमा होश गुम्छ तर असल कुराको अर्ति दिने मार्गदर्शक गुरुहरु पाएको खण्डमा आफूले महशुस गरेर सतर्क र सचेत हुन सके अशुद्ध मान्छे पनि शुद्ध हुनेगर्छ । अनि खराब मान्छे असल मानिस बन्न पुग्छ । मनलाई वशमा राख्न सक्ने मानिस नै महापुरुष हुन जान्छ, तर सुधार चाहेर पनि कुलायन र परम्परागत लोकाचार अनुसार चल्नुपरेकोले, समाजको वातावरणले गर्दा मानिसलाई सधुार हुन अप्ठ्यारो परिरहन्छ । स्पष्टरुपमा भन्ने हो भने सुधार हुन गाह्रो परेको छ । पुरानो संस्कारलाई छोड्न चाहे पनि छोड्न सकिएको छैन । उदाहरणको लागि भन्ने हो भने जन्मेदेखि मृत्यु सम्मको कर्मकाण्ड संस्कार हाम्रो सामु छ । फलस्वरुप भिक्षु समाजलाई पनि पुरानो संस्कारबाट मुक्त हुन असजिलो भइरहेको छ ।

अब फेरी निर्वाणको कुरातिर जाउँ । जबसम्म तृष्णाबाट मुक्त हुन सक्दैन तबसम्म निर्वाण सुख प्राप्त गर्न असम्भव छ । तृष्णाबाट मुक्त हुनुपर्ने कुरा राम्रो छ, बुझ्न असजिलो छैन, त्यस सम्बन्धमा उपदेश दिन पनि सजिलो छ तर त्यसलाई व्यवहारमा उतार्न भने गाह्रो छ । तमाखु खानेहरुलाई राम्रोसँग थाहा छ कि आगोले पोल्छ तर आगो समाउने साधन (चिन्ता) को अभावमा हातैले आगो समातेर छिटो छिटो चिलममा राखेर हातले कान समात्न जान्छ ।

गौतम बुद्धले भिक्षुहरुलाई बारम्बार सम्बोधन गर्दै भन्नुहुन्थ्यो - 'अञ्ञाहि लाभ्पनिसा, अञ्ञा निब्बान गामिनी' अर्थात लाभ सत्कारको बाटो अर्कै हो, निर्वाणको बाटो अर्कै हो । तर लाभ र दान प्राप्त गर्नुमा भिक्षुहरुको संस्कार नै बनिसक्यो । एक पटक बुद्धजयन्तीको अवसरमा केही भिक्षु गोरखामा कोही धनगढीमा गएका



Downloaded from http://dhamma.digital

थिए । त्यहाँ बुद्धपूजा पछि अरु ठाउँमा जस्तै दक्षिणा दान दिने चलन रहेनछ । त्यसले गर्दा त्यहाँ गएका भिक्षुहरुलाई खल्लो अनुभव भयो रे । एकपटक यस पंक्तिका लेखक म स्वयं पनि पश्चिमी पहाडतिर गुरुङहरुको गाउँमा एउटा कार्यक्रममा गएको थिएँ । त्यहाँ धुमधामसँग स्वागत पनि भयो, बुद्धपूजा पनि भएको थियो  तर दान दक्षिणा चाहिं शुन्य । त्यसबखत म स्वयंलाई नून नपुगेको खाना खाए जस्तो भयो । अनि बुद्धको सन्देश सम्झना आयो 'लाभ सत्कारको बाटो अर्कै हो र निर्वाणको बाटो अर्कै हो ।'

भिक्षुहरुको विहार विहारमा जतिपनि धार्मिक कार्यक्रम भइरहन्छन् त्यसबेला धर्मप्रचार भन्दा लाभ सत्कारलाई प्राथमिकता दिइन्छ भन्नु पर्दा अत्युक्ति हुँदैन होला । पैसा विना काम केही बन्दैन । विहार निर्माण, मर्मत सम्भार, बौद्ध परियति शिक्षा प्रचार प्रसार, देश भ्रमण, विरामी हुँदा औषधोपचार गर्ने आदि कार्यक्रम हुने गर्छ । यी सबैमा प्रमुख लाभ सत्कारको हो । मलाई त फूर्ति नै आउँदैन । अनि दान लिने लोभ लाग्न थाल्छ । महापरित्राण कहिले आउँछ भन्ने चिन्तना आउँछ । अनि कल्पना हुन्छ, खोई निर्वाणमा कहिले पुग्ने हो निर्वाण त मुखमा चर्चा भइरहन्छ काम चाहिं अर्कै हुने गर्छ ।

अर्को बुझ्न गाह्रो बुद्धको कथन छ - निर्वाण लाभ गर्ने इच्छुक व्यक्तिले पुण्य र पाप दुवै नाश गर्नुपर्छ 'बाहित पाप धम्मो' (उदान) किनभने पुण्य गरेपनि त्यसबाट केही आशा गऱ्यो भने उसबाट राम्रो फल भोग्नलाई फेरी जन्म लिने बन्छ । पाप कर्म गरेपनि उसको फल भोग्ने संस्कार रहिरहन्छ । यो साधारण मानिसले बुझ्न सक्ने कुरा होइन । बुद्धको शिक्षा अनुसार निर्वाण लाभ गर्न

व्यक्तिले पुण्य (धर्म) गर्दा कर्तव्य र परोपकार सम्झेर तथा आफ्नो मनमा रहेको क्लेश आदि कुसंस्कार नाश गर्नका लागि कामना गरी पुण्यकर्म गर्ने गरिन्छ । नत्र त आफूले राम्रो काममा पुण्य गरेको फल भोग गर्ने इच्छा भएमा फेरी जन्म लिनुपर्ने संस्कार बस्ने हुन्छ । मतलब निस्वार्थ भावनाले पुण्य गर्नुपर्छ । अनि मात्र निर्वाण मार्गमा पुग्न सकिन्छ । धर्म कर्म गरेबापत फल त राम्रो हुन्छ नै । त्यस्ता धर्मले प्रार्थना वा इच्छा नगरेपनि राम्रो फल भोग गर्न पाउँछ नै ।

एकदिनको कुरा हो - एकजना भिक्षुद्वारा धर्मदेशना भइरहेको ठाउँमा एकजना उपासकले पश्न गऱ्यो - निर्वाण भन्ने अलग ठाउँ छैन र जहाँ सुखपूर्वक पुण्यकर्मको फल भोग गर्न सकिन्छ ।

उपदेशक भिक्षुले उत्तर दिनुभयो - त्यस्तो अलग कुनै ठाउँ छैन ताकि निर्वाण प्राप्त भएपछि फेरी जन्मै लिँदैन । अनि त्यो प्रश्नकर्ता उपासकले भन्यो - त्यसो भए मलाई निर्वाण चाहिँदैन । मैले धर्म गरिरहेको त त्यसको राम्रो फल भोग्नको लागि हो । स्मरणीय छ, त्यो उपासक ३०, ४० वर्षदेखि विहारमा गइकन शील प्रार्थना र दान दिइरहने व्यक्ति हो ।

सबै विहारहरुमा बुद्धपूजापछि प्रार्थना गरिन्छ । 'इदम्मे पुञ्ञं आसवक्खया वहं होतु' अर्थात मैले जुन पुण्यकर्म गरेको छु त्यस पुण्यद्वारा आस्रव क्षेय होस् । आस्रव भनेको मनमा रहेको अनेक प्रकारका लोभ, द्वेष, ईर्ष्या आदि कुसंस्कार हुन् ।

'इदम्मे पुञ्ञं निब्बाणस्स पच्चेयो होतु' - अर्थात मैले जुन पुण्यकर्म गरेको छु त्यो पुण्यद्वारा निर्वाण प्राप्त गर्नार्थ कारण र हेतु बनोस, यसरी भन्छन् तापनि मनले चाहिं मरेपछि स्वर्ग जान पाओस्



Downloaded from http://dhamma.digital

भन्ने कामना गर्छन् । काम चाहिं संसार (भव) चक्रमा घुमिरहने गरिरहेको हुन्छ ।

बुद्धको अर्को एउटा कथन छ जुनकि हामीलाई पच्न गाह्रो छ तर कुरा कटु सत्य हो । त्यो के भने निर्वाण मार्गमा जान चाहने व्यक्तिले अरुले आफूलाई चित्त दुख्ने गरी बोलेको र गरेको कामलाई विर्सिदिनुपर्छ । अर्को चाहिं आफूद्वारा अरुलाई उपकार गरिएको छ भने त्यो पनि विर्सिदिनुपर्छ । उपर्युक्त सबै कुरा सम्भि रहँदा मनमा अशान्ति भैरहन्छ । उक्त बुद्धको उपदेश निर्वाणलाभार्थ साह्रै उपयोगी हुने कुरा हो । तर व्यवहारमा प्रयोग गर्न चाहिं सजिलो छैन । प्रयत्न गरे विर्सन सक्छ तर अस्थायी रुपमा मात्र । विर्सन सके मनमा शान्तिले स्थान लिन्छ । यसबारे मलाई अनुभव भएको छ विर्सिदिने बेला जीउ कपास जस्तो हलुंगो हुन्छ तर त्यो अस्थायी हुन्छ । बोक्सीले दुःख दिने जस्तो अकृतज्ञ अटेरी व्यक्तिको बारम्बार सम्भना भइरहन्छ ।

यदि निर्वाण सुखको इच्छा छ भने मैत्री भावनालाई अभ्यास गर्न र उन्नती गर्न सके त्यस्ताको लागि निर्वाण टाढा हुँदैन । निर्वाण मार्गमा जानको लागि अति आवश्यक छ, शुद्ध मैत्री चित्तको अभ्यास । म चाहिं निर्वाणको बाटोमा टाढा छु किनभने ममा शुद्ध मैत्री छैन र लिने लोभ चेतना जागेर आउँछ । अटेरी र मिचाहा प्रति मैत्री गर्न सजिलो छैन । अर्को चाहिं जति चित्त शुद्ध हुनुपर्ने त्यत्ति शुद्ध हुन सकेको छैन ।

बुद्धको संस्कृति र शिक्षा अनुसार चन्द्रमाको दागतिर ध्यान नदिइकन प्रकाशतिर मात्र ध्यान दिनसके मतलब उसको केही गुण छ भने गुणतिर मात्र ध्यान दिनसके शान्ति मिल्छ । यो अभ्यास र अनुभव गर्नुपर्ने कुरा हो ।

# निर्वाण-कामना



## दिवंगत पिता स्व. शंखलाल मानन्धर
## तथा
## माता स्व. मायावेती मानन्धर

**बुद्धमाया मानन्धर तथा परिवार**

**बनेपा-७**

Downloaded from http://dhamma.digital




शाक्य मुनि विहार, लुम्बिनी

Downloaded from http://dhamma.digital